भदौ १५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक




ऋण नतिरेर बैंकहरूको बिजोग बनाउने डिफल्टरहरूलाई कारबाही गर्ने तयारीमा प्रतिनिधिसभा देखिन्छ ।

# पाता कस्ने तयारी





तेजबहादुर बस्नेत

प्रधानमन्त्री कोइराला तथा अर्थमन्त्री डा. महतका साथमा उद्योग वाणिज्य महासंघका नेताहरू ।

वर्ष ३, अंक १२१, भदौ ९–१५, २०६३




आवरण : प्रतिष्ठित उद्योगपति/व्यापारीहरू विनोद चौधरी, वीरेन्द्र कनौडिया, चण्डिराज ढकाल, विनोदबहादुर श्रेष्ठ र नारायणसिंह पुन । *तस्वीर: भास्वर/तेज*

**आवरण :** अधिकांश ठूला उद्यमीहरू बैंकहरूको ऋण नतिर्ने सूचीमा परेका छन् । उद्यमीहरूको नेतृत्वमा रहेका ठूला नामहरू नै ऋण नतिर्ने सूचीमा आएपछि समग्र उद्यमी व्यापारीहरूलाई हेरिने दृष्टिकोण नकारात्मक बनेको छ भने पुनःस्थापित प्रतिनिधिसभा त्यस्ता उद्यमीलाई कारबाही गर्ने मनस्थितिमा छ । २७

## शिक्षा

उपलब्ध छ, मुलुकमै गुणस्तरीय शिक्षा ४०

## रिपोर्ट

आदिवासीलाई आरक्षमा माछा मार्ने अनुमतिको माग १६

आपत्कालिन स्थितिका लागि अस्पतालहरू तयार छैनन् १७

धर्मयुद्ध थाल्ने शिवसेनाको धम्की १८

कटवालले जनतालाई दिए आश्वासन २०

बेपत्ताको विचल्ली २३

माओवादी ज्यादतीविरुद्ध बाँसगढीमा जनविद्रोह २४

## खेलकुद

विषम परिस्थितिका बीच पनि कोलम्बोमा नेपाली खेलाडीले पदक जितिरहेका छन् ४६



तेजबहादुर बस्नेत

रंग : कर्णदास आफ्नो गायकीलाई समाजसेवा गर्ने मौकाका रूपमा लिन्छन् ५४

| | |
|---|---|
| सम्पादकीय | ५ |
| प्रारम्भ | ७ |
| डाँक | ८ |
| दर्शन | १० |
| टिपोट | १२ |
| मुलुक | १४ |
| साहित्य | ५१ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# तेलको मूल्य र सामान्य ज्ञान

## सम्पादकीय

**पेट्रोलियम** पदार्थको मूल्यवृद्धि र त्यससम्बन्धी निर्णय फिर्ता लिंदा जुन प्रक्रिया सरकारले अपनायो, त्यसले सरकारको अक्षमता मात्र हैन, जनतासँगको दूरी एकातिर र अर्कोतिर तेलसँग जोडिएका सामान्य ज्ञानको सर्वथा अभाव पनि देखिएको छ। तेलको मूल्यवृद्धि नगर्दा सरकार 'डिफल्टर' बन्ने मात्र हैन, भोलि जनताकै ढाड भाँचिन्छ भन्ने कुरा सरकार प्रमुख वा सम्बन्धित मन्त्रीले जनतासमक्ष खुलारुपमा ल्याउन नचाहनु उसको अपराध हो। त्यस्तै अपराध सत्तामा सहभागी दलहरूले गरेका छन्। सत्ताको सुखभोग गरेका दलहरूले गैरजिम्मेवार प्रतिपक्षले जस्तै सस्तो लोकप्रियताको आड लिन खोज्नु के उचित हो ?

डलरसँगको सटही दर निर्धारित गरिने क्रममा नेपाली मुद्रा भारतीय मुद्रासँग समाहित गरिएको छ। अन्तर्राष्ट्रिय बजारबाट डलरमा पेट्रोलियम पदार्थ किनिन्छन् र भारतीय आयल निगम (आइओसी)मार्फत नेपालमा ल्याइन्छ। अहिले भारतमा बेचिने दरभन्दा धेरै कम मूल्यमा नेपालमा ती इन्धन बेचिएका छन्। फलस्वरुप सीमावर्ती नेपाल क्षेत्रबाट ठूलो मात्रामा इन्धनहरू भारतमा बेचिने गर्दा कालोबजारीले प्रश्रय पाएको छ। यसरी भारतमा भन्दा सस्तो हुने गरी तेलमा सहुलियत (सब्सिडी) दिँदा सरकार अझ कंगाल बन्दै गएको छ। अहिले नेपाल आयल निगमले भारतीय आयल निगमलाई करिब ८ अर्ब रुपैयाँ तेल खरिदबापत तिर्न बाँकी नै छ र भारतीय र नेपाली तेल बजारमा मूल्य अन्तर बढ्दै जाँदा यो रकम अझ आकासिँदै जानेछ। भोलि नेपाल सरकारले भारतलाई त्यो रकम तिर्नु पर्ने हुँदा त्यसको बोझ अन्तिमरुपमा जनताकै थाप्लोमा पर्ने निश्चित छ। उता भारतीय बजारसँग मूल्य समायोजन नभए तेल भ्रष्टाचार र सीमा क्षेत्रमा तस्करी बढी नै रहनेछ। निश्चय पनि तत्काल मूल्यवृद्धिले ल्याउने आर्थिक तथा अन्य कठिनाइलाई सामान्य नेपालीले समेत बेवास्ता गर्न मिल्दैन। त्यसैले नै भदौ २ गते भएको मूल्यवृद्धिको विरोधमा राजधानीमा विरोधको डढेलो लागेको थियो। तर, मूल्यवृद्धि गर्दा वा त्यसको ४८ घन्टाभित्र मूल्यवृद्धि निर्णय लिँदा प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीले जनतालाई केही सन्देश दिने कोसिसै नगर्नु संवेदनहीनताको पराकाष्ठा हो।



तेजबहादुर बस्नेत

साथै इन्धन मूल्य यथावत् राख्ने वा वृद्धि गर्ने, सीमा तस्करी जारी राख्ने वा बन्द गर्ने, भारतीय बजारसँग मूल्य समायोजन नगर्दाका परिणामबारे व्यापक आन्तरिक छलफलपछि सत्ताधारी गठबन्धनका दलहरूले पनि आ-आफ्ना निर्णयबारे सरकारलाई मात्र हैन, जनतालाई पनि अवगत गराउनु आवश्यक छ। अव्यवहारिक मौनताले राष्ट्रिय सम्मानमा चोट पुऱ्याउनेछ भने मुलुकलाई डिफल्टर बनाउनु अपराध हुनेछ।

हो, जनतालाई मट्टितेल डिजेल तथा ग्याँस जस्ता उपभोक्ता वस्तुमा सहुलियत दिनुपर्छ सरकारले। तर, तस्करीलाई निरुत्साहित गर्ने तथा राजस्व चुहावट रोक्ने वैकल्पिक उपाय पनि सरकारले खोज्नु पर्छ। तेल वितरणमा सीमितरुपमा निजी क्षेत्रको प्रतिस्पर्धात्मक संलग्नता एउटा प्रारम्भिक सकारात्मक कदम हुन सक्छ। तर, कुनै पनि व्यापार र यस सन्दर्भमा पेट्रोलियम पदार्थमा नेपाल आयल निगमको एकाधिकार समाप्त गर्ने निर्णय पनि त्यो व्यापारसँग जोडिएका मौलिक तथा धरातलीय यथार्थलाई स्विकारेर मात्र अगाडि बढ्न सकिन्छ। त्यो नबुझ्ने वा जनतालाई बुझाउन नसक्ने वा बुझाउने प्रयास नगर्ने सरकार सत्ताका लागि योग्य मान्न सकिँदैन। ■




## समय साता

**भदौ १**

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा दुई कांग्रेसबीचको एकताका लागि खाका प्रस्तुत ।
- राज्यसत्ता परिवर्तन नभई सरकारमा नजाने माओवादी अध्यक्ष प्रचण्डको घोषणा ।
- श्रीलंकामा भएको भिडन्तमा एक सय विद्रोही मारिएको सरकारी दाबी ।

**भदौ २**

- माओवादीले हतियार नछाडेसम्म दलको मान्यता नदिइने प्रधानमन्त्रीको भनाइ ।
- नुवाकोटको सुदूरपूर्वी क्षेत्रको बेतेनीमा फैलिएको अज्ञात रोगबाट चौधजनाको मृत्यु ।

**भदौ ३**

- सरकारद्वारा पेट्रोलियम पदार्थमा व्यापक मूल्य वृद्धि, विरोधमा राजधानीमा भीषण प्रदर्शन ।
- धादिङको डाँडाखर्कमा परेको चट्याङबाट चारजनाको मृत्यु, २६ जना घाइते ।
- सप्तरीको खेतीयोग्य करिब ७० प्रतिशत जग्गामा खडेरी परेको बताउँदै नेपाल किसान संघद्वारा जिल्लालाई खडेरीग्रस्त क्षेत्र घोषणा गर्न माग ।

**भदौ ४**

- सरकारद्वारा पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि चौतर्फी विरोधपछि फिर्ता ।
- प्रधानमन्त्री कोइरालाद्वारा मुलुकको समस्या स्वदेशी प्रयासले मात्र समाधान नहुने भएकाले अन्तर्राष्ट्रिय समुदायको संलग्नता आवश्यक रहेको विचार व्यक्त ।

**भदौ ५**

- सरकार-माओवादीबीच अनौपचारिक वार्ता, माओवादीका छापामारलाई राख्न केही दिनभित्रै स्थान निर्धारण गर्ने सहमति ।

**भदौ ६**

- बैंकबाट कर्जा प्रवाह गर्दा ठगी भएको अभियोगमा घरेलु तथा साना उद्योग विकास बैंकका अध्यक्ष सीताराम प्रसाईलाई पक्राउ गर्न राष्ट्र बैंकको निर्देशन ।

**भदौ ७**

- आममाफीको माग गर्दै झापाको चन्द्रगढीस्थित कारागारमा रहेका बन्दीहरूद्वारा आगजनी ।
- सरकारको आदेश पालना गर्न नेपाली सेना सधैं तयार रहने कावा प्रधानसेनापति रुक्मांगत कटवालको भनाइ ।

**पुरस्कृत** : अमेरिकाको बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनद्वारा नेपालको गैरसरकारी संस्था ग्रामीण शिक्षा र विकास (रिड)लाई १० लाख डलर राशिको एक्सेस टु लर्निङ पुरस्कार प्रदान ।

**निधन** : ९१ वर्षको उमेरमा महान् सहनाही वादक विस्मिल्लाह खानको बनारस, भारतमा निधन । डा. गोपाल शर्मा अन्तर्राष्ट्रिय कानुनमा विद्यावारिधि गर्ने प्रथम नेपाली ।



**आदेश** : तत्कालीन मुख्य सचिव लोकमानसिंह कार्कीलाई राष्ट्रिय योजना आयोगमा सरुवा गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतद्वारा अन्तरिम आदेश ।



**नियुक्ति** : मन्त्रिपरिषद्को निर्णय चौबीस घन्टापछि मात्र खुलासा गरिने पुरानै चलनसहित सूचना तथा सञ्चारमन्त्री दिलेन्द्रप्रसाद बडु सरकारी प्रवक्ता नियुक्त ।





## अराजक आन्दोलन

पेट्रोलियम पदार्थको भाउ बढेको थाहा नपाउनेहरू एकाबिहानै आ–आफ्ना कामतिर हिँडेका थिए, भदौ ३ गते । तर, उनीहरू आन्दोलनका नाममा अराजकता फैलाउनेहरूको चपेटामा परे । धेरै जसो ठाउँमा सवारीसाधनमाथि जथाभावी ढुंगा हानिएको थियो भने, कतिपय ठाउँमा मोटरसाइकलवालासँग 'कि पेट्रोल दे कि पैसा दे' भनेर रक्सी खाने पैसा मागेको समेत देखियो । तस्बीरमा जलिरहेको मोटरसाइकलका धनी 'बिहान थाहा नभएर निक्लिएको हुँ, अब घर जान चाहन्छु, मैलै बिराएँ' भन्दै थिए । तर, रक्सीको नशामा मस्त भएका 'आन्दोलनकारी'ले केही सुनेनन् र शंखमूलको साँघुरो पुल अगाडि मोटरसाइकल जलाएर पैदल यात्रुलाई खोला तर्न बाध्य गराए ।

■ भास्वर ओझा




## पाखण्डको पर्दाफास

'पछि यी विषयहरूसँग सरोकार राख्ने विवरण दुई पक्ष र राष्ट्रसंघ मिलेर एउटा टुंगोमा पुग्ने' भनी सहमति व्यक्त गरेकै रातिदेखि संविधानसभाको निर्वाचन नभएसम्म हतियार र लडाकु नछुट्याइने माओवादी अडान र हतियार-लडाकु अलग नभई अन्तरिम सरकारमा माओवादीलाई सामेल नगरिने सरकारी अभिव्यक्तिलाई दुई पक्षको नियत र इमानदारीमा खोटका रूपमा हेर्न सकिनेछ ।.... (सम्पादकीय, *समय* वर्ष ३, अंक १२०)ले साह्रै चित्त छोयो । हाम्रा नेताहरूको समस्या नै यही हो, मुखमा राम राम बगलीमा छुरा अनि त्यस्ता नेताका भरमा हामी आम जनता कसरी ढुक्क हुने होला ?

थरिथरि दलका कुरा, पूर्व पञ्चेका भाषण र राजाका आश्वासनबाट आजित भएर आमजनता सडकमा ओर्लिएका थिए । सडकबाटै सात दल र माओवादी मिल भन्ने सन्देश पनि दिएका थिए । तर, आज के भएको छ ? जनतालाई झुक्याउने काम । *समय*ले यस्ता पाखण्डपूर्ण व्यवहारको पर्दाफास गरिरहोस् । शुभकामना ।

■ **विनोद गौतम**
नक्साल-१, काठमाडौं

## कस्तो नीति ?

इलाममा माओवादीले गरेको ज्यादती (माओवादी आतंक, उस्तै छ सास्ती) *समय* वर्ष ३, अंक १२०)को रिपोर्ट पढ्दा माओवादीप्रति आमजनताले 'यिनीहरू कहिल्यै सुध्रिदैनन्' भन्दै गरेको शंका सत्य हो भन्ने संकेत गऱ्यो । आमजनताका अगाडि आमूल परिवर्तनकारीका रुपमा देखिए पनि गाउँमा पीडितहरूका अगाडि अधिकांश माओवादीको छवि पीडकको छ । यसको मूल कारण के हो भने, उनीहरू आफूलाई मन नपर्ने, आफूले भनेको नमान्ने र स्वतन्त्र चिन्तनका साथ बस्न रुचाउने सबैलाई दुस्मन ठान्छन् र अनेकन बहानामा त्यस्ता व्यक्ति, नभए उसको परिवार वा उसको सम्पत्तिमा आक्रमण गर्छन् । गाउँमा माओवादीको यो नीति हिजो पनि थियो र इलामजस्ता घटनाले आज पनि जारी छ भन्ने देखाएको छ । केन्द्रमा एउटा कुरा भन्ने र गाउँस्तरमा अर्को काम गर्ने नीति त छैन कतै माओवादीको ? होइन भने माओवादीको केन्द्रीय नेतृत्व आफ्नो नीतिअनुसार आफ्ना कार्यकर्तालाई चलाउन किन सक्दैन ?

■ **गोविन्द अधिकारी**
नयाँबजार, काठमाडौं

## यो कस्तो राजनीति ?

एमालेको माओवादी पछार्ने तयारी (*समय* वर्ष ३, अंक १२०) पढ्दा धेरै कुरा मनमा खड्कियो । यी दुई पार्टी एउटै चौतारीमा कहिल्यै बस्न सक्दैनन् । यो कुरा सबैलाई थाहा छँदै छ । तैपनि, धेरै जनताले आशालाग्दो नजरले हेरेका यी दुई पार्टी नै हुन् । जनताको मनोकांक्षा बुझेर यी दुवै पार्टी शान्तिप्रति बढी उत्तरदायी बने यो मुलुकको कल्याण हुने थियो । एमाले पनि यही तालमा अगाडि बढ्ने र माओवादीले पनि एमाले पछार्ने नीतिमा लाग्ने हो भने मुलुकमा कहिल्यै शान्ति आउनेछैन । वास्तवमा एमाले र माओवादी दुवै पार्टीले खुला राजनीति र स्वच्छ प्रतिस्पर्धामा आउनु पर्छ । यदि त्यस्तो लोकतान्त्रिक बाटोमा हिँड्दा आफ्नो अस्तित्व बच्न सक्दैन भन्ने लाग्छ भने नेतृत्वले आफ्नो जिम्मेवारी युवापुस्ताको काँधमा हालिदिए हुन्छ ।

■ **कृष्ण न्यौपाने**
बनेपा, काभ्रे
हाल- आरआर क्याम्पस, प्रदर्शनीमार्ग

## खै बुझेको एमालेले ?

*समय* (वर्ष ३, अंक १२०)मा छापिएको एमालेको माओवादी पछार्ने तयारी पढ्दा एमालेलाई केही सुझाव दिन मन लाग्यो । के माओवादी पछारेर एमालेले सोचेको सफलता पाउन सक्छ ? पक्कै सम्भव छैन । उसो भए एमालेमा किन माओवादीप्रति यति साह्रो विरोध ? पक्कै पनि यी दुई पार्टी एउटै छानामुनि बस्न सक्दैनन् । तर, एमालेले के बुझ्न जरुरी छ भने माओवादीको अस्तित्वलाई नस्विकार्ने हो भने एमालेको अस्तित्व खतरामा पर्न सक्छ । त्यसैले एमालेलाई बेलैमा बुद्धि आओस् ।

■ **राजबाबु सिलवाल**
टेकु, काठमाडौं

## हाइकु

चुनावी नीति
मुख्य घोषणा पत्र
हात्तीका दाँत

देशको विकास
डाँकाको संरक्षण
वनको आगो

आफ्नो विजय
विरोधीको अबीर
सर्पको विष

नेताको बोली
त्यो सर्पको काँचुली
छेपारोको रङ

आदर्श नेता
बकुल्लाको तपस्या
तलाउ छेउ

■ बेनाम, काठमाडौं

## माओवादीको कस्तो चाला हो ?

*समय* (वर्ष ३, अंक १२०)मा छापिएको बेपत्ता र विस्थापनसम्बन्धी रिपोर्ट पढ्दा हामी सहमतिका बुँदा र मानवअधिकारप्रति सचेत छौं भनेर सुगा रटाइ गरिरहने माओवादी पक्षलाई प्रश्न सोध्न मन लाग्यो– के माओवादीको नीति आफ्नो शरीरमा हात्ती हिँडेको नदेख्ने र अर्काको शरीरमा जुम्रा हिँडेको पनि देख्न हो ? होइन भने खै त ऊ आफैं मानवअधिकारका बारेमा संवेदनशील भएको ?

■ **अमर बैरागी**
बानेश्वर, काठमाडौं



**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

मिथिला प्रदेशका ब्रह्मऋषि अष्टावक्रको ३०८ श्लोकको अष्टावक्र संहिता जसलाई अध्यात्मको अन्तिम किताब र सत्यको शुद्धतम अभिव्यक्ति हो भन्न सकिन्छ, त्योचाहिँ लोकप्रिय हुनसकेन । आदि शंकराचार्य, निम्बार्काचार्य, रामानुजाचार्य, बल्लभाचार्य, अरविन्द, राधाकृष्णनन् जस्ता विद्वानहरू जसले गीतामाथि ठूल्ठूला टीका लेखेका छन् उनीहरूले पनि अष्टावक्र संहिताको चर्चासम्म गरेनन् ।

# सत्यको शुद्धतम अभिव्यक्ति



■ स्वामी आनन्द अरुण

**कुरुक्षेत्रको मैदानमा** मोह, शोक र भयग्रस्त अर्जुनलाई श्रीकृष्णले सम्झाउँदा सात सय श्लोक पैदा भए । पछि गएर त्यी श्लोकहरू हिन्दुका सर्वमान्य सर्वप्रिय ग्रन्थ भगवत् गीता बन्न गयो । हिन्दुमा कस्तोसम्म मान्यता छ भने जसले उपनिषद्, भगवत् गीता र ब्रह्म सूत्रको भाष्य गर्छ, ऊ मात्रै पूर्ण ज्ञानी हुन्छ । यसमा पनि हिन्दुका सबै मतमतान्तर मान्नेले आ-आफ्नो आशय गीतामा खोजेको पाइन्छ । श्रीकृष्ण एक कुशल राजनीतिज्ञ पनि हुन् । राजनेताले समाज र भीडको सबैभन्दा बढी चिन्ता गर्छ र उसको स्वभाव नै लोकप्रिय बन्ने खालको हुन्छ । त्यसकारण कृष्णका गीता दर्शन पनि कति लोकप्रिय भयो भने हिन्दुका सबै सम्प्रदायले आ-आफ्ना अर्थ त्यसमा भेटाए ।

यता मिथिला प्रदेशका ब्रह्मऋषि अष्टावक्रको ३०८ श्लोकको अष्टावक्र संहिता जसलाई अध्यात्मको अन्तिम किताब र सत्यको शुद्धतम अभिव्यक्ति हो भन्न सकिन्छ, त्योचाहिँ लोकप्रिय हुनसकेन । आदि शंकराचार्य, निम्बार्काचार्य, रामानुजाचार्य, बल्लभाचार्य, अरविन्द, राधाकृष्णनन् जस्ता विद्वानहरू जसले गीतामाथि ठूल्ठूला टीका लेखेका छन् उनीहरूले पनि अष्टावक्र संहिताको चर्चासम्म गरेनन् ।

पतञ्जलीको अष्टांग योग यम, नियम, आसन, प्रणायाम, प्रत्याहार, ध्यान, धारणा हुँदै समाधिमा गएर टुंगिन्छ । बुद्ध पनि अष्टांगिक मार्गको आठौं चरणमा अन्तमा गएर सम्यक् समाधिको चर्चा गर्छन् । तर, अष्टावक्र संहिताको प्रारम्भ नै मोक्ष र समाधिको जिज्ञासाबाट हुन्छ । जनकले सोधेका तीन प्रश्न - ज्ञान, मुक्ति र वैराग्य कसरी प्राप्त हुन्छ ? - यी साधना जगत्का अन्तिम प्रश्नहरू हुन् । यसपछि सोध्नलाई केही बाँकी नै रहँदैन । योभन्दा गहिरो प्रश्न आजसम्म कुनै शिष्यले सोध्न सकेको पनि छैन । जनकका गहन प्रश्नका उत्तर पनि अष्टावक्रले उत्तिकै सरल तर गहकिलो रुपमा दिन्छन् । अष्टावक्रको पहिलो जवाफ नै यस्तो छः

*'मुक्तिमिच्छसि चेत्तात विषयान् विषवत् त्यज ।*
*क्षमार्ज्जवदयातोषं सत्यं पियूषवद् भज ॥'*

'यदि तिमी मुक्ति चाहन्छौ भने विषयहरूलाई विष समान सम्झेर त्यागिदेऊ र क्षमा, आर्जव (सरलता), दया, सन्तोष र सत्यलाई अमृत समान सेवन गर ।'

अष्टावक्र भन्छन्, 'कामनामा रस समाप्त हुनु नै मोक्ष हो । जबसम्म कामनामा रस आउँछ तबसम्म संसार रहिरहन्छ । संसारमा हुनु, कर्म गर्नु, संसारलाई भोग गर्नु बन्धन होइन । तर, यसमा आसक्त हुनु बन्धन हो । अनासक्ति र साक्षी नै मुक्ति हो ।' यही मोक्ष विज्ञानको सार हो । यहाँ तीन गहन प्रश्नका उत्तर पनि माथिका तीन वाक्यमै पूरा हुन्छ ।

अष्टावक्र अगाडि भन्छन्, 'तिमी पंचतत्त्वले बनेको शरीर होइनौ, यसमा व्याप्त चैतन्य हौ । यदि तिमीले आफूलाई म शरीर हुँ भन्ने भ्रम त्यागी आफ्नो चेतनालाई अनुभव गर्न सक्यौ भने अहिले र यसै क्षण तिमी सुखी, शान्त र बन्धनमुक्त हुन्छौ । धर्म र अधर्म, सुख र दुःख मनका खेल हुन् । तिम्रो निर्दोष स्वभावमा यसले केही फरक पार्दैन । किनभने न तिमी कर्ता हौ न त भोक्ता । मात्र जे भइराखेको छ त्यसको साक्षी हौ । तिमी स्वयं प्रकाशित छौ, निर्दोष छौ र सर्वदा मुक्त छौ । तर, त्यही मुक्ति प्राप्त गर्नका लागि तिमी यति प्रयास गर्छौ त्यही प्रयास नै तिम्रो बन्धन हो ।' हो कृष्णमूर्ति र रमण महर्षि भने यही शिक्षणका नवीनतम संस्करण हुन् ।

अष्टावक्रका यी वचन सुन्नासाथ जनकको भ्रम टुट्यो र उनलाई आत्मज्ञान प्राप्त भयो । उनले आश्चर्य गर्दै भने, 'हे प्रभो ! यति सानो कुरा मैले यति जन्मसम्म किन अनुभव गर्न सकिनँ ? तपाईंका उपदेशमात्रले मलाई यो बोध भयो । म सुखदुःखबाट पार सधैं निश्चल, निरञ्जन चैतन्य मात्र हुँ ।'

गीता अर्जुन र श्रीकृष्णबीचको संवाद कम, विवाद बढी हो । यसमा कृष्ण एक तर्कले सम्झाउने प्रयास गर्छन् । तर, अर्जुन अर्के तर्क र प्रश्न खडा गर्दै जान्छन् । ज्ञानगुनका जति कुरा सिकाए पनि कृष्ण र अर्जुनबीच संवादको कुनै निष्पत्ति देखिँदैन । केही सीप नलागेपछि कृष्णले आफ्नो तर्क र विचार छोडी आफ्नो शक्ति देखाउन बाध्य हुनुपर्छ । 'हेर, म नै परमात्मा हुँ । म नै यो चराचरको स्रोत हुँ' भन्दै अर्जुनलाई कृष्णले योगशक्तिद्वारा आफ्नो विराटरुप देखाए पनि अर्जुनको मनमा पुनःपुनः नयाँ संशयले जन्म लिन्छ । अन्त्यमा श्रीकृष्णले ब्रह्मास्त्र छोडछन्, 'ल अब सबै तर्क छोड, सबै धर्म छोड, मेरै शरणमा आऊ । म जे भन्छु त्यो गर, म तिमीलाई सबै पापबाट मुक्त गरिदिन्छु, न डराऊ ।' श्रीकृष्णको यस्तो उद्घोषमा गएर गीता टुंगिन्छ ।

तर अष्टावक्र संहिता अद्भुत छ । यसमा अष्टावक्रले यति कठिन प्रयास गर्नु पर्दैन । अष्टावक्रको पहिलो वाक्यमै जनकले ज्ञान प्राप्त गर्छन्, मुक्त र तृप्त हुन्छन् । त्यसपछिका सूत्रहरू त गुरु शिष्यको बीचमा अनुभवको समर्थन, मुक्ति र मुक्तपुरुषका लक्षण र स्वभावको वर्णन मात्र हो । यसमा अष्टावक्र र जनकको कुनै विवाद छैन, दुई मुक्त पुरुषका बीचको संवाद मात्रै हो ।

जनमानसका बीच अष्टावक्र संहिता प्रचलित र लोकप्रिय न हुनुको कारण पनि अष्टावक्रले संहिताको पन्ध्रौं प्रकरणको पहिलो तीन श्लोकमा भनेका छन् । अष्टावक्र भन्छन्, 'सत्य बुद्धिवाला पुरुष थोरै उपदेशले तृप्त हुन्छ । तर, जसको बुद्धि शुद्ध छैन ऊ आजीवन जिज्ञासा उठाइरहन्छ । तर, उसको मोह कहिल्यै शान्त हुँदैन ।'

भोगमा आसक्त व्यक्ति बुद्धिमान, कर्मठ र धेरै बोल्ने इच्छा भएको हुन्छ । तर, आत्मज्ञान भएपछि त्यही कर्मठतालाई पनि वैराग्यले घेर्छ । किनभने उसको सारा शक्ति अन्तर्चेतनातिर वहन थाल्छ, बाहिर जान मान्दैन । ऊ अब मौन हुन्छ । त्यसकारण जसलाई अहिले विषयमा गहन आसक्ति छ, जो पण्डित र अति महत्त्वाकांक्षी छ, यस्तो व्यक्तिका लागि संन्यास, मुक्ति र वैराग्यको उपदेश काम लाग्दैन र दिनु पनि हुँदैन ।' अष्टावक्र भन्छन्, 'मेरो उपदेश त यस्तो व्यक्तिलाई हो, जसले भोगको व्यर्थता देखिसकेको छ । संसारको लोभलाग्दो तर अनन्त कटु अनुभवबाट गुज्रिसकेको छ, जो संसारबाट विरक्तिन थालेको छ, उसले मात्र मेरो उपदेशहरू सुन्न, बुझ्न र पचाउन सक्छ ।'

यस्ता व्यक्तिहरू संसारमा कमै हुन्छन् । त्यसकारणले अष्टावक्र संहिता गीता जस्तो लोकप्रिय हुनसकेन र भविष्यमा पनि हुने संकेत देखिँदैन । हाम्रो समयमा ओशोले अष्टावक्रका सूत्रहरूमाथि अढाई हजार पृष्ठको सरल र सहज व्याख्या गरी यस वैराग्य संहितालाई महागीताको नाम दिएका छन् । नेपालमै जन्मिएका अष्टावक्रको यस अमर र दुर्लभ ग्रन्थको महत्त्व र गरिमा पुनःस्थापित गरिदिएका छन् । ■

osho@tapoban.com

# व्याख्यान कक्षाकी सुन्दरी

■ मनोज दाहाल

**लौ, यसले त** मेरो मुहार-चित्र पो उतारिरहेकी छे।

मलाईजस्तै यसलाई पनि साइबर-संसारबारे जान्न उत्ति मन पर्दैन जस्तो छ। नत्र वक्ताले बोलेको ध्यानपूर्वक सुन्न छोडेर किन यो घरि-घरि मतिर हेर्दै छे।

के हो यसको हातमा ? यो त पेन्सिलजस्तो पो छ। व्याख्यान कक्षमा लगाइएको एसीको हावाले उसका कपाल फरफर उडिरहेका छन्। चम्किला कपालमा यसले भरखरै मेहन्दी लगाएको हुनुपर्छ। हिजोमात्र लगाएको हो कि ! उसको सेतो कुर्ता-सलवार व्याख्यानकक्षको बिजुलीबत्तीले अझ सालीन देखिएको छ। ओठ राता छन्, लिपिस्टिक नलगाएरै। मिलेका नाक, निधार, मुख। हिन्दी सिनेमा 'परिनिता' कि सौम्य र सुन्दरी नायिका विद्या बलानजस्ती पो छे यो युवती त ! कति वर्षकी होली ? २२ ? होइन, यो २० वर्षकी हुनुपर्छ। बढी नै भए २१ !

लौ, यो त बेला बेला हाँस्दै पनि पो छे। आफ्नै धर्काहरू हेरेर हाँसेकी हो यो ? कि मलाई देखेर ? ममा त्यस्तो के छ र हाँस्नुपर्ने ? म गम्भीर भएको छु। विद्या बलान मप्रति आकर्षित भएको महसुस गरेर मलाई लाज लागेको छ। मेरो मुटु ढुकढुक गरिरहेको छ। साइबर-संसार मेरो विषय होइन। यसमा चाख राख्नुपर्ने कुनै कारण देख्दिनँ म। तर, आज मलाई साइबर-संसारको यो व्याख्यान नसकियोस्जस्तो लागिरहेको छ। के हो यो ? म पनि यो केटीप्रति आकर्षित भइरहेको छु ? किन म डर मिश्रित लज्जामा बसिरहन चाहेको छु ?

साइबर-संसारबारे दुई घन्टादेखि बोलिरहेको वक्ताको नाम मलाई थाहा छैन। थाहा हुनु जरुरी पनि ठानेको छैन मैले। साइबर-संसारबारे बोलिरहेको वक्ता मेरो उत्सुकताको विषय होइन। यसबाहेकै असीमित उत्सुकताहरू छन् मभित्र। अहिले यो युवती, होइन यसका व्यवहार, मेरो उत्सुकताका कारण बनिरहेका छन्। किन छेउकै साथीसँग बेपरवाह देखिइरहेकी छे यो र पटकपटक मलाई हेरिरहेकी छे ? व्याख्यानकक्षमा बसेर कसैको मुहार-चित्र बनाइरहेकी युवतीले जो कोहीलाई आकर्षित गर्न सक्छे। त्यसमा पनि अहिले त यो मेरै मुहार-चित्र उतारिरहेकी छे। स्वभाविकै, अहिले ऊ मेरा लागि उत्सुकताको विषय बनेकी छे।

एक घन्टादेखि म व्यस्त छु। होइन, मेरो मन व्यस्त छ। नजिकै को साथी बसेको छ भन्ने मैले बिर्सेको छु। मानौं, मैले अशोक रामस्वरूपलाई चिनेकै छैन। विद्याले मेरो कस्तो चित्र बनाइरहेकी होली भनेर मेरो मन तुल्बुलिएको छ। म उसको कला हेर्न चाहन्छु, ममाथि उसले सिर्जना गरेको कला। यसको कला-पात्र बन्दा मेरो मन छट्पटिएको छ। जसरी भए पनि मैले मेरो चित्र हेर्नै पर्छ। उसको सिर्जना भए पनि त्यो मेरो चित्र हो। के मलाई मेरो चित्र हेर्ने हक हुँदैन ? के मोनालिसाले भिन्चीको सिर्जना हेर्न सक्दैनथी ?

आम्मै ! मैले कसरी यो सुन्दरीसँग बोल्नु ? के भनेर मैले योसँग मेरो चित्र माग्नु ? तिमीले बनाएको मेरो चित्र एकपटक हेर्न मिल्छ भन्नु ? नाइँनाइँ, म सक्दिनँ। यो मनोदशामा म कसरी विद्यासँग कुरा गर्न सक्छु ?

तर, मलाई जसरी भए पनि यसको सिर्जना हेर्नैछ। म यहाँ साइबर-संसारबारे व्याख्यान सुन्न बसिरहेको छैन। यसले मेरो मन आकर्षित नगरेकी भए म उहिल्यै व्याख्यान कक्षबाट बाहिरिसकेको हुन्थेँ। यो गर्मीमा सयौं मान्छेहरूको भीडमा बसेर वक्ताको विद्वताको सिकार बन्न मलाई स्वीकार हुनै सक्दैनथ्यो। गर्मी सम्झेर जीउ तातेको अनुभव भएको छ। उफ् !! एसी चलिरहेको छैन ? होइन, नत्र कसरी अशोक यति मग्नपूर्वक साइबर-संसारमा डुबिरहेको हुन्थ्यो ! पाँच मिटर पर्तिर बसेकी विद्या शान्त देखिएकी छे। उसका कपाल उसैगरी उडिरहेका छन्।

वक्ताले भखरै आफ्नो व्याख्यान सकेको छ। म अढाई घन्टादेखि व्याख्यान कक्षमा बसेको छु भन्ने पत्यार लागिरहेको छैन। अब प्रश्नोत्तर सत्र सुरु भएको छ। मेरो मनमा छट्पटी बढेको छ। विद्या मभन्दा निकै टाढा बसेकी छे। प्रश्नोत्तर सकिएपछि ऊ स्वाट्ट ढोकाबाट बाहिरिन सक्छे र भीडमा अलप हुन सक्छे। म भीडलाई छिचोलेर ऊसँगै ढोकाबाट बाहिर निस्कन सक्दिनँ।

के म विद्यालाई 'चिट' पास गरौं ? यो सम्झेर मात्र म अत्तासिएको छु। के लेखेर उसलाई 'चिट' पास गरौं म ? मसँग कुनै शब्दहरू छैनन्। के मसँग कुनै भाषा छैन ? भरखरै उसले तन्मयता तोडेकी छे। सायद चित्र बनाइसकी होली ! हे भगवान् ! कागज थन्क्याएर यो मतिरै हेरिरहेकी छे। यत्रोबेर चलाएको पेन्सिल अब मुखमा खेलाउन थाली। उसले हेरिरहेकै बेला म मुस्काऊँ ?

कृपया अन्तिम प्रश्न ! ह्या, प्रश्नोत्तर सत्र पनि सकिन लागेको हो ? एउटा लामो प्रश्न कसैले सोधिदेओस् जस्तो लागिरहेको छ। सबैजना थाकेका देखिन्छन्। विद्या अचानक उठेकी छे। मेरो ढुकढुकी बढेको छ। के अशोकलाई मेरो असामान्यता महसुस भएको छ ? सबैजना जऱ्याकजुरुक उठेका छन्। म उठ्न सकिरहेको छैन। के भइरहेको छ मलाई ? बलैले म उठेको छु, अशोक मलाई नै हेरिरहेको छ। सबैतिर टाउकै-टाउकोमात्र देखिरहेको छु।

विद्याले मेरो कस्तो चित्र बनाइरहेकी होली भनेर मेरो मन तुल्बुलिएको छ। म उसको कला हेर्न चाहन्छु, ममाथि उसले सिर्जना गरेको कला।



## कार्डबाट रेमिट्यान्स



युनियन मनी ट्रान्सफर कम्पनी लिमिटेड (युएमटिसिएल)ले साउन १८ गतेदेखि भिसा ब्रान्डको प्लास्टिक कार्डबाट नेपालमा विप्रेषण सुरु गरेको छ। युएमटिसिएलले मुलुकबाहिर जाने नेपालीलाई र पहिलेदेखि नेपालबाहिर काम गरिरहेका गैर-आवासीय नेपालीलाई स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड (एससिबिएनएल)को भिसा इलेक्ट्रोन कार्ड निष्काशन गर्नेछ।

उक्त कार्डको औपचारिक सुरुवात समारोहमा कम्पनीका अध्यक्ष सुरेन्द्र मल्लले अद्यावधिक प्रविधि प्रयोग गरी नेपालमा विप्रेषण सेवाको धारणाको विकास गर्न रकम पठाउने तथा प्राप्त गर्ने दुवै पक्षले भिसा इलेक्ट्रोनको प्रयोग गर्न पाउने बताएका छन्। कम्पनीले आफ्नो यो सेवा कतारबाट थालनी गरी संयुक्त अरब इमिरेट्स, मलेसिया, साउदी अरब, अमेरिका, भारतजस्ता मुलुकमा पनि विस्तार गर्ने बताएको छ।

उक्त समारोहका बीच मल्ल तथा एससिबिएनएलका अनिरुद्ध बोसले संयुक्त रुपमा कतारका लागि प्रस्थान गर्न लागेका नेपाली आप्रवासीलाई पहिलो भिसा इलेक्ट्रोन कार्ड हस्तान्तरण गरेका थिए।

## हतियार बने विद्यार्थी

राज्यद्वारा बेपत्ता पारिएका नागरिकको स्थिति सार्वजनिक गर्नु पर्ने माग राख्दै अखिल (क्रान्तिकारी)ले भदौ ६ गते आयोजना गरेको सैनिक मुख्यालय घेराउ कार्यक्रममा शक्तिप्रदर्शनका लागि विद्यार्थी प्रयोग गरिएको छ। राजधानीका विभिन्न निजी, सरकारी मावि तथा उच्चमाविबाट करिब १० हजारजतिको संख्यामा विद्यार्थीहरू उक्त कार्यक्रममा जबरजस्ती सहभागी गराइएको बताइएको छ। सरकारी विद्यालयका विद्यार्थीको लागि क्रान्तिकारीले रत्नपार्कसम्म आउन यातायातको व्यवस्था मिलाएको थियो भने निजी विद्यालयले भने आफ्नै स्कुल बसमा विद्यार्थी ल्याएर कार्यक्रममा सामेल गराएका थिए।

राजधानीका अस्कल, सरस्वती, त्रिवि, मानविकी, कानुन, विश्वभाषा, मीनभवनलगायत क्याम्पसका अखिल (क्रान्तिकारी)का कार्यकर्ताले स्कुल स्कुलमा गएर विद्यार्थीलाई कार्यक्रममा जानै पर्ने उर्दी जारी गरेको विद्यार्थीले बताएका छन्। दरबार हाइस्कुलमा कक्षा दसमा अध्ययनरत एक विद्यार्थी भन्छन्, 'अस्कल क्याम्पसबाट ५-६ जना विद्यार्थीहरू आएर तिमीहरूका दाइदिदीहरूलाई सरकारले बेपत्ता पारेको छ, खोजीको लागि दबाब दिन अनिवार्यरुपमा जानु पर्छ भनेपछि मन नलागीकन पनि सबै विद्यार्थी जुलुसमा सामेल भए।' चर्को घाममा भद्रकालीको सडकमा घन्टौंसम्म घेराउमा सहभागीहरूको हुलमा कलिला विद्यार्थीको बाहुल्य रहेको देखिन्थ्यो।

कुनै पनि संघसंगठनले १२ वर्ष उमेरसम्मका विद्यार्थीलाई जुलुस, आमसभा लगायत कुनै कार्यक्रममा सहभागी गराइनु उचित नहुने नेपाल राष्ट्रिय अभिभावक संघका महासचिव वामदेव गौतम बताउँछन्। महासचिव गौतम भन्छन्, 'माध्यमिक तहमा पढ्ने विद्यार्थीलाई अभिभावकको सल्लाहविना कार्यक्रममा सामेल गराउनु हुँदैन।' नेपाल राष्ट्रिय अभिभावक संघका अनुसार अखिल (क्रान्तिकारी)ले यसपटक घेराउ कार्यक्रममा अभिभावकको सरसल्लाहविना विद्यार्थीलाई सहभागी गराएको हो। निजी विद्यालयको संगठन प्याब्सनसँग पनि विद्यार्थीको सहभागिताबारे केही सल्लाह नभएको जनाइएको छ। अखिल क्रान्तिकारीका अध्यक्ष लेखनाथ न्यौपाने हरेक विद्यालयमा आफ्नो संगठन क्रियाशील रहेकाले स्वस्फूर्तरुपमा कार्यक्रममा आएका विद्यार्थीलाई जबरजस्ती ल्याएको भन्न नमिल्ने बताउँछन्। उनी भन्छन्,




पेप्सोडेन्ट
प्रस्तुत गर्दछ
Ask the Dentist




दाँत र मुख सम्बन्धी जिज्ञासाको समाधान, साथमा पुरस्कारहरु पनि !

तपाईंसँग दाँत र मुख सम्बन्धी कुनै जिज्ञासा वा समस्या भएमा **www.pepsodentcare.com** मा ***log in*** गर्नुहोस् अनि ***ask the dentist*** सेक्सनमा जानुहोस् जहाँ हाम्रो दन्त बिशेषज्ञबाट यहाँको जिज्ञासा वा समस्याको समाधान गर्नुहुनेछ ।

हरेक हप्ता लक्की ड्र द्वारा २ इ-मेलहरु छानिनेछन् र विजेताहरुलाई ***नि:शुल्क दन्त परिक्षण*** गर्नुको साथै **उपहार** प्रदान गरिनेछ । विजेताहरुको नाम सहित उहाँहरुको जिज्ञासा र समस्याको उत्तर हरेक मंगलवार **द हिमालयन टाइम्स**मा प्रकाशित गरिनेछ ।

शर्त लागू हुनेछ ।

किटाणूसँग लडिरहन्छ, दाँत बलियो बनाउँछ ।


अतिरिक्त जानकारी www.pepsodentcare.com मा उपलब्ध छ ।


तेजबहादुर बस्नेत

'विद्यार्थीहरू खुसीका साथ झन्डा बोकेर कार्यक्रममा आएका हुन्, जबरजस्ती आएका हुन् भन्ने आरोप पूर्वाग्रही छ ।'

विद्यालय तहदेखि नै विद्याथीलाई सक्रिय राजनीतिमा सामेल गरिनु पर्छ भन्ने क्रान्तिकारीको तर्कसँग धेरैको विमति छ । विद्यालय तहमा पढ्ने विद्यार्थीमा राजनीतिक चेतनाको विकास भइसकेको नहुने हुँदा उनीहरूलाई प्रत्यक्षरुपमा राजनीतिक संलग्न गरिनु जायज नहुने विचार छ, नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारी । उनी भन्छन्, 'कुनै विषयको बारेमा विश्लेषण गर्ने क्षमताको विकास नभएको अवस्थामा कुनै पनि संगठनले विद्यार्थीमा जबरजस्ती राजनीतिक सिद्धान्त थोपर्नु उचित होइन ।'

विगत विभिन्न राजनीतिक दल र दरवारले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शक्ति प्रदर्शनको स्रोतको रूपमा प्रयोग नगरेका होइनन् । झन् पञ्चायतकालमा त राजारानीको जन्मदिनमा नाराजुलुससहित अनिवार्यरुपमा विद्यार्थी हाजिर हुनु पर्थ्यो । माघ १९ को कदमपछि राजा ज्ञानेन्द्रको काठमाडौंदेखि ललितपुरसम्मको पैदल यात्रा गर्ने सनकी निर्णयलाई सफल पार्न विद्यालयमा अध्ययनरत साना नानीहरूलाई स्वागत गर्नको लागि घन्टौंसम्म उभ्याइएको थियो । यसरी उभिँदा उभिँदै दर्जनभन्दा बढी विद्यार्थी ढलेर बेहोस भएका थिए । संगठनको सामर्थ्य देखाउने नाममा क्रान्तिकारी पनि त्यहीँ बाटोतर्फ उन्मुख भएको विश्लेषण गर्नेहरू धेरै छन् । सिविनका तारक धिताल कुनै पनि पक्षले विद्यार्थीलाई इच्छाविपरीत जुलुस र धर्नामा सामेल गरिनुलाई बालअधिकार हननको रुपमा लिनुपर्ने विचार राख्छन् ।






# जंगली तेल अलपत्र

दीपक ज्ञवाली



पाल्पाको दोभानको जडिबुटी प्रशोधन उद्योग

**स्थानीय जंगलमा** पाइने जडिबुटी प्रशोधन गरेर उत्पादन गरिएको आयुर्वेदिक तेल बजार नपाएर अलपत्र परेको छ।

पाल्पा जिल्लाको दोभान गाविस-५ झुम्सामा स्थापित जडिबुटी प्रशोधन उद्योगबाट उत्पादित वस्तुले बजार नपाएपछि त्यस्तो अवस्था उत्पन्न भएको हो। निजी क्षेत्रबाट ४ वर्षअघि स्थापित उद्योगमा स्थानीय जंगलमा पाइने दालचिनी (तेजपात), तितेपाती र कागती घाँस (लेमन ग्रास) प्रशोधन गरेर तेल उत्पादन गरिँदै आएको छ। तर, बजार नपाएपछि उत्पादित वस्तु त्यत्तिकै सडिरहेको छ।

प्रशोधन उद्योग व्यवस्थापक हुमनाथ तिमिल्सनाका अनुसार उद्योग स्थापनाको पहिलो वर्ष २०५९ सालमा १ सय ८२ लिटर दालचिनीको तेल उत्पादन गरिएको थियो। तर, हालसम्म ९० लिटर मात्र बिक्री भएको छ। सो तेलको उत्पादन लागत प्रतिलिटर ३ हजार ५ सय ५० रुपैयाँ परेको उनको भनाइ छ। 'हामीले यसको उपयोगिताबारे राम्रो ज्ञान हासिल नगरी उद्योग स्थापना गर्नाले पनि समस्या भोग्नु पर्‍यो', उनले भने।

दालचिनीको तेलले बजार नपाएर ०६० सालदेखि तितेपातीको तेल उत्पादन गर्न थालेको उद्योगले यसबाट भने केही राहत महसुस गरेको छ। व्यवस्थापक तिमिल्सनाका अनुसार तितेपानीको तेल भने राम्रो बिक्री भएको छ। सो तेल बुटवल, भैरहवा, काठमाडौंलगायतका ठाउँमा खपत भएको तिमिल्सना बताउँछन्।

यस किसिमका तेल खास गरी आयुर्वेदिक उपचारमा प्रयोग हुन्छ। लुम्बिनी अञ्चल आयुर्वेद औषधालय बुटवलका प्रमुख डा. नगेन्द्रप्रसाद मिश्रले स्थानीय जंगलमा पाइने जडिबुटीको महत्त्व बुझ्न नसक्दा यस्ता उत्पादनले बजार पाउन नसकेको बताउँछन्।

पाल्पाको दोभान, मस्याम, गोठादी, कोलडाँडा र तानसेन इलाकामा दालचिनी र तितेपाती प्रशस्त मात्रामा पाइने भएकाले यसको उपयोग गर्ने उद्देश्यले ०५९ सालमा यसको स्थापना गरिएको थियो।

उद्योग संचालन जडिबुटी संरक्षण तथा उपयोग सहकारी संस्था लिमिटेडले गरेको छ। जसमा ८० जना सेयर सदस्य रहेका छन्। १४ लाखको लगानीमा त्यो उद्योग।

■ **दीपक ज्ञवाली/दोभान पाल्पा** (तस्वीर पनि)



**शाही सरकारले** गत वर्षको बजेट भाषणमा भूकम्प ऋण मिनाहाको घोषणा गरेको थियो । तर, २०४५ सालका भूकम्पपीडितहरूले यस वर्ष पनि भदौ ५ गतेका दिन ऋण मिनाहाको माग गर्दै धरानमा ऱ्याली निकाले ।

किन त ? भूकम्प ऋण मिनाहाका लागि दबाब दिने उद्देश्यले गठित संघर्ष समितिका महासचिव बद्री पालिखे भन्छन्, 'ऋण मिनाहा भयो । तर, पहिले नै ऋण तिर्नेहरूले आफ्नो पैसा फिर्ता पाएनन्, यसैले आन्दोलन जारी राख्नुपऱ्यो ।' मिनाहाको घोषणा भइसकेपछि ऋण तिर्नेहरूको पैसा फिर्ता दिइनुपर्ने जिकिर पालिखेको छ । 'नत्र न्याय समान हुँदैन', उनी थप्छन् ।

१६ वर्षअघि उदयपुरलाई केन्द्रविन्दु बनाई गएको भूकम्पबाट मध्य र पूर्वी नेपालका २७ जिल्ला प्रभावित भएका थिए । तीमध्ये सुनसरीको खासगरी धरान बजार लगभग पूरै ध्वस्त भएको थियो । धरानमा मात्रै १ सय १६ को मृत्यु भएको थियो । यसैगरी १ हजार ५ सय मानिस घाइते र ७ सय परिवार घरबारविहीन भएका थिए ।

सरकारले विभिन्न दातृ राष्ट्र र संस्थाको अनुदान लिएर वार्षिक १९ प्रतिशत ब्याजको दरले घरबारविहीन हुने भूकम्पपीडितलाई ५ देखि ५० हजारसम्म आवास ऋण उपलब्ध गराएको थियो । धरानमा मात्रै १७ सय भूकम्पपीडितले बैंकमा घरजग्गा धितो राखेर ऋण लिएका थिए ।

त्यो ऋण मिनाहा हुनुपर्ने माग गर्दै भूकम्पपीडितहरूले २०५१ सालदेखि आन्दोलन सुरु गरेका थिए । सरकारले पूर्ण ऋण मिनाहाको घोषणा गर्ने उदारता देखाउन सकेको थिएन । तर, आफ्नो सत्ता टिकाउन समर्थन जुटाउने उद्देश्यले शाही सरकारले बजेट भाषणमा ऋण मिनाहाको घोषणा गऱ्यो । यसैको प्रभावमा केहीले स्वागत ऱ्याली पनि निकालेका थिए ।

तर, कतिपयले त्यसअघि नै बाध्यतावश ऋण तिरेका थिए । मिनाहाको घोषणापछि उनीहरूले बैंकलाई तिरिसकेको रकम फिर्ता भएन । यसैले, उनीहरू कहिले सरकारलाई पत्र पठाउन, कहिले प्रधानमन्त्रीलाई भेट्न अझै दौडिरहेका छन् ।

सङ्घर्ष समितिका अनुसार धरानमा मात्रै ५ सय ९३ जना भूकम्पपीडितले ऋण बुझाएका छन् । देशभरिमा ऋण बुझाउने भूकम्पपीडितहरूको संख्या बढीमा १ हजार रहेको अनुमानित आँकडा संघर्ष समितिका महासचिव पालिखेसँग छ । उनी ऋण तिर्ने सबै भूकम्पपीडितको पैसा फिर्ता गर्न सरकारले बढीमा ५ करोड रुपैयाँ छुट्याए पुग्ने बताउँछन् । उनी भन्छन्, 'ठूलो समस्यै हैन, सरकारले अलिकति चासो दिए हुन्छ ।'

धरान-१५, निराजन बस्ती बस्ने ४५ वर्षीया सरस्वती परियारले ऋण लिँदा बैंकमा धितो राखेको घरजग्गा उकास्न साँवाब्याज गरी ६५ हजार तिरिन् । 'ऋण नतिरे सरकारले ढोकामा चाबी लाइदिन्छ भन्ने हल्ला फैलियो', परियार भन्छिन्, 'अनि, आत्तिएर तिरेँ ।' तर, बैंकबाट उकासेको घरजग्गा बेचेको पैसा बिरामी श्रीमान्को उपचारमै सकियो । श्रीमान् पनि रहेनन्, घरजग्गा पनि बचेन । उनी अहिले सुकुमवासी बस्तीमा पुराना लुगा टालटुल गरेर हातमुख जोर्छिन् । सरस्वतीजस्ता थुप्रै भूकम्पपीडितहरू राहत ऋणले बेघरबार भएका छन् ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)




# पीडितहरू सडकमै



नदीमा जाल हान्नबाट रोकिएका मलाहाहरु (बायाँ) र माछा मार्ने अनुमतिपत्र देखाउदैं एक मलाहा, यस्ता अनुमति ९४ जनाले मात्र पाएका छन् । (तल)





# दिऊँ अधिकार माछा मार्ने

**शिव मुखिया** जातले मलाहा हुन्, अर्थात् खोला, नदीमा माछा मार्नु उनको जातीय पेसा हो । तर, उनी आफैं माछा मार्दैनन्, बरु अरूले मारेको माछा किन्छन् र केही नाफा खाएर बजारमा बेच्छन् । उनी भन्छन्, 'आफैं माछा मार्न सक्दिनँ, त्यसैले अरूको माछा किन्छु ।'

के शिव उमेरले यति बूढा भइसके, उनी माछा मार्न सक्दैनन् ? हैन, उनी त भर्खरै ४८ वर्ष पुगेका छन्, जुन उमेरका अरू मलाहा माछा मार्ने आफ्नो पुर्ख्यौली पेसामा सक्रिय नै हुन्छन् । त्यसो भए किन उनी अरूले मारेका माछाको मात्रै व्यापार गर्छन् ? सुनौं, उनकै शब्दमा, 'नदीको माछा चोर्नु पर्छ, पक्राउ परेमा कुटाइ खाइन्छ त्यसैले मलाई जाल बोकेर हिँड्न मन लाग्दैन ।'

सुनसरीको भुटाहाबाट हरिपुर-३ मा बसाइँ सरेका शिव मुखियाका छोरा २४ वर्षीय विजयले पनि माछा मार्ने परम्परागत जातीय पेसा छाडेका छन् । डकर्मी सीप सिकेका विजय गत साउन १७ गते रोजगारीका खोजीमा कश्मीर पुगेका छन्, जहाँ जारी हिंसामा हालै आठ नेपालीको ज्यान गएको थियो । हरिपुरका अन्य १६ युवा पनि विजयको पछि लागेका छन्, जसमध्ये अधिकांश मलाहा जातिका हुन् ।

शिव र उनका छोरा विजयजस्तै हातमा थोरै सीप र पैसा हुने मलाहाहरू सकेसम्म आफ्नो परम्परागत जातीय पेसा छाड्न चाहन्छन् । किनभने, वातावरण र जैविक विविधता संरक्षणको नाउँमा सरकारले तिनलाई पुर्ख्यौली पेसाबाट विस्थापित गर्दै आएको छ । यसैले धेरै मलाहाहरू आफ्ना पुर्खाले कुनै बेला निर्बाध उपभोग गरेको नदीमा लुकेर माछा मार्न बाध्य छन् ।

कथा कोशी नदीको हो, जहाँ २०३७ सालमा कोशी टप्पु वन्यजन्तु आरक्ष स्थापना भयो । आरक्ष स्थापनापछि नदी छेउका गाउँहरूमा पुस्तौंदेखि बसोवास गर्दै आएका मलाहालाई माछा मार्न दिइएन । त्यसपछि उनीहरू आरक्ष क्षेत्रबाहिरका नदीको भँगालो र नहरमा माछा खोज्न बाध्य भए । पुर्ख्यौली पेसामा संकट आइलागेपछि दुई छाकको जोहो गर्न भारत भासिने क्रम सुरु भयो ।

हरिपुर-श्रीपुर मध्यवर्ती क्षेत्र विकास समितिका अध्यक्ष दयाशंकर झा भन्छन्, 'धेरै मलाहाहरू धान रोप्ने, बाली काट्ने मौसममा यतै बनी (ज्यालादारी काम) गर्छन्, अरू बेला भारत छिर्छन् ।' मलाहालाई माछा मार्ने पेसाबाट विस्थापित गराउँदा आरक्षलाई पनि नजानिँदो ढंगले नोक्सानी पुगेको उनी बताउँछन् । अध्यक्ष झा भन्छन्, 'यही कारणले कोशीमा माछा घट्दै छन् ।'

हुनत नदीमा कति माछा छन् भनी नाप्ने वा तथ्यांक निकाल्ने कुनै विश्वसनीय विधि वा प्रविधि अझै विकास भएको छैन । तर, कोशीमा पहिलेजस्तो प्रशस्त माछा नरहेको जो कोहीले अनुभव गर्न सक्छ । मलाहालाई माछा मार्न पुर्ख्यौली पेशा गर्न नदिइए पनि अरूले लुकीचोरी करेन्ट र विषादि प्रयोग गरेरै माछा मारे । नयाँ माछा उत्पादन हुने मौसममा नदीमा 'ब्लास्टिङ' समेत हुँदै आयो ।

अहिले आरक्षले पनि मलाहालाई पुर्ख्यौली पेसाबाट पाखा लाएर संरक्षण नहुने रहेछ भन्ने बुझ्न थालेको छ । यसैले आरक्षले गत साउन १९ गते सुनसरी र सप्तरीका मलाहालाई ५ समूहमा विभाजन गरी प्रत्येक ३ व्यक्तिबराबर एकको दरले ९४ वटा अनुमतिपत्र वितरण गरेको थियो ।

'०५९ सालको राष्ट्रिय सिमसार नीतिबमोजिम हामीले मलाहाहरूलाई माछा मार्ने अनुमतिपत्र बाँडका हौं', रेन्जर पशुपति अधिकारी भन्छन्, 'यो संरक्षणमा स्थानीय जनतालाई सहभागी गराउने नीति हो ।' मलाहाका लागि नदी खुला गरिँदा तिनले माछाको शिकारसँगै संरक्षण पनि गर्ने विश्वास लिइएको छ । वास्तवमा यो एउटा सफल प्रयोग पनि हो ।

नारायणी नदी किनारका बोटे जातिको अधिकारको वकालत गर्दै आएको गैरसरकारी संस्था सामुदायिक विकास संगठनका सामाजिक कार्यकर्ता सुदीप जाना भन्छन्, 'जसको सम्पत्ति भन्नु नै नदीको माछा हुन्छ, उसले त्यसको वंशै नाश हुनेगरी कहिल्यै सिकार गर्दैन ।' यसैले, मलाहा जातिका लागि नदी खुला गरिँदा तिनले अरूलाई करेन्ट, विषादि र विस्फोटक पदार्थ प्रयोग गर्न नदिने र आफूले पनि सतर्क भएर माछा मार्ने जानाको तर्क छ ।

सामुदायिक विकास संगठनसँगको साझेदारीमा आरक्ष सुरक्षाको जिम्मा मध्यवर्ती क्षेत्रका बासिन्दाको काँधमा सुम्पिनुपर्ने वकालत-अभियान सुरु गरेका रविन घिमिरेका अनुसार मलाहा जातिको माछा मार्ने जाल एकदमै वैज्ञानिक छ, अर्थात् त्यसमा सानो माछा फस्दैन । कहिलेकाहीँ कुनै सानो माछा जालमा परे त्यसलाई टिपेर नदीमै फ्याँल्ने प्रवृत्ति मलाहा जातिको हुन्छ ।

तर, आरक्षले उपलब्ध गराएको सीमित अनुमतिपत्रले प्राकृतिक स्रोतमा मलाहा जातिको पहिलो अधिकार स्थापित गर्न नसकेको घिमिरे बताउँछन् । 'अहिले दिएको अनुमतिपत्र एकदमै थोरै छ, त्यो पनि ६ महिनाका लागि मात्रै हो', घिमिरे भन्छन्, 'जसको जीविकाको स्रोत नै माछा हो, उसलाई नदीमा जाल हान्नबाट रोक्नु हुँदैन, बरु अरूलाई करेन्ट, विष प्रयोग गर्न दिनु हुँदैन ।'

■ **ओमआस्था राई/हरिपुर (सुनसरी)** (तस्वीर पनि ।)



तेजबहादुर बस्नेत

# छैनन् तयार

**राजधानीका अस्पतालहरू आपत्कालीन सेवाका लागि तयारी अवस्थामा रहे पनि बाहिर भने यसखाले सेवा पर्याप्त नभएको अध्ययन प्रतिवेदनले औंल्याएको छ ।**

**विद्यमान** स्वास्थ्य संरचनाले नेपालमा आपत्कालीन सेवा थेग्न सक्छ या सक्दैन भन्नेबारे संयुक्त राष्ट्रसंघीय निकायले जनआन्दोलन-२ लाई आधार बनाएर प्रतिवेदन सार्वजनिक गरेको छ । अध्ययन प्रतिवेदनमा राजधानीका अस्पतालहरू आपत्कालीन सेवाका लागि तयारी अवस्थामा रहे पनि बाहिर भने यसखाले सेवा पर्याप्त नभएको उल्लेख छ ।

जनआन्दोलनको क्रममा मुलुकभर भएका प्रदर्शन तथा कर्फ्युका क्रममा स्वास्थ्य संस्थाले पुऱ्याएको सेवालाई 'आँखीभ्याल' मानेर यसखाले विद्यमान पूर्वाधारले भविष्यमा आइपर्ने कुनै पनि आपत्कालीन अवस्था नथेग्ने स्पष्ट रुपमा दर्शाएको छ । यो अध्ययन विश्व स्वास्थ्य संगठन, युनिसेफ र युएनएफपिएले संयुक्त रुपमा गरेका हुन् ।

संयुक्त राष्ट्रसंघका यी तीन निकायले वैशाख ११ देखि २४ गतेसम्म काठमाडौं र ललितपुरका ६ वटा र उपत्यकाबाहिरका २७ वटा अस्पतालको अध्ययन गरेका थिए । राजधानी केन्द्रित अस्पतालहरू आपत्कालीन सेवाका लागि सक्षम भए पनि सेवा उपलब्धतामा असमञ्जस्यता भएको उक्त अध्ययनमा औंल्याइएको छ । त्यसैगरी उपत्यकाबाहिर अध्ययन गरिएकामध्ये तेह्रवटा अस्पतालमा प्रकोप व्यवस्थापन योजना रहे पनि आकस्मिक औषधी तथा उपचारका क्रममा अत्यावश्यक मानिने पानी र विद्युत् आपूर्ति नियमित नभएको उल्लेख छ ।

राजधानी तथा बाहिरका अस्पतालबीचको सेवा उपलब्धताको असमान खाडल अध्ययनले देखाएको मुख्य पाटो हो । केन्द्रमा रहेका अस्पतालमा दक्ष जनशक्ति, पर्याप्त विरामी शय्या, सुविधा सम्पन्न शल्यकक्ष, पर्याप्त मात्रामा आकस्मिक औषधी पूर्ति र चौबीसै घन्टा विद्युत् तथा पानी आपूर्ति रहेको छ । आन्दोलनका क्रममा घाइते भएकाहरूलाई अन्य संक्रामक रोगबाट बचाउनका लागि राजधानीका अस्पतालहरूले सम्झौता नगरेको पनि अध्ययनले देखिएको छ । तर, उपत्यकाबाहिरका अस्पतालमा भने स्वास्थ्य सेवाको उपलब्धता भने दयनीय देखिएको छ । सर्वेक्षण गरिएकामध्ये ९० प्रतिशत अस्पतालमा पर्याप्त स्वास्थ्यकर्मी नभएको प्रतिवेदनमा उल्लेख छ । ३५ प्रतिशत अस्पतालमा विरामी शय्या अपर्याप्त रहेको र आकस्मिक औषधी उपलब्ध नभएको, ३३ प्रतिशत अस्पतालले आवश्यक रगत उपलब्ध गराउन नसकेको तथा त्यहाँ पानी र विद्युत् आपूर्ति समेत नियमित नभएको अध्ययनमा उल्लेख छ ।

उन्नाईस दिन लामो जनआन्दोलनको क्रममा २१ जनाले सहादत प्राप्त गरेका थिए भने ५ हजारभन्दा बढी व्यक्ति घाइते भएका छन् । सर्वेक्षणमा परेका राजधानीका ६ वटा अस्पतालले जनआन्दोलनको क्रममा ११ सयभन्दा बढी विरामीलाई उपचार सेवा पुऱ्याएका थिए । त्यसैगरी राजधानीबाहिरका २७ वटा अस्पतालले ६ सय ७६ जना घाइतेको उपचार गरेका थिए ।

प्राकृतिक प्रकोप तथा युद्धमा घाइतेहरूको उपचार आम उपचारभन्दा फरक र संवेदनशील मानिन्छ, किनकि युद्धमा लागेका चोटपटक चाँडै जीवाणुबाट संक्रमित हुने गर्छन् । त्यसैगरी गोली, बारुदको छर्रा जस्ता चुच्चो र बढी गति भएका वस्तुले शरीरका नरम तन्तु, हड्डीलगायतमा व्यापक क्षति पुऱ्याउँछन् । कतिपय अवस्थामा दुर्घटना निम्तिएकै ठाउँमा स्वास्थ्यकर्मी खटिएर उपचार गर्नु पर्छ ।

युद्ध तथा प्राकृतिक प्रकोपले घाइते भएकाहरूका लागि व्यवस्थित र प्राथमिकताका आधारमा उपचार गरिने 'ट्रियाज विधि' राजधानीमा अवस्थित अस्पतालले जनआन्दोलनको क्रममा घाइते भएकाहरूको उपचारमा अपनाएका थिए । स्वास्थ्य सेवाको उपलब्धता जति कमजोर रहे पनि अधिकांश घाइतेको व्यवस्थापन भने सरकारी अस्पतालले नै गरेको देखियो ।

संयुक्त राष्ट्रसंघीय निकायद्वारा भएको यस अध्ययनले आपत्कालीन स्वास्थ्य सेवालाई व्यवस्थित गर्न सुझाव पनि दिएको छ । यसका लागि विश्व स्वास्थ्य संगठनले आन्तरिक तथा बाह्य निकायसँग समन्वय गरी भविष्यमा आइपर्ने आपत्कालीन स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन तयारी अवस्थामा रहने तथा प्रकोप नियन्त्रणका लागि औषधोपचार तथा अन्य सामग्री तयारी अवस्थामा राख्न भनिएको छ । त्यसैगरी उद्धारका लागि राष्ट्रियस्तरको व्यवस्थापन प्रणाली स्थापना गर्ने र युद्ध, दुर्घटना र प्रकोपको बेला आपत्कालीन सेवा सुनिश्चतताका लागि मुलुकभरका अस्पतालमा 'ट्रियाज' विधि लागू गराउनु पर्ने अध्ययनको निचोड छ ।

अध्ययनले विद्यमान स्वास्थ्य संरचनाले ठूलो मात्रामा हुने विपत्तिलाई कुनै पनि अवस्थामा थेग्न नसक्नेतर्फ स्पष्ट रुपमा इंगित गरेको छ । प्रतिवेदनमा भनिएको छ, 'उदाहरणका लागि जब भुइँचालो जानेछ, त्यसबाट स्वास्थ्य संस्थाको संरचनामा नै संकट आउनेछ ।'

■ **मनीष गौतम/काठमाडौं**

# धर्मयुद्धको धम्की




शिवसेनाको कार्यक्रममा माओवादी हस्तक्षेप

तस्वीरहरू दीपक ज्ञवाली/दीपेश पछाईं

## जोगीको भेषमा मोहनचन्द्र

**मञ्चमा लहरै बसेका** धार्मिक मानिसहरूको बीचमा बूढो बाघ जस्तै लाग्ने एउटा अनुहार, जोगीको गेरु वस्त्रमा थियो। ऊ घरी जुरुक्क उठेर बोल्न खोज्थ्यो, घरी कार्यक्रम बिथोल्न खोज्ने माओवादीसँग प्रतिवाद गर्न तम्सिन्थ्यो र घरी हिन्दु राजाको पक्षमा अरूलाई सम्झाउन खोज्थ्यो।

धेरैलाई धेरै पटक कहीं कतै देखेजस्तै लाग्ने ती व्यक्ति थिए, जमानाका खाँटी कम्युनिष्ट नेता मोहनचन्द्र अधिकारी। नेपाललाई हिन्दु धर्म निरपेक्ष घोषणा गरिएको विरोधमा शिवसेना नेपालद्वारा भैरहवामा आयोजित धार्मिक सभामा त्यस्तो भेषमा र हाउभाउमा देखिएका थिए उनी।

निरंकुश शाही शासनविरुद्धको लोकतान्त्रिक आन्दोलनपछि बनेको सरकारले नेपाललाई धर्म निरपेक्ष घोषणा गरेपछि उनी त्यसको विपक्षमा देखिएका छन्। घोषणाविरुद्ध शिवसेना नेपालद्वारा आयोजित कार्यक्रमहरूमा उनी बढी सक्रिय रुपमा देखिन थालेका छन्। कम्युनिष्ट नेता स्वर्गीय मनमोहन अधिकारीहरूसँग विद्रोह गरी झापा आन्दोलनमा होमिएका यी तिनै मोहनचन्द्र हुन्, जसलाई त्यति बेला साहसी कम्युनिष्ट नेता र नेपालका नेल्सन मन्डेला भनेर चर्चा गरिथ्यो।

जमानाका कम्युनिष्ट नेता डा. केशरजंग रायमाझीदेखि राधाकृष्ण मैनालीहरूसम्म राजवादी नबनेका हैनन्। तर, मोहनचन्द्र त कम्युनिष्ट आन्दोलनका लागि घोर आश्चर्यका उदाहरण बनेका छन्, जो कट्टर कम्युनिष्ट अगुवाबाट कट्टर धार्मिक व्यक्तिमा रुपान्तरण भएका छन्। अहिले पहेँलो वस्त्रमै धार्मिक सभा, समारोहरूमा सक्रिय भेटिने मोहनचन्द्रले कम्युनिष्ट आन्दोलनमा लाग्दा धेरै वर्ष कठोर सजायका साथ जेल जीवन बिताएका थिए।



मोहनचन्द्र अधिकारी

धर्मलाई अफिमको नशा ठान्ने कम्युनिष्ट आन्दोलनप्रति उनलाई किन वितृष्णा जाग्यो र किन लागे उनी धार्मिक अभियानमा ? मोहनचन्द्र भन्छन्, 'धेरै वर्ष जेलमा बस्दा हिन्दु धर्मप्रति आकर्षित भएँ।' उनले सम्बोधन गर्न आएको शिवसेनाको भैरहवाको कार्यक्रम माओवादीले बिथोलिदिए पछि उनी त्यत्तिकै फर्किन बाध्य भएका थिए। 'शिवसेनाले बोलाएर आएको थिएँ, आफ्ना कुरा राख्न नै पाइनँ', माओवादीले कार्यक्रम बिथोलिदिएपछि संचारकर्मीहरूसँग उनले बताए। पराजित भइसकेका राजालाई उक्साउन भारतीय हिन्दु अतिवादीहरूलाई ल्याएर कार्यक्रम गर्न खाजेको भन्दै चर्को आलोचना भइरहेका बेला मोहनचन्द्रले त्यसको खण्डन गरे। उनको जिकिर थियो, 'हिन्दु धर्मको रक्षा गर्न भारतीय धार्मिक नेताहरू यहाँ आउनुलाई हस्तक्षेप मान्न सकिन्न।'

भैरहवामा कुनै बेलाका आफूजस्तै जोसिला माओवादी कार्यकर्ताहरूसँग मोहनचन्द्रले प्रतिवाद गरिरहेका थिए। ती माओवादी कार्यकर्ताहरू उनले सम्बोधन गर्न ठिक्क भएको कार्यक्रमलाई गणतान्त्रिक आन्दोलनविरुद्ध सक्रिय राजावादीहरूको चलखेल भन्दै नाराबाजी गर्ने, कालोझन्डा देखाउने र कार्यक्रम बिथोल्ने गरिरहेका थिए।

■ **दीपक ज्ञवाली/भैरहवा**

## ‘हामी सबै स्वयंसेवकलाई सेनामा परिणत गरेर आजैदेखि धर्मयुद्ध सुरु गर्छौं ।’

■ **दीपक ज्ञवाली/भैरहवा**

**सक्रिय हिन्दु राजा** र हिन्दु राष्ट्रको वकालत गर्ने शिवसेना नेपालले हतियार उठाउने धम्की दिएको छ । र, सशस्त्र धर्मयुद्धको चेतावनी पनि ।

लोकतान्त्रिक आन्दोलनकारी दलहरूको सरकार बनेलगत्तै भएको धर्म निरपेक्ष घोषणाको सक्रिय विरोधमा भारतीय सीमा नजिकको सहर भैरहवामा आयोजना गर्न लागेको धार्मिक कार्यक्रम माओवादीले बिथोली असफल पारिदिएपछि शिवसेनाले भैरहवाबाटै त्यस्तो धम्की दिएको हो ।

शिवसेनाका राष्ट्रिय अध्यक्ष अरुण सुवेदीले पत्रकार सम्मेलन आयोजना गरेरै चेतावनीको शैलीमा भने, ‘हामी सबै स्वयंसेवकलाई सेनामा परिणत गरेर आजैदेखि धर्मयुद्ध सुरु गर्छौं ।’ शिवसेनाले आफ्ना पन्ध्र हजार स्वयंसेवक भएको दाबी गर्दै आएको छ । उनले त्यसैलाई औपचारिक घोषणा भएको बताए र नेपाललाई हिन्दु अधिराज्य घोषणा गर्न सशस्त्र धर्मयुद्ध छेड्नु आवश्यक भएको जिकिर गरे ।

माओवादीप्रति लक्षित गर्दै सुवेदीले आफूहरूको अपमान गरेर माओवादीले शिवसेनालाई धर्मयुद्ध छेड्न बाध्य पारेको स्पष्ट पारे ।

सक्रिय हिन्दु राजा र हिन्दु राष्ट्रको माग गर्दै शिवसेनाले गत साता भैरहवामा भारतीय कट्टर धार्मिक नेताहरूलाई समेत जुटाएर धार्मिक सभा आयोजना गरेको थियो, जुन कार्यक्रम धर्मका नाममा लोकतान्त्रिक गणतन्त्रविरुद्ध सक्रिय राजावादीहरूको चलखेल भन्दै माओवादीका भातृ संगठनहरूले हस्तक्षेप गरी बिथोलिदिएका थिए ।

धार्मिक सभाका नाममा आयोजित सो कार्यक्रम सुरु भएको पन्ध्र मिनेटमै माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चा र अखिल (क्रान्तिकारी)का कार्यकर्ताहरूले कालोझन्डा प्रदर्शन गर्दै मञ्चमा प्रवेश गरेका थिए । शिवसेना र भारतीय नेताहरूविरुद्ध पनि चर्को नाराबाजी गर्दै उनीहरूले सभास्थल वरपर टायर बाल्ने, माइकको तार काट्ने गरेका थिए । उनीहरूले शिवसेनाका झन्डा र ब्यानरसमेत सडकमा लगेर जलाइदिएका थिए ।

सभालाई सम्बोधन गर्न भैरहवा आएका विश्व हिन्दु महासंघ भारतका महासचिव आरपी सिंह, सदस्यहरू दयाशंकर दुवे, प्रेमशंकर मिश्र, भारतीय जनता पार्टीका सांसद राकेशसिंह पहलमानहरू माओवादीले कार्यक्रम बिथोलिदिएपछि सम्बोधन नै नगरी तत्कालै भारत फर्किएका थिए ।

माओवादीले बिथोलेको कार्यक्रममा शिवसेनाका राष्ट्रिय अध्यक्ष अरुण सुवेदी, उपाध्यक्ष चन्द्र चुडाल, उमेश पटेल, पूर्व कम्युनिष्ट नेता मोहनचन्द्र अधिकारी लगायतले पटक पटक सम्बोधन गर्न खोजेका थिए । तर, माओवादीको शक्तिका अगाडि उनीहरूको केही लागेन ।

शिवसेनाले सो कार्यक्रममा भारत मध्यप्रदेशकी पूर्व मुख्यमन्त्री उमा भारती, गोरखनाथ मन्दिरका पीठाधीश्वर आदित्यनाथ योगी, अखिल भारत हिन्दु महासंघका दिनेशचन्द्र त्यागीलगायतका धार्मिक नेतालाई डाकेको जनाएको थियो । तर, सो कार्यक्रममा उनीहरू आएनन् ।

माओवादीले कार्यक्रम बिथोलेपछि शिवसेना, भारतीय धार्मिक नेताहरू र माओवादीबीच चर्को भनाभन भएको थियो । शिवसेनाका कार्यकर्ताहरूले हिन्दु राज्य घोषणा गर जस्ता नारा लगाएका थिए ।

शिवसेनाले पूर्वमा पनि यस्ता कार्यक्रम गरेको थियो । तर, त्यहाँ माओवादीले अवरोध खडा नगरेको अध्यक्ष सुवेदीले दाबी गरे । उनले आफ्नो कार्यक्रम थिलिएकोमा प्रचण्ड र बाबुरामले जिम्मा लिनु पर्ने जिकिर गर्दै धम्की दिए, ‘अब भूमिगत हुनु परे पनि हुन्छौं । तर, धर्मयुद्ध छेड्छौं ।’

मधेशी मुक्ति मोर्चा रुपन्देहीका अध्यक्ष घनश्याम यादवले भने भारतीय नेताहरू बोलाएर शिवसेनाले धर्मको नाममा नेपालको लोकतान्त्रिक गणतन्त्रविरुद्ध षड्यन्त्र गरेकाले त्यसको विरोध गरेको बताए । उनले शान्तिपूर्ण रुपमै विरोध गरेको दाबी पनि गरे । ■




# नागरिकप्रति प्रतिबद्ध



■ विश्वमणि पोखरेल/काठमाडौं

**प्रतिनिधिसभाको** राज्य व्यवस्था समितिमा भदौ ७ गते उपस्थित भएर कायममुकायम प्रधान सेनापति रुक्मांगत कटवालले नेपाली सेना परिवर्तित राजनीतिक व्यवस्थाअनुसार संचालित हुने विश्वास दिलाए भने भोलिपल्टै सैनिक मुख्यालयमा राज्य व्यवस्था समितिका सांसदहरूलाई निम्त्याएर नेपाली सेना नागरिक शासनअन्तर्गत हुने प्रतिबद्धता व्यक्त गरे । बाल्यकालदेखि राजा महेन्द्रको संरक्षणमा हुर्किएका कटवालको नेतृत्वमा सेनाको बारेमा अनेकन् आशंका व्यक्त भएका बेला राज्य व्यवस्था समितिका सदस्यहरूसामु उनले नेपाली सेना नागरिक सरकारको अधीनमा चल्ने र परिवर्तित राजनीतिलाई आत्मसात गरेको विश्वास दिलाए ।

प्रतिनिधिसभाले २०६३ जेठ ४ गते परम्परादेखि राजालाई परमाधिपति मानेर राजाकै प्रत्यक्ष नेतृत्वमा रहेको शाही नेपाली सेनालाई, नेपाली सेनामा रुपान्तरण गर्ने, नागरिक सरकारअन्तर्गत ल्याउने र संसद्प्रति उत्तरदायी हुने ऐतिहासिक घोषणा गरेको थियो । पञ्चायतकालीन सैनिक ऐन संशोधन गरेर परिवर्तित राजनीतिक व्यवस्थाअनुकूल बनाउने प्रक्रिया जारी छँदा कटवाललाई समितिले बोलाएको हो । समितिमा उपस्थित भएर कटवालले पुनःस्थापित प्रतिनिधिसभाबाट हुन लागेको सैनिक ऐनप्रति सकारात्मक सहयोग गर्ने वचनबद्धता प्रकट गरे भने अनेक विवाद खेपेको सैनिक कल्याणकारी कोषलाई पारदर्शी बनाउने विश्वास पनि व्यक्त गरे ।

राजनीतिक परिवर्तनपछि सदनमा, राजनीतिक दलहरूको बैठक र सडकमा समेत कटवाललाई सेनाको नेतृत्व दिन नहुने तीव्र प्रतिक्रिया र आरोपहरूबीच प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सेनाको संगठन संरचनामा चलखेल नगर्ने अडान लिए । प्रधानसेनापति प्यारजंग थापा अवकाश लिन बिदामा बसेको अवस्थामा कटवाललाई नै कामु दिने काम कोइरालाबाट भएको छ । भदौ ६ र ७ गते सांसदहरूको अन्तरक्रियाबाट कटवालले पनि राजनीतिक वृत्तमा रहेको आशंका हटाउने गम्भीर प्रयास गरेका छन् ।

यसै क्रममा जंगीअड्डामा राज्यसमितिका सदस्यहरूलाई निम्त्याएर कटवालले सेनाको भूमिकाबारे शंका नगर्न आग्रह गरेका थिए । उनले भने, 'नेपालको राष्ट्रिय एकता र अखण्डता, सार्वभौमसत्ता तथा स्वतन्त्रताको प्रतिरक्षा गर्न कटिबद्ध नेपाली सेना बहुदलीय प्रजातान्त्रिक संरचनाको जगेर्ना गर्ने कार्यमा अति सकारात्मक भूमिका खेल्दै नेपाली जनताको चाहना र भावनाअनुरुप प्रजातान्त्रिक शक्तिहरूको मार्गचित्रअनुसार परिवर्तित सन्दर्भमा हरहमेसा राष्ट्र तथा जनताको हितलाई सर्वोपरि ठानी संवैधानिक परिधिभित्र रही सरकारले सुम्पिएको जिम्मेवारी पूरा गर्न प्रतिबद्ध छ ।'

यसअघि रक्षा सचिव विष्णुदत्त उप्रेतीले राज्यसमितिमा उपस्थित भएर सेनाले बेपत्ता पारेका व्यक्तिहरूका बारेमा १५ दिनभित्र औपचारिक जवाफ दिने प्रतिबद्धता जनाइसकेका छन् । माओवादीविरुद्ध सुरुमा निर्वाचित सरकार र २०५९ पछि राजाको प्रत्यक्ष नेतृत्वमा संचालित सेनाका बारेमा मानवअधिकार उल्लंघन, नागरिकहरूको बेपत्ता पारेको गम्भीर आरोप लागेको छ । त्यस्तै जनआन्दोलन दबाउन सेनाको प्रयोग भएको आरोपमा सेनाका नेतृत्वतहका अधिकारीमाथि आरोप लाग्दै आएको छ ।

परम्परादेखि र राजाको प्रत्यक्ष नेतृत्वमा राष्ट्र र राजमुकुटलाई पहिलो प्राथमिकतामा राख्दै राजतन्त्रको पक्षपाती सेनाको संगठनलाई नयाँ प्रमुखले परिवर्तित राजनीतिक व्यवस्थाअनुसार चल्ने र चलाउने प्रतिबद्धता व्यक्त गर्नुलाई सामान्य परिवर्तन मान्न मिल्दैन । मुख्यालयमा सांसदहरूको स्वागत







गर्दै कटवालले सफल एवं सुरक्षित राज्यको लागि सरकार, जनता र सुरक्षाफौज एकापसमा बाँधिन आवश्यक रहेको बताए। उनले भने, 'राष्ट्रिय स्वार्थ र सुरक्षा जस्ता महत्त्वपूर्ण विषयहरूमा निजामती-सैनिकबीचको सुमधुर सम्बन्धले एउटै धारणा कायम गर्न महत्त्वपूर्ण भूमिका निर्माण गर्छ।'

राजनीतिक वृत्तमा चलिरहेका सेनालाई समावेशी, लोकतान्त्रिक बनाउनु पर्छ भन्ने मुद्दाका बारेमा पनि कटवालले सम्बोधन गरेका छन्। त्यसै अवसरमा नेपाली सेनालाई समयानुकूल र प्रभावकारी बनाउने दीर्घकालीन अवधारणा (भिजन स्टेटमेन्ट) पेस गरे। उनले भने, 'नेपाली सेनाले राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय अखण्डता अक्षुण्ण राखी बहुदलीय प्रजातान्त्रिक व्यवस्था तथा संरचनालाई सुदृढ गर्दै कुनै पनि बेला आइपर्न सक्ने बाह्य र आन्तरिक खतराबाट राष्ट्रलाई पूर्ण सुरक्षित तुल्याई राख्नेछ। नेपालको विशिष्ट भौगोलिक अवस्थाको सही मूल्यांकन गरी राष्ट्रिय शक्तिको अन्य संयन्त्रसँग प्रजातान्त्रिक मूल्य मान्यताअनुरुप सन्तुलित रुपमा समन्वय गरी नेपाली सेना सदैव अन्तर्राष्ट्रिय मानवीय कानुनको सर्वमान्य सिद्धान्तहरूको पूर्ण पालना गर्दै अनुशासित, मर्यादित, दक्ष, प्रभावकारी तथा उच्च हौसला र कटिबद्ध फौजको रुपमा विकसित हुनेछ।

राजा महेन्द्रको संरक्षकत्वमा अध्ययन समाप्त गरी सेनामा प्रवेश गरेका भए पनि कटवाल राजाकै सक्रिय नेतृत्वको राजनीतिक व्यवस्था फालिएर मुलुक नयाँ प्रजातान्त्रिक राजनीतिक व्यवस्थामा प्रवेश गरेको चुनौतीपूर्ण घडीमा सेनाको नेतृत्व सम्हाल्ने पदमा पुगेका पहिलो सर्वसाधारण नेपाली परिवारका सदस्य हुन्। यसअघि सेनाको नेतृत्व शाह, राणा, थापा र बस्नेत खलकले गर्दै आएको इतिहास छ। सेनाको उच्च नेतृत्व सम्हाल्न पुगेका कटवालले व्यापक चर्चामा रहेको समावेशी नीतिको पक्षमा पनि सकारात्मकता देखाएका छन्। उनले भने, 'नेपाली सेनामा विद्यमान बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषताहरूलाई समावेशीकरणको माध्यमबाट अझ बढी विकसित गर्दै योग्यता र कार्यदक्षताको आधारमा सकल दर्जाहरूको वृत्ति विकासको लागि समान अवसर प्रदान गर्न पारदर्शिताको सिद्धान्त अवलम्बन गर्दै लगिनेछ।' ■



# पोखरामा कोर्ट अफ इन्क्वायरी

**अनुशासनको नाममा** जथाभावी यातना दिने हाकिमविरुद्ध पोखरास्थित त्रिपुरा गुल्मका सैनिकहरूले विद्रोह गरेपछि सेनाभित्र आन्तरिक लोकतन्त्रले फेरि चर्चा पाएको छ।

रोलकलका क्रममा गुल्मका अमलदार रविसिंह धामीमाथि उपसेनानी यादव सिलवालले भारी बोक्न नसकेको आरोपमा यातना दिएका थिए। पीडित सैनिकहरूका अनुसार लगातार यातना जारी राखेपछि त्यहाँ रहेका अन्य सैनिक आफ्ना हाकिमहरूविरुद्ध उत्रिएका थिए। त्यस क्रममा केही राउन्ड गोली चले पनि मानवीय क्षति भने भएन। श्रीकृष्ण जन्माष्टमीको दिन भएको उक्त घटनाबारे पोखराकै सञ्चारकर्मी तथा मानवअधिकारवादीहरू अनभिज्ञ थिए। सैनिक शिविरभित्रको गतिविधि कति हदसम्म गुपचुप रह्यो भने काठमाडौंस्थित सैनिक स्रोतको सहयोगमा केन्द्रबाटै उक्त घटना बाहिर आउन सकेको थियो।

सैनिक जवानहरूले गुल्मपति सेनानी हिमान्द्रिकुमार थापा, उपसेनानी यादव सिलवाल र सुवेदार रामशरण भट्टका विरुद्धमा जाइलागेपछि तिनीहरूले गुल्म नै छाडेर भाग्नु परेको थियो। गुल्मपतिका विरुद्धमा हतियारै उठेपछि त्यहाँका २६ जवानलाई पृतनाले नियन्त्रणमा लिएर छानबिन सुरु गरेको थियो। अहिले यो मुद्दा कोर्ट अफ इन्क्वायरीमा पुगेको पृतना प्रवक्ता हेमजंग थापाले जनाएका छन्।

छानबिनको घेरामा परेका २६ जनामध्ये तीनजनालाई भने निर्मम यातना दिइएको मुक्त भएकाहरूले सार्वजनिक गरेका छन्। सञ्चारकर्मीहरूसँग कुरा गर्दै पीडितमध्येका एक सैनिकले नाम नखुलाउँदै ती तीनजनालाई बेपत्ता पारिएको जानकारी दिएका छन्। 'घटनाका वास्तविक दोषीमाथि पारदर्शी रुपमा कारवाही नगरी उल्टै पीडितहरूलाई नै पीडा थपेमा गुल्म नै कब्जा गर्ने र थप विद्रोह मचाउने' चेतावनी ती सैनिकहरूले दिएका छन्। घटनापछि गुल्मको कमान्डरबाट सेनानी थापालाई हटाइएको छ। २ सय ७० भन्दा बढी सैनिकको गुल्ममा अहिले सेनानी प्रकाश देउजाको कमान्ड छ। पृतना प्रवक्ता थापाका अनुसार घटनाबारे छानबिन गर्न महासेनानी भरत मल्लको संयोजकत्वमा तीन सदस्यीय कोर्ट अफ इन्क्वायरी गठन भएको छ।

भदौ ६ गते राष्ट्रिय मानवअधिकार आयोगको पोखरा कार्यालयले आफूहरूले बंकरमा थुनिएका भनिएका तीनैजना सैनिकलाई भेटेको र उनीहरूको स्थिति सामान्य रहेको जनाएको छ। तर, अन्य गैरसरकारी क्षेत्रका मानवअधिकारकर्मीहरूको समूहलाई पृतनाले माथिको आदेश भन्दै भेट्न नदिएर फर्काएको थियो। मानवअधिकार आयोग स्रोतले कोर्ट अफ इन्क्वायरीको फैसला नआउन्जेल आफूले यसको अनुसन्धानमा कुनै प्रक्रिया अघि नबढाउने जानकारी दिएको छ।

■ **केशव लामिछाने/पोखरा**






हरिशरण थापाका बाबु



वैकुण्ठ भुजेलकी आमा तीर्थकुमारी



रामप्रसाद आचार्यकी पत्नी रुकु



रामप्रसाद आचार्यकी आमा उमादेवी



नवराज थापाका बाबु मदनबहादुर थापा

तस्वीरहरू : तेजबहादुर वस्नेत

# त्रासमा बदलिन थाल्यो आस

■ **किरण भण्डारी/काठमाडौं**

**धादिङ थाक्रे** निवासी मदनबहादुर थापाका जुम्ल्याहा नातिनीहरूले 'हाम्रो बाबा खोइ, बाबा खोइ' भनी दिनहुँ उनीसँग सोधखोज गर्छन् । उनी सधैं नातिनीहरूका अगाडि नाजवाफ हुन्छन् र कुरा छल्छन् । छरछिमेकीहरूको कुरा सुनेर मैना जस्ता बोली भएका नातिनीहरूले 'बाबा भगवान्को घरमा जानु भएको हो' भनी प्रश्न गर्दा उनको मुटुमा भक्कानो पर्छ ।

यिनै जुम्ल्याहाको न्वारनको मध्यरात छोरा नवराजलाई सेनाले बेपत्ता पारेको मदनबहादुरको पीडा अबोध नातिनीहरू 'बाबा'का बारेमा सोधनी गर्न सक्ने भइसक्दा पनि सुल्झिएको छैन । बरु दिनहुँ बल्झिँदै छ । सेनाको जत्थाले राजमार्ग छेउको घरबाट पक्राउ गरी लगेका नवराज छोरीहरूले तीन वर्ष टेक्न लागिसक्दा समेत घर नफर्केका मात्र हैनन्, उनीबारे कुनै अत्तोपत्तो छैन ।

छोराको खोजीमा प्रशासन, सेना, अदालत र मानवअधिकारवादी संघसंस्थामा धाउँदा धाउँदा निरास मदनबहादुरलाई वैशाख ११ गतेको परिवर्तनपछि अब त छोरो घर फर्कने भो भनेर हर्ष लागेको थियो । औंला भाँच्दा भाँच्दै सरकार-माओवादी वार्ता सुरु भएको चार महिना भइसक्यो । तैपनि, छोराको बारेमा कुनै सुइँको नपाइएकाले उनको घाउ झनै गहिरिएको छ । साथै सरकार र माओवादी दुवैप्रति आक्रोश पनि थपिएको छ ।

'मेरो छोरोलाई मारेको भए मार्‍यौं भन्नुपर्‍यो, बाँचेको भए ज्यान देखाउनुपर्‍यो', बनिबुतो गरेर गुजारा गरिरहेका मदनबहादुरले भने, 'सरकार-माओवादी दुवैले बेपत्ता पारिएकाबारे किन केही पनि सार्वजनिक नगरेका ।'

साँध, कुलोको झगडामा शत्रुले पोल लाएको भरमा कमाएर परिवार धान्ने लक्का जवान छोरालाई बेपत्ता पारियो भन्ने दुखेसो गर्दै मदनबहादुर भन्छन्, 'अब सार्वजनिक होला भन्ने आस गर्दा गर्दै हाम्रो मन फेरि मरिसकेको छ ।'

राजधानीको नजिकै भएर पनि द्वन्द्वको मारमा नराम्ररी गाँजिएको पृथ्वीराजमार्गको धार्के बजार वरिपरिका एक दर्जन बेपत्ताका परिवारमध्ये मदनबहादुर प्रतिनिधि पात्र मात्र हुन् । उनको जस्तै पीडा भोगेका यो सानो बजारवरपरका बेपत्ता पारिएकाको परिवारको एउटै विरह छ, 'बेपत्ता भएकाहरूको खोजबिनमा अहिलेको सजिलो परिस्थितिमा पनि माओवादीले समेत खासै चासो दिएन ।'

देशभर ओहोरदोहोर गर्दा माओवादीका कयौं नेताहरू दैलाको बाटो हिँडे पनि आफूहरूमध्ये कसैलाई पनि भेटघाट गर्न नआएको गुनासो उनीहरूको छ । 'चासो दिएका छन् कि छैनन्, थाहा छैन । तर, खुला भएको ४ महिना बितिसक्दा पनि माओवादीका कुनै नेता सोधपुछ गर्नसम्म आएका छैनन्', मदनबहादुर भन्छन् ।

राजमार्गमा रहेको यो सानो बजार वरपरबाट सेनाले बेपत्ता बनाएका एक दर्जन व्यक्तिमध्ये कसैलाई पनि कुनै दसीसहित पक्राउ गरिएको होइन । सबैजसोलाई राति घरमा सुतिरहेका बेला पक्रिएको छ । स्थानीय बासिन्दाका अनुसार आधा जति त माओवादीप्रति कुनै सरोकार नभएका परेका छन् । बाँकी पनि माओवादीलाई खानबस्न दिएको आरोप लागेकाहरू मात्र छन् । तिनीहरू पेसाका हिसाबले कृषक वा साना व्यापारी हुनुले पनि राज्य अनावश्यक रुपमा खनिएको पुष्टि हुन्छ ।

'यहाँ कसैले पनि माओवादीको बन्दुक बोकेका थिएनन् । अधिकांशलाई व्यक्तिगत रिसइवीका कारण गाउँलेहरूले नै उजुरी हालेर पक्राएका हुन्', बेपत्ता पारिएका रामप्रसाद आचार्यकी पत्नी रुकु विरह पोख्दै भन्छिन्, 'हामीलाई नखाएको विष पनि लाग्यो ।'

लोकतन्त्र आएपछि सरकारले एक साताभित्रै बेपत्ताको अवस्था सार्वजनिक गर्ने भने पनि चार महिना बित्न लाग्दा समेत सिन्को नभाँचेको प्रति आक्रोशित हुँदै रुकु भन्छिन्, 'राज्यको ढाँट्ने छल्ने बानीले रमितेलाई त रमाइलो भएको होला । तर, हामी हरेक दिन नै पटक पटक मरिरहेका छौं ।' नवराजलाई पक्राउ गरेकै राति सेनाले लगेका रामप्रसाद धार्के बजारमा व्यापार गरेर बस्थे ।

राति सुतेको ठाउँबाट पक्रिसकेपछि नवराजको नयाँ स्प्लेन्डर, रामप्रसादको बा ५ प ३९६३ यामाहा आरएक्स र इन्द्रबहादुर अर्यालको बा १३ प ५६१२ यामाहा क्रक्स मोटरसाइकल समेत अहिलेसम्म सेनाले फिर्ता गरेको छैन । धार्के क्षेत्रबाट बेपत्ता पारिएका सबैलाई काठमाडौंबाट खटिएको टोलीले पक्रेको खानीखोलास्थित इलाका प्रहरी कार्यालय स्रोतले नाम उल्लेख नगर्ने सर्तमा बताएको छ । '२०६० साल कात्तिकदेखि फागुनसम्म पक्राउ परेका सबैलाई भाडाका माइक्रोबस लिएर आएको सेनाले लगेको हाम्रो जानकारीमा छ', प्रहरी स्रोत भन्छ ।

**धार्के बजार आसपासबाट बेपत्ता पारिएकाको नामावली**

| नाम | बेपत्ता मिति |
|---|---|
| केदार कुँवर | २०६० कात्तिक ४ |
| हरिप्रसाद आचार्य | २०६० कात्तिक १९ |
| वैकुण्ठ भुजेल | २०६० कात्तिक १९ |
| इन्द्रबहादुर अर्याल | २०६० कात्तिक २५ |
| नवराज थापा | २०६० कात्तिक २६ |
| रामप्रसाद आचार्य | २०६० कात्तिक २६ |
| विदुर रेग्मी | २०६० पुस २९ |
| हरिशरण थापा | २०६० फागुन |
| हरि लुइँटेल | २०६० फागुन |
| केदारनाथ रूपाखेती | २०६१ मंसिर १४ |
| नानीराम काफ्ले | २०६१ असोज ४ |
| राजकुमार मानन्धर | २०६१ असोज |

धार्केबाट बेपत्ता भएकामध्ये केहीलाई छाउनी र भैरवनाथ गणमा देख्नेहरू रिहा भइसकेकाले पनि परिवारजनको आशा यथावत् छ । 'छाउनीमा हाम्रा छोराहरूसित एउटै सिरक ओढेर बाइस दिन सँगै सुतेका थियौं भन्नेहरू पनि आएका छन्', रामप्रसादकी ७८ वर्षीया आमा उमादेवी भगवानको पुकारा गर्दै भन्छिन्, 'आफ्नो दुःख गरेर खाएकालाई इवीको भरमा लगेकाले फिर्ता नगरी सुखै छैन ।'

जनआन्दोलनको सफलतापछि रिहा भएका कीर्तिपुरका देवबहादुर महर्जनले रामप्रसाद, नवराज, वैकुण्ठ र मकुन्दसँग एक महिना ब्यारेकमा सँगै बसेको भनी अधिकारवादी संस्थाहरूमा वयान दिइसकेका छन् । नवराज, वैकुण्ठ र रामप्रसादलाई नुवाकोट चाउथेका श्याम आचार्यले पनि छाउनीमा भेटेका थिए । श्याम गत वर्ष नै रिहा भएका हुन् ।

माओवादी समेतको सहभागितामा जनआन्दोलन सफल भई लोकतन्त्र स्थापना भएपछि बेपत्ताहरू फर्कने धार्केवासीको कामनामा शिवपुरीमा ४९ जनालाई सेनाले गाडेको घटना सार्वजनिक हुनेबित्तिकै त्रासमा परिणत भएको छ । 'बीचमा एकपटक नानीराम काफ्ले, रामप्रसाद आचार्य, वैकुण्ठ भुजेल भैरवनाथमा छन् भन्ने हल्ला पनि आएको थियो ।' वैकुण्ठकी आमा तीर्थकुमारी भन्छिन्, 'मेरो निर्दोष छोरो, जस्तो लगेका थिए सेनाले त्यस्तै फर्काउनै पर्छ ।' आफूहरूलाई परेको पीर 'ठूलाबडालाई कहाँ परेको छ र ?' भन्दै उनले माओवादीका नेताहरूको बेवास्ताप्रति पनि आक्रोश व्यक्त गरिन् ।

राजनीतिक परिवर्तनले माओवादीका नेताको दिनचर्या र जीवनयापनमा परिवर्तन आएको छ । तर, तिनै माओवादीलाई नेता बनाउन ज्ञात अज्ञात रुपले बलि चढेकाहरूको परिवारको पीडा भने झनै दर्दनाक बन्दै गएको छ । त्यसको एउटा उदाहरण पनि यही धार्के बजारलाई मान्न सकिन्छ ।

तरकारी खेतीमा अग्रणी मानिएको यस गाउँका बेपत्ता पारिएकाको परिवारहरू अहिले पनि मानवअधिकार आयोग, आइसिआरसी, एम्नेस्टी इन्टरनेसनल, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय लगायतमा धाइरहेका छन् । इन्सेक, जिल्लास्तरीय मानवअधिकारवादी संघसंस्था र सर्वोच्च अदालतमा पनि उनीहरू धाइरहेकै छन् ।

बेपत्ता पारिएकामध्येका हरिप्रसाद आचार्यको पक्राउ गरेको भोलिपल्टै छाउनीमा सेनाको चरम यातनाले मृत्यु भएको सूचना परिवारले विभिन्न स्रोतबाट पाएका छन् । घटनाबारे अधिकारवादीहरूले अनुसन्धान सुरु गरेका छन् ।

सेनाले अहिले पनि राजाको शासनकाल वा त्यसअघिको जस्तै गैरजिम्मेवारपूर्ण जवाफ दिने गरेको उदाहरण धार्के बजार भएको छ । यस क्षेत्रका बाह्रजनासहित सबै बेपत्तालाई सेनाले पक्राउ नगरेको बासी जवाफ फेरि प्रतिनिधिसभा परराष्ट्र तथा मानवअधिकार समितिमा दिएको छ । सेनाको हवाला दिँदै सरकारले दिएको जवाफलाई आधिकारिक मान्ने हो भने धार्केका यी निर्दोषहरूको 'लास अथवा सास' खोइ त ? ■

# अकल्पनीय नियतिको सिकार

■ गोविन्द परियार/काठमाडौं

**माओवादी जनयुद्ध** सुरु भएदेखि १३ हजारभन्दा बढी नेपालीले ज्यान गुमाएका छन् । कतिपयले हिरासतमा सुरक्षाकर्मीको चरम यातानाका कारण मृत्युवरण गर्नुपरेको छ त कयौं विनाकारण सुरक्षाकर्मी र विद्रोहीको हरियारको तारो बनेका छन् । मानवअधिकारवादी संस्थाहरूले गरेको अध्ययनअनुसार द्वन्द्वका क्रममा अधिकांश निर्दोष र निहत्थाले नै ज्यान गुमाएका छन् ।

यस्तै अकल्पनीय नियतिको सिकार हुनुपर्‍यो, धादिङ नौबीसे–१ धार्के बजारका हरिप्रसाद आचार्य । खेती किसानी गरेर आफ्नो गुजारा गर्दै आएका हरिप्रसादलाई २०६० साल कात्तिक १९ गते राति १ बजे आफ्नै घरबाट सुरक्षाकर्मीले केही बुझ्नु छ भनेर पक्राउ गरेका थिए । पक्राउका प्रत्यक्षदर्शी भाइ विष्णुप्रसाद आचार्य सम्झन्छन्, 'सेतो माइक्रोबस र माइक्रोभ्यानमा १५-२० जना बर्दीधारी सैनिक घरको आँगनमा ओर्ले । तीमध्ये सादा पोसाकमा रहेका दुईजनाले केही बुझ्नु छ भनेर दाइलाई लिएर गए ।'

पक्राउपछि कहाँ किन र कसरी राखिएको छ भन्ने कुनै पत्तो लाग्न नसकेको हरिप्रसादको अवस्था झन्डै तीन वर्षसम्म अज्ञात नै रह्यो । अदालत, मानवअधिकारवादी संघसंस्थाले जतिसुकै खोजबिन गरे पनि सेनाले कहिल्यै साँचो जवाफ दिएन । लोकतन्त्र वहालीपछि माओवादीका 'बडे नेता'हरूसमेत खुला भई सम्पूर्ण कैदी रिहा भएपछि पनि हरिप्रसाद घर फर्केनन् । तैपनि, उनको पत्नी, परिवार र आफन्तको आशाको त्यान्द्रो चुँडिएको थिएन ।

तर उनीसँगै सेनाको हिरासतमा थुनिएर रिहा भएका एक माओवादी कार्यकर्ता सम्पर्कमा आएपछि भने परिवारको कामनाविपरीत हरिप्रसाद उति बेलै सैनिक हिरासतमा मारिएको रहस्य खुलेको छ । घटना विवरणअनुसार हरिप्रसादलाई त्यही रात सेनाले छाउनी ब्यारेक ल्याएको थियो । उनीसँगै ब्यारेकमा एकरात काटेका व्यक्तिले विभिन्न मानवअधिकारवादी संस्थामा दिएको विवरणमा भनिएको छ, 'चरम यातनापछि भोलिपल्टै उनको मृत्यु भएको थियो ।' ती प्रत्यक्षदर्शीले राष्ट्रिय मानवअधिकार आयोग, एम्नेस्टी इन्टरनेसनल, आइसिआरसी र राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमा दिएको वयानमा भनिएको छ, 'चरम यातना दिएर हरिप्रसादलाई हामी राखिएको ठाउँमा ल्याइएको थियो । उनी मूर्च्छित अवस्थामा पानी पानी भनेर चिच्याइरहेका थिए । त्यसको केही छिनमै हाम्रै अगाडि उनको मृत्यु भयो । आँखामा कालोपट्टी र हातमा हत्कडी भएकाले हामी मुकदर्शक भएर बसिरह्यौं ।'



त्यसपछि सेनाका जवानहरूले उनको लासलाई कहाँ लगे भन्ने आफूलाई थाहा नभएको उनले बयानमा बताएका छन् । उनीसँगै सैनिक हिरासतमा रहेका धार्केकै नवराज थापा, रामप्रसाद आचार्य, वैकुण्ठ भुजेल, केदार कुँवरले एक छाक खानासमेत छाडेको उनले बताएका छन् । ती चारजनाको अवस्था पनि अझै अज्ञात छ ।

विगत तीन वर्षदेखि पतिलाई खोज्न विभिन्न मानवअधिकारवादी संघसंस्था र सरकारी निकायमा धाउँदा धाउँदा हैरान भएकी सावित्री पतिको मृत्युको अपुष्ट खबरले अहिले अचेत अवस्थामा छन् । बैंकबाट ऋण लिएर कुखुरापालन गरेर गुजारा चलाउँदै आएका आचार्य परिवारले हरिप्रसादको पक्राउपछि ठूलो आर्थिक संकटको सामना गर्दै आएको छ । हरिप्रसादको हत्याको बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सबै मानवअधिकारवादी संघसंस्थाहरूमा प्रत्यक्षदर्शीको वयानसहितको उजुरी परेको छ । उनीहरूले यथाशीघ्र छानबिन गरेर सत्य तथ्य सार्वजनिक गर्ने सान्त्वना दिएको भाइ विष्णु आचार्य बताउँछन् ।

उच्चायुक्तको नेपालस्थित कार्यालयले सेनाको भैरवनाथ गणमा ४९ जनाको सामूहिक हत्या गरेको प्रतिवेदन सार्वजनिक गरेलगत्तै पुनः सार्वजनकि भएको यो घटनाले शृंखलाबद्ध हत्याको रहस्य खुल्दै गएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीतका यस्तो रवैयाले सेनाको छवि अन्तर्राष्ट्रिय रूपमै धमिलिने विश्लेषकहरू बताउँछन् । विगतमा सुरक्षाकर्मीले पक्राउ गरेका हजारभन्दा बढीलाई बेपत्ता बनाएको आरोप सेनामाथि लाग्दै आएको छ ।

एक दशक लामो द्वन्द्वले नेपाल विश्वमै मानवअधिकार हननमा अग्रणी मुलुकमा देखापरेको छ । अन्तराष्ट्रिय जगत्मा मानवअधिकारप्रति प्रतिबद्धता व्यक्त गर्ने क्रममा नेपालले १९ वटा मानव अधिकारसम्बन्धी दस्तावेजहरूमा हस्ताक्षर गरे पनि यस्ता काण्डले राज्यले कागजी वाचा मात्र गरेको पुष्टि भएको छ । गैरसरकारी संस्थाको प्रतिवेदनमा द्वन्द्वका क्रममा मृत्यु हुनेहरू अधिकांश निर्दोष व्यक्तिहरू भएको देखाएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अध्यक्ष सुबोध प्याकुरेल भन्छन्, 'दसवर्षे सशस्त्र द्वन्द्वको अवधिमा मारिएकामध्ये ८० प्रतिशत निर्दोष नागरिकहरू छन् ।' ■

ठाउँ एउटै हो, बर्दियाको बाँसगढी । माओवादीका हरेक गतिविधिमा सरिक हुने सर्वसाधारण पनि यिनै हुन् । नेपालगन्जदेखि झन्डै ४० किलोमिटर पश्चिम बर्दियाको बाँसगढी युद्धविराम नहुँदासम्म माओवादीले दिउँसै सैन्य मार्च पास गर्नेदेखि लिएर हरेक गतिविधि केन्द्रित क्षेत्र थियो । माओवादीका अनुसार यो क्षेत्र उनीहरूको आधार इलाका हो । अहिले पनि माओवादी बाँसगढीलाई स्थानीय सत्ता सञ्चालन भइरहेको भूमिको रुपमा लिन्छन् ।

तर छोटो समयमा बाँसगढीको अवस्था फेरिएको छ । माओवादीले अधिकांश जनता आफ्नो पक्षमा छन् भन्ने ठानेका यहाँ माओवादीका दुईजना 'प्रभावशाली' स्थानीय नेतालाई झन्डै ४० घन्टा सर्वसाधारणले कब्जामा लिई एउटा कोठामा थुनेर राखे ।

गत भदौ २ गते बर्दिया, मोतीपुर-५ मदाहा निवासी ४२ वर्षीय सुशील ज्ञवालीको हत्यामा माओवादीको संलग्नता रहेको दाबी गर्दै सर्वसाधारणले हत्यामा संलग्न अभियुक्तसहित दुई माओवादी नेता सूर्य पराजुली (भेरी-कर्णाली सदस्य) र आश्लिन (बाँसगढी इन्चार्ज)लाई बन्दी बनाए । सर्वसाधारणको कब्जामा परेका माओवादी कार्यकर्ताहरू बर्दियाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको प्रयासमा मुक्त भए ।

सर्वसाधारण जनताका अनुसार माओवादीको लागि चन्दा उठाउनेदेखि हरेक गतिविधिमा सामेल हुँदै आएका धनबहादुर थारू र प्रभु थारूले कांग्रेस समर्थक ज्ञवालीलाई घरमा सुतिरहेका बेला खुकुरी प्रहार गरेर हत्या गरेका हुन् । हत्यामा सामेल व्यक्तिलाई जनताले आफैं पक्राउ कारबाही गर्नु पर्ने माग गरिरहेका बेला मुख्य अभियुक्त धनबहादुर थारूलाई माओवादीले पक्राउ गरी प्रहरीमा बुझाएपछि सर्वसाधारण जनता बढी आक्रोशित भएका हुन् । हत्याको दुई दिनसम्म गाउँलेहरू माओवादीविरुद्ध खनिएका थिए ।

माओवादीले अभियुक्त धनबहादुर थारू गत गत वर्षको असारसम्म मात्र पार्टीको एरिया समिति सदस्य भएको जनाउँदै हाल उनी कारबाहीमा परेको जनाएको छ । तर, आक्रोशित जनता माओवादीको भनाइ अस्वीकार गर्दै ज्ञवालीको हत्या हुनु तीन दिन अघिसम्म पनि धनबहादुरले माओवादीको नाममा चन्दा उठाएको बताउँछन् । केही दिनअघि मात्र स्थानीय सिमरहवा सामुदायिक वनको रूख समूहलाई जानकारी नदिएर कटान गरेपछि धनबहादुर र ज्ञवालीबीच झगडा सुरु भएको थियो ।

'धनबहादुरले समूहलाई जानकारी नदिई सामुदायिक वनको रूख काटेर ७५ हजार रुपैयाँमा बिक्री गरेको खुलेपछि समूहका सुशील

**सामुदायिक वनको हजारौंको काठ हिनामिना गर्ने व्यक्तिको विरोध गर्दा सुशील ज्ञवालीको हत्या भयो । हत्याको विरोधमा हजारौं मानिस सडकमा उत्रिए र माओवादीका रुपमा चिनिएका दुईजनालाई ४० घन्टा कब्जामा राखे । स्वस्फुर्त त्यो जनविद्रोहलाई सात दलको राजनीति भनेर माओवादीले उक्त घटनाका बारेमा आफूहरूसँग माफी मागिनु पर्ने बताएका छन् ।**

■ रुद्र खड्का/नेपालगन्ज

# आक्रोश माओवादीप्रति



सुशील ज्ञवालीको हत्याको विरोधमा उत्रिएकाहरू

ज्ञवालीलगायतका सदस्यहरूले भदौ ७ गते धनबहादुरलाई सार्वजनिक सुनुवाइ गर्ने कार्यक्रम राखेका थिए । 'त्यही थाहा पाएर राति ज्ञवालीको हत्या भएको हो', स्थानीय वासुदेव पोखरेल भन्छन्, 'अरू बेला सबै कुरा स्थानीय सत्ताले काम गर्छ भन्ने माओवादीले धनबहादुरलाई जनताले देख्न नपाई प्रहरीमा बुझाउनुले पनि उनी अझै माओवादी कार्यकर्ता भएको र पार्टीको निर्देशनमा हत्या गरेको पुष्टि हुन्छ ।' सुशील कोषाध्यक्ष रहेको उक्त सामुदायिक वनको धनबहादुर सदस्य हुन् । धनबहादुरले समूहमा कुनै जानकारी नदिएर नै रूख कटान गरी बिक्री गरेका थिए ।

ज्ञवालीको हत्या हुनु चार दिनअघि मात्र बाँसगढीमा बलात्कार र खुकुरी प्रहारको आरोपमा टोपबहादुर योगीलाई माओवादीले जनसत्तामार्फत कारबाही गरेको स्थानीय बासिन्दाहरू बताउँछन् । 'कसैलाई स्थानीय सत्ताले कारबाही गर्ने त कसैलाई प्रहरीमा बुझाउने ?,' यस्तो किन स्थानीय हरि पौडेलको जिज्ञासा छ ।

माओवादी त्रासका कारण सुशील उनका अन्य दाजुभाइ सहित ४ वर्षसम्म विस्थापित भएका थिए । मृतकका दाजु कपिलका अनुसार अहिलेसम्म पनि धनबहादुरको नेतृत्वमा माओवादीले पाँचजना ज्ञवाली दाजुभाइको १७ बिघा जमिन कब्जा गरी भोगचलन गर्दै आएका छन् । पछिल्लो शान्तिकाल र यसअघि ज्ञवाली दाजुभाइले अभियुक्त धनबहादुर र स्थानीय माओवादी कार्यकर्ताले कब्जामा लिएको जमिन फिर्ता माग गर्दै माओवादीको माथिल्लो निकायमा पटक-पटक निवेदन दिँदा पनि बेवास्ता हुँदै आएको ज्ञवाली परिवारको दाबी छ ।

हत्याराहरूले सुशीलकी श्रीमती रेखालाई पनि हत्याको प्रयास गरेका थिए । सुशीललाई हत्या गरेर लास खेतमा फाल्न गएका बेला रेखा घरबाट उम्कन सफल भएकी थिइन् । स्थानीय बासिन्दाहरूका अनुसार धनबहादुर यसअघि दुईवटा हत्याका घटनामा सामेल भइसकेका व्यक्ति हुन् ।

यता माओवादीले भने बाँसगढीमा एमाले र कांग्रेसका कार्यकर्ताहरूले आफ्ना नेताहरूलाई दुर्व्यवहार गरेको जनाउँदै बर्दियामा सात दलले माओवादीसमक्ष माफी माग्नु पर्ने तर्क अघि सारेको छ । 'सात दलहरूले या माफी माग्नु पर्छ, होइन भने बाँसगढीमा विरोधमा उत्रनेहरू आफ्ना कार्यकर्ता होइनन् भन्नु पर्छ', माओवादी बाँके-बर्दिया इन्चार्ज अथकले भने, 'यति नभएसम्म बर्दियामा सात दल र माओवादीबीच कुनै सहकार्य हुँदैन ।' एमाले र कांग्रेसले लासमा राजनीति गर्न खोजेको आरोप पनि उनले लगाए ।

'सर्वसाधारणको हत्यामा स्थानीय बासिन्दा उठेका हुन् र अभियुक्त जनताको नजरमा माओवादीको रुपमा चिनिँदै आएका व्यक्ति हुन्', स्थानीय हरि पाण्डे भन्छन्, 'जनता दोषीलाई कारबाही गर्नु पर्ने माग राखी स्वस्फुर्त आन्दोलित भएका हुन् ।'

## को हुन् अभियुक्तहरू ?

पूर्व कमैया धनबहादुर र प्रभु थारू आर्थिक रुपले कमजोर पृष्ठभूमिका व्यक्तिहरू हुन् । बर्दिया,

**कामरेड अथक भन्छन्, 'पूर्व कार्यकर्ताले गरेको गल्ती स्विकार्ने हो भने राधाकृष्ण मैनाली, प्रकाश कोइरालाहरूले शाही सरकारमा सामेल भएर गरेको दमन एमाले-कांग्रेसहरूले स्वीकार गर्नु पर्छ ।'**

मोतीपुर-५ मदाहा घर भएका ३५ वर्षीय धनबहादुर केही वर्षअघि गाडी चालकको काम गरे पनि २०५८ सालदेखि माओवादीमा सक्रिय बाँसगढी एरिया समितिको सदस्य भएका व्यक्ति हुन् । गाउँमा हुने हरेक कुटपिटका घटनामा उनको संलग्नता हुँदै आएको थियो ।

माओवादी बाँके-बर्दिया इन्चार्ज अथकका अनुसार पार्टीको नीति र हितविपरीत काम गरेकाले धनबहादुरलाई माओवादीले गत वर्षको असारमा पार्टीले निलम्बन गरेको थियो । यद्यपि, बाँसगढीका स्थानीय बासिन्दाले धनबहादुरलाई माओवादीको रुपमा चिन्दै आएका थिए र माओवादीले धनबहादुरलाई कारबाही गरेको यसअघि सार्वजनिक गरेको थिएन ।

स्थानीय राजेन्द्र अधिकारीका अनुसार पछिल्ला दिनमा धनबहादुरको आर्थिक हैसियत फेरिएको थियो । ३-४ वर्षअघिसम्म साँझ-बिहान पनि खान नपाउने धनबहादुरले कुनै काम नगरी यतिखेर पक्की घर बनाउनलाई जग लगाइसकेका छन् भने दुई छोराछोरीलाई निजी बोर्डिङ स्कुलमा पढाइरहेका छन् ।

पछिल्ला दिनमा उनको अन्य आर्थिक व्यवहार पनि भड्किलो देखिएको थियो । धनबहादुरले माओवादीको नाममा चन्दा असुल्दै आएका थिए हत्याको अघिल्लो दिनसम्म । तर, माओवादीले भने धनबहादुरले जनतालाई दुःख दिन थालेको पछिल्लो समयमा आएर थाहा पाएको र उनलाई कारबाही गर्ने तयारी भइरहेका बेला जघन्य

**'सबै कुरा माओवादीलाई थाहा हुँदाहुँदै पनि माओवादी चुप लागेर बस्छन् भने हत्यामा कसरी माओवादी संलग्नता छैन भन्ने ?', रेखाले प्रश्न गरिन्, 'हत्या माओवादीकै निर्देशनमा भएको हो ।'**

हत्यामा सामेल भएको बताएको छ । बर्दिया प्रहरी हिरासतमा रहेका अभियुक्त धनबहादुरका अनुसार पछिल्ला दिनहरूमा सुशील ज्ञवाली लगायतका गाउँलेहरूले अपहेलना गर्न थालेको र जतातत्तै विरोध हुन थालेपछि हत्या गर्नु परेको हो । हत्यामा सामेल दुईजनामध्ये धनबहादुरलाई माओवादीले पक्राउ गरेर प्रहरीमा बुझाएका थिए भने प्रभुलाई सर्वसाधारणले नै पक्राउ गरेका थिए ।

लामो समयदेखि बाँसगढीमा व्यापार गर्दै आएका मोतीपुर-५ मदाहाका सुशील ज्ञवाली गाउँमा सामान्य व्यक्तिका रुपमा चिनिन्छन् । पाँचजना दाजुभाइमध्ये दाजु कपिल ज्ञवाली लगायतलाई माओवादीले दुर्व्यवहार गर्दै जग्गा कब्जामा लिएर मोटरसाइकल र अन्य सम्पत्ति जलाइदिएपछि त्रासका कारण सुशील २०५८ सालमा गाउँबाट विस्थापित भएका थिए ।

झन्डै चार वर्ष घरसम्पत्ति छोड्दा आर्थिक समस्याका कारण पुनः बाँसगढी फर्केर व्यापार थालेका सुशीलले दुई महिनाअघि व्यापार छोडेर खेतीलाई मूल पेसा बनाएका थिए । खेतीसँगै गाउँकै सामुदायिक वनको समूहमा सुशील सक्रिय रुपमा लागेका थिए ।

नेपाली कांग्रेसका सामान्य समर्थक भए पनि सुशीलले गाउँमा राजनीति कहिल्यै नगरेको छिमेकीहरू बताउँछन् । धनबहादुर गाउँको माओवादी हर्ताकर्ता भएदेखि नै ज्ञवाली दाजुभाइको १७ बिघा जमिन कब्जा गरी धनबहादुरले गाउँका अन्य विपन्नलाई बाली लगाउन दिएको मृतकका आफन्तहरू बताउँछन् । मृतककी श्रीमती रेखाका अनुसार धनबहादुरले जग्गा कब्जा गरी कुनै पनि अनाज नदिएको र जग्गा फिर्ताको माग गर्दै पटक-पटक माओवादीको माथिल्लो निकायमा निवेदन दिँदा पनि कुनै कारबाही भएको थिएन । 'सबै कुरा माओवादीलाई थाहा हुँदाहुँदै पनि माओवादी चुप लागेर बस्छन् भने हत्यामा कसरी माओवादी संलग्नता छैन भन्ने ?', रेखा ठोकुवा गर्छिन्, 'हत्या माओवादीकै निर्देशनमा भएको हो ।'

तर माओवादीका नेताहरू भने सुशीललाई हत्या गर्नु पर्ने विगत र वर्तमानमा कुनै योजना नभएको दाबी गर्छन् । अथक भन्छन्, 'पूर्व कार्यकर्ताले गरेको गल्ती स्विकार्ने हो भने राधाकृष्ण मैनाली, प्रकाश कोइरालाहरूले शाही सरकारमा सामेल भएर गरेको दमन एमाले-कांग्रेसहरूले स्वीकार गर्नु पर्छ ।'

सुशील ज्ञवालीको हत्याका बारेमा प्रत्यक्ष अध्ययन र अवलोकन गरेका मानवअधिकारवादी संस्थाहरूले विभिन्न तथ्यको आधारमा माओवादीको नाममा हत्या भएको निष्कर्ष निकालेका छन् । 'माओवादीको हत्या गर्ने निर्देशन नहुन सक्छ । तर, गाउँमा धनबहादुरको परिचय माओवादी कार्यकर्तासरह नै थियो', मानवअधिकार संगठनका क्षेत्रीय संयोजक गणेश रेग्मी भन्छन्, 'आन्तरिक रुपमा धनबहादुरलाई कारबाही गरिएको भनिए पनि बाह्य रुपमा माओवादीले यसबारे सार्वजनिक गरेका थिएनन् ।' 'माओवादी भन्दै जनतालाई पटक-पटक धम्की दिने धनबहादुरको बारेमा माओवादी अनभिज्ञ थियो भन्ने आधार देखिँदैन । यस्ता व्यक्तिहत्याका घटना रोकिनुपर्छ । ■



# डिफल्टरलाई कारबाहीको प्रयास

■ मधुसूदन पौडेल/काठमाडौं (तस्वीरः भास्वर ओझा/तेजबहादुर बस्नेत)

**साउन दोस्रो साता** सांसद वीरेन्द्रकुमार कनौडिया नेपाल राष्ट्र बैंकमा उपस्थित भएर महालक्ष्मी सुगर मिल्सका नाममा लिएको ऋणमध्ये ३ करोड रुपैयाँ तत्काल तिर्न तयार भएको लिखित पत्र बुझाउँदै आफ्नो नाम कालोसूचीबाट फिर्ता गराइदिन उच्च अधिकारीहरूसँग आग्रह गरे। तर, कार्यान्वयनमा नआउने कनौडियाका यस्ता लिखित प्रतिबद्धताबाट हैरान बनिसकेका बैंक अधिकारीहरूले उनको पछिल्लो प्रतिबद्धताप्रति विश्वास गरेनन् र तीन करोड रुपैयाँ ऋण तिरेको बैंक भौचर लिएर आउन आग्रह गरे। यही सहमतिमा बाहिरिएका सांसद कनौडिया पुनः राष्ट्र बैंकमा फर्किएका छैनन्।

तर यो बीचमा राष्ट्र बैंकका अधिकारीहरूले उनको नाम कालोसूचीबाट फिर्ता गराउनका लागि सरकारबाट दबाब झेल्नु परेको छ। अर्थमन्त्री डा. रामशरण महतले कनौडियाको आग्रहअनुसार उनलाई कालोसूचीबाट हटाउन सहयोग पुऱ्याउन भन्दै राष्ट्र बैंकका अधिकारीहरूलाई दबाब दिने गरेको जानकारी स्रोतले दिएको छ। कनौडिया कपिलवस्तु-४ बाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका सांसद हुन्।

प्रतिनिधिसभाले बैंकहरूबाट ऋण लिने तर नतिर्ने खराब ऋणीहरूका कारण मुलुकको वित्तीय स्थिति नाजुक बनिरहेकोतर्फ ध्यान केन्द्रित गरेलगत्तै सांसद कनौडियाले आफूलाई कालोसूचीबाट बाहिर राख्ने प्रयास गरेका थिए। यसै अवधिमा प्रतिनिधिसभाको अर्थ समितिले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन संशोधन प्रक्रिया अगाडि बढाउँदै 'नियतवश ऋण नतिर्ने' खराब ऋणीलाई राज्यका कुनै पनि सार्वजनिक पदमा नियुक्त गर्न नपाइने र राज्यका सुविधाहरूबाट वञ्चित गर्ने विधेयकलाई अन्तिम रुप दिइसकेको छ। अर्थसमितिका सदस्य डा. डिल्लीराज खनाल भन्छन्, 'कोही खराब ऋणी सार्वजनिक पदमा छन् भने उनीहरूको पद पनि खोस्ने व्यवस्था संशोधनमा परेको छ।' सम्भवतः यो विधेयक प्रतिनिधिसभाबाट छिट्टै पारित गरिनेछ। यो अवस्थामा कनौडियाले ऐन पारित गर्न सदनमा ताली बजाउनेछन् वा आफूलाई बाहिरै राख्नेछन्, यसका लागि सांसदहरू नै प्रतीक्षारत छन्। महालक्ष्मी सुगर मिलका नाममा लिइएको १ अर्ब ३८ करोड रुपैयाँ ऋण समयमा भुक्तानी नहुँदा उनी कालोसूचीमा परेका छन्। तर, आफूले रकम तिर्न तयार हुँदा पनि बैंकहरूले सहयोग नगरेको आरोप उनको छ। उनी भन्छन्, 'म अहिले ३ करोड र मंसिरमा थप ५ करोड रुपैयाँ ऋण तिर्न तयार छु। तर, बैंकहरू मेरा कुरा सुन्न तयार नै छैनन्।'

त्यसो त यो रूपमा ऐन संशोधन गर्न अर्थसमिति पनि दबाबमुक्त थिएन। खासगरी 'डिफल्टर'प्रति नरम व्यवहार अपनाउनु पर्ने दबाब बढ्न थालेपछि अर्थसमिति सतर्क बनेको थियो। भदौ ६ गते विधेयकलाई अन्तिम रुप दिन बसेको समितिको बैठक समेत एक हदसम्म गोप्य थियो। समितिले टुंगो लगाइसकेको विधेयकले कानुनी हैसियत पाउनासाथ 'डिफल्टर'हरू मुख्य रुपमा राज्यबाट बहिष्कृत हुनेछन्, जसको परिणाम उनीहरू समाजमा अपमानित भएर जिउनु पर्नेछ।

संशोधनमा राखिएका व्यवस्थाले 'डिफल्टर'हरूप्रति



विनोद चौधरी



वीरेन्द्र कनौडिया



चण्डिराज ढकाल



विनोदबहादुर श्रेष्ठ



नारायणसिंह पुन



पियूषबहादुर अमात्य



दीपमणि राजभण्डारी

**सरकार र ऋणी दुवै पक्ष 'विलफुल डिफल्टर' र 'नन विलफुल डिफल्टर' छुट्याएर कारबाहीको आधार बनाउनु पर्नेमा सहमत भए पनि यसको वर्गीकरण हुन सकेको छैन ।**

राज्य कडा रुपमा प्रस्तुत हुने देखिएको छ । बैंकहरूको ऋण भुक्तानी नगर्ने तर विदेशमा समेत सम्पत्ति जोडेर सुरक्षित हुनेहरूको सम्पत्ति र बैंक खाता पनि जफत गर्न सक्ने व्यवस्था मिलाइएको छ र यस्तो सम्पत्तिबाट ऋण असुल गरिनेछ । पछिल्लो समयमा केही उद्यमीले बैंकको ऋण तिर्न सक्ने हैसियत हुँदाहुँदै पनि नियतवश ऋण नतिर्ने तर विदेशमा लगानी बढाउने र सम्पत्ति जोड्ने गरेका छन् । ऐनमा यस्ता खराब नियत भएका ऋणीहरूलाई ध्यानमा राखेर विदेशमा भएको सम्पत्तिबाट ऋण असुल गर्न सक्ने नयाँ व्यवस्था थपिएको छ ।

नियतवश ऋण नतिर्नेहरूको राहदानी जफत गर्न सक्ने कानुनी व्यवस्था मिलाइएको छ, पहिलो पटक । यसअघि यस्ता ऋणीलाई कूटनीतिक नियोगहरूको सहयोगमा विदेश भ्रमणमा रोक लगाउने प्रयास भएका थिए ।

कालोसूचीमा परेकाहरू मान, सम्मान, पदवीबाट वञ्चित रहनेछन् भने यस्ता ऋणीलाई उद्योग, फर्म वा कम्पनी दर्ता गर्न, सरकारी ठेक्कापट्टामा भाग लिनबाट वञ्चित गरिनेछ । ऋण तिर्ने प्रयोजनका लागि बैंकको स्वीकृतिमा मात्रै यस्ता ऋणीले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति बेचबिखन वा हक हस्तान्तरण गर्न पाउनेछन् ।

विदेशमा पलायन भएका ऋणीहरूलाई पनि सम्बन्धित देशसँग सम्झौता गरी सुपुर्दगी गर्न तथा निर्वाचनमा भाग लिन नपाउने व्यवस्था मिलाउन सरकारलाई दिइएका सिफारिस भने परेका छैनन्, नयाँ व्यवस्थामा पनि । २०६१ सालमा ऋण नतिर्ने ऋणीहरूप्रति चाल्नु पर्ने कदमका बारेमा सिफारिस गर्न राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. शंकर शर्माको संयोजकत्वमा गठित समितिले ऋण असुलीका लागि यी व्यवस्था पनि मिलाउनु पर्ने सिफारिस गरेको थियो ।

उक्त समितिको प्रतिवेदनको आधारमा केही समयअघि नेपाल बैंकको सिफारिसमा राष्ट्र बैंकले दसवटा औद्योगिक घरानाको राहदानी जफत गर्न अर्थ मन्त्रालयलाई अनुरोध गरेको थियो । जसमा मंगतुराम समूह, जेपी समूह, महालक्ष्मी गार्मेन्ट्स, सानयाम भेजिटेवल एन्ड आयल इन्डस्ट्री, क्रस कन्ट्री होटल्स नेपाल, वासुलिङ सुगर मिल, हिमालयन ब्रुअरी, आमात्य समूह, महालक्ष्मी सुगर मिल्स र नेकोन एयरका संचालककहरू रहेका थिए । तर, त्यति बेला अर्थमन्त्रालयले राष्ट्र बैंकको अनुरोध कार्यान्वयन गरेको थिएन ।

### विवादमा अदालत

बैंकका अन्य खराब कर्जाहरूको तुलनामा पनि सर्वाधिक विवादास्पद बनेको छ, महालक्ष्मी सुगर एन्ड केमिकलका नाममा लिइएको ऋण । यो प्रकरणमा अदालत समेत विवादमा तानिएको छ । कनौडिया, विनोद चौधरीसहितका चौधरी समूहका



अन्य सदस्य र मुरलीधर अग्रवाल लगायतको समूहले राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, हिमालयन बैंक, कर्मचारी सञ्चय कोष र नेपाल औद्योगिक विकास निगमबाट लिएको ऋण १ अर्ब ३८ करोड रुपैयाँ पुगेको छ। यो बीचमा ऋण लिँदा दुई तिहाइ सेयर रहेको चौधरी समूहले कनौडियालाई सेयर हस्तान्तरण गरेको छ। तर, सेयर हस्तान्तरण बैंकहरूको सहमतिविना र ऋण लिँदाका सर्तविपरीत गरिएको दाबी लगानीकर्ता बैंकहरूको छ भने उनीहरूको सैद्धान्तिक सहमतिमा नै यी सबै काम गरिएको दाबी चौधरी समूहको छ। बैंकहरू चौधरी समूहको व्यवसायिक प्रतिष्ठा र व्यवस्थापन दक्षताका आधार हेरेर ऋण दिइएका कारण उसलाई ऋण भुक्तानी गर्न भनिरहेका छन् भने चौधरी समूह आफूले सेयर हस्तान्तरण गरिसकेको अवस्थामा ऋण तिर्न नपर्ने बताउँदै आएको छ। चौधरी समूहको सेयर किन्ने कनौडियाले प्रक्रियामा रहेर ऋण भुक्तानी गरेको भए यो विवाद जन्मिने नै थिएन। तर, उनले ऋण नतिर्ने मात्रै हैन, ऋण असुली प्रक्रियाका लागि चिनी मिल रहेको कपिलवस्तुको कृष्णनगर नजिकै जहवारी पुग्ने बैंकका अधिकारीहरूमाथि शारीरिक आक्रमणमा पनि उत्रिने गरेको आरोप लाग्दै आएको छ। चिनी मिल चलाइरहेका कनौडिया भन्छन्, 'यो विवाद मसँग सम्वन्धित छैन। बैंक र चौधरी समूहबीचको समस्या हो।'

चौधरी समूहले सेयर हस्तान्तरणपछि पनि आफूलाई कालोसूचीमा राखिएकोमा आपत्ति जनाउदै सर्वोच्च अदालतमा मुद्दा हालेको थियो। अदालतले चौधरी समूहको मागअनुसार गत माघ २६ मा कालोसूचीबाट हटाउने फैसला सुनाएको थियो। त्यस्तै, फैसलाप्रति असहमत लगानीकर्ता बैंकहरूको पुनरावेदनमा पनि सर्वोच्चले साउन २६ गते चौधरीकै पक्षमा पुनः पुनरावेदन नलाग्ने गरी फैसला सुनाएको छ। यो मुद्दा हेर्ने सर्वोच्च अदालतका न्यायाधीशहरू अर्जुनप्रसाद सिंह र बद्रीकुमार बस्नेतमाथि महाभियोग लगाउनु पर्ने मागसहितको निवेदन महालक्ष्मी सुगर मिल्समा लगानी गर्ने पाँच बैंक तथा वित्तीय संस्थाले प्रतिनिधिसभासमक्ष दिएका छन्। तर, सदनले यो मामिलाको कारबाही अगाडि बढाएको छैन।

खराब कर्जा असुलीमा अदालत बाधक बन्ने गरेको गुनासो पुरानो हो। वित्तीय सुधारमा सहयोग पुऱ्याइरहेका दाताहरूले पनि यसप्रति गुनासो गर्दै आएका छन्। बैंकले ऋणीबाट रकम असुलीको कारबाही अगाडि

उद्योग व्यवसायीसँग छलफल गर्दै प्रम कोइराला र अर्थमन्त्री डा. महत



बढाउना साथ 'डिफल्टर' अदालतमा जाने र अदालतले अन्तरिम आदेश जारी गर्ने गरेका छन्। बैंकहरूले उदाहरणका रुपमा पेस गर्छन्, अमात्य समूहलाई। दुई वर्षअघि बैंकको ऋण असुली प्रक्रिया अगाडि बढ्नासाथ अमात्य समूह अदालत गयो र अन्तरिम आदेश दियो अदालतले। तर, अहिलेसम्म कुनै फैसला दिएको छैन। जसका कारण ऋण असुली कारबाही अगाडि बढाउन चाहने बैंकहरू अदालतको फैसला कुरेर बस्नु पर्ने अवस्थामा छन्।

## खराब कर्जाको अवस्था

नेपालका वित्तीय संस्थाहरूमा खराब कर्जाको अवस्था साँच्चै नै भयावह छ। यसप्रति प्रत्यक्ष चासो नेपालभित्र मात्र हैन, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले पनि लिइरहेका छन्। सर्वसाधारणको बचत रहेका नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको अवस्था सबैभन्दा नाजुक छ।

नेपालमा वित्तीय क्षेत्र सुधारका लागि पहिलो लक्ष्य नै खराब कर्जा असुली बनिरहेको छ। त्यसका लागि नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकमा विदेशी व्यवस्थापन मात्रै ल्याइएको छैन, अर्थमन्त्रालय र राष्ट्र बैंकको मुख्य ध्यान पनि यसैतर्फ केन्द्रित छ। तर, खराब कर्जा असुली भने कछुवाको गतिमा अगाडि रहेको छ।

खराब कर्जा असुलीमा गति ल्याउन सरकारले चालू आर्थिक वर्षको बजेटमा भदौ मसान्तसम्म ऋणीहरूलाई ऋण तिर्न वा पुनर्तालिकीकरण प्रक्रियामा जान समयावधि तोकेको छ। उक्त अवधिमा ऋण भुक्तानीतर्फ बेवास्ता गर्ने ऋणीहरूलाई राज्यका सबै प्रकारका सेवाबाट वञ्चित गरिने चेतावनी दिइएको छ। बजेटको यही चेतावनी कार्यान्वयनमा प्रतिनिधिसभाले साथ दिएको देखिन्छ, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा कारबाहीका कडा प्रावधान राखिनुलाई। तर, बजेटले दिएको समयावधिप्रति ख्याल राख्दै ऋण तिर्ने वा तिर्ने प्रक्रियामा जानेहरूको कुनै



उत्साह देखिएको छैन । नीतिगत रुपमा दिने गरिएका चेतावनीहरू कार्यान्वयन नहुने गरेको पृष्ठभूमिमा सरकारको यो चेतावनीलाई पत्याएका छैनन्, ऋणीहरूले । राष्ट्र बैंकमा बैंक तथा वित्तीय क्षेत्र नियमन विभाग हेर्ने कार्यकारी निर्देशक सुरेन्द्रमान प्रधान भन्छन्, 'सरकारको कारबाही हेर्न असोजसम्म पर्खिनु पर्छ ।'

खराब कर्जाका कारण संकटग्रस्त दुई बैंकको सुधार एवं नेपालको वित्तीय क्षेत्र सुधार कार्यक्रमका लागि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र बेलायत अन्तर्राष्ट्रिय सहयोग विभाग लगायतका दाताहरूको प्रत्यक्ष ७ अर्ब रुपैयाँ ऋण र करिब ४ अर्ब रुपैयाँको अनुदान गरी ११ अर्ब रुपैयाँको सहयोगमा यो कार्यक्रम सन् २००२ देखि कार्यान्वयन भइरहेको छ । तर, खराब कर्जा असुलीमा सुधार आउन सकेको छैन । अर्थ समितिका सदस्य खनाल भन्छन्, 'पाँच वर्षअघि जुन अवस्था थियो, अहिले पनि त्यस्तै छ ।'

वाणिज्य बैंक सन् २००३ मा दुई वर्षका लागि पहिलो चरणमा ब्रुस एफ ह्यान्डरसनको व्यवस्थापन समूहलाई जिम्मा लगाउँदा खराब कर्जा १० प्रतिशतमा झार्नु पर्ने सर्त राखिएको थियो । व्यवस्थापन हस्तान्तरण गर्दा कायम रहेको करिब ६० प्रतिशतको खराब कर्जा असुली गर्न पहिलो दुई वर्ष यो समूह पूर्ण रुपमा असफल रह्यो । दुई वर्षपछि पुनः व्यवस्थापन नवीकरण गर्दा २०६२ पुस मसान्तसम्म खराब कर्जा ४० प्रतिशतमा ल्याउनु पर्ने सर्त राखियो । सन् २००८ को जनवरीसम्मका लागि विदेशी व्यवस्थापनको अवधि बढाइएको छ ।

नेपाल बैंक पनि २००२ मा आयरल्यान्डको आइसिसी बैंकलाई व्यवस्थापन जिम्मा लगाइयो र करिब ६० प्रतिशतमा रहेको खराब कर्जा दुई वर्षको अवधिमा १० प्रतिशतमा झार्ने सर्त राखियो । तर, वाणिज्य बैंकको जस्तै नेपाल बैंकको कर्जा असुलीमा पनि सुधार आएन र पुनः व्यवस्थापन नवीकरण गर्दा २०६२ पुस मसान्तसम्म ४० प्रतिशतमा ल्याउने सर्त राखियो ।

राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईले संसदीय समितिलाई दिएको जानकारीअनुसार दुवै बैंकले २०६२ पुससम्म खराब कर्जा ४० प्रतिशतमा ल्याउन भनिए पनि लक्ष्यअनुसार प्रगति हुन सकेको छैन । उनका अनुसार उक्त अवधिमा वाणिज्य बैंकमा ५१ प्रतिशत र नेपाल बैंकमा करिब ४७ प्रतिशत खराब कर्जाको अंश रहेको छ । राष्ट्र बैंकका अनुसार २०६२ पुससम्म नेपालको कुल बैंकिङ क्षेत्रमा २८ अर्ब ७६ करोड रुपैयाँ खराब कर्जा रहेको छ र दुई बैंकमा मात्रै खराब कर्जाको अंश २१ अर्ब रुपैयाँभन्दा बढी छ । यो तथ्यांकले विदेशी व्यवस्थापन खराब कर्जा असुलीमा सफल नभएको देखाएको छ । तर, राष्ट्र बैंकले वित्तीय क्षेत्र सुधारको विषय अगाडि आउनासाथ खराब कर्जाभन्दा पनि व्यवस्थापन, लेखापरीक्षण, मानव संसाधन, पुँजीकोष सुधार र मुनाफा स्थिति जस्ता विषयहरूका प्रगति देखाउदै आएको छ । एक अर्थशास्त्री भन्छन्, 'यी विषय सुधारका लागि विदेशी व्यवस्थापनको कति जरुरी रहन्थ्यो ? उसको मुख्य दायित्व खराब कर्जा असुली नै हो ।' यो अवधिमा नेपाल एसबिआई बैंकको २५ दशमलव २६, लुम्बिनी बैंकको २१ दशमलव

## राष्ट्रिय वाणिज्य बैंकका ठूला ऋणीहरू

| | |
|---|---|
| १. मंगतुराम समूह | १ अर्ब ५२ करोड |
| २. मोमेन्टो | ७० करोड ९१ लाख |
| ३. महालक्ष्मी गार्मेन्ट | ६० करोड ९४ लाख |
| ४. सानयाम भेजिटेवल | ५३ करोड १७ लाख |
| ५. अमात्य समूह | १ अर्ब ४ करोड ३२ लाख |
| ६. जेपी ग्रुप | ३६ करोड ८० लाख |
| ७. महालक्ष्मी सुगर एन्ड केमिकल | ५१ करोड ६८ लाख |
| ८. बाबा | २४ करोड १५ लाख |
| ९. ग्रिनविच भिलेज होटल | २४ करोड ६२ लाख |
| १०. वासुलिङ सुगर मिल | ४४ करोड ८६ लाख |
| ११. स्पेस टाइम नेटवर्क | १७ करोड ९६ लाख |
| १२. गोरखकाली रबर उद्योग | १३ करोड ७६ लाख |
| १३. क्रस कन्ट्री नेपाल होटल | १२ करोड १२ लाख |
| १४. किशोर प्रधान | ३७ करोड ३२ लाख |
| १५. ब्राइटर | २१ करोड ९० लाख |
| १६. अशोक टेक्सटाइल | १६ करोड १ लाख |
| १७. वीर किराँत | ८५ करोड २१ लाख |
| १८. युनिभर्सल लेदर | ३७ करोड ७३ लाख |
| १९. रामकुमार भद्रपुरिया | १५ करोड ६५ लाख |
| २०. न्यु मित्तल | १९ करोड ५० लाख |
| २१. वैशाली होटल | १३ करोड ७५ लाख |
| २२. डि एन्ड डि क्लोथिङ | ८ करोड ३६ लाख |
| २३. धौलिष्टी | ११ करोड २२ लाख |
| २४. द्रव्यरत्न | २६ करोड ५ लाख |
| २५. टिव ट्रेड | २५ करोड ६४ लाख |
| २६. लालवानी | १७ करोड ९६ लाख |
| २७. हिमालयन ब्रुअरी | १५ करोड २७ लाख |
| २८. प्रकाश टिवडेवाला | १४ करोड ३१ लाख |
| २९. नेपाल प्रोफेसनल गार्मेन्ट्स | १७ करोड ७५ लाख |

*स्रोत : राष्ट्रिय वाणिज्य बैंक*



३५ र बैंक अफ काठमाडौंको ११ दशमलव ३० प्रतिशत खराब कर्जा रहेको छ।

शंकर शर्मा समितिले २०६१ सालमा दिएको प्रतिवेदनमा उक्त समयसम्म उठ्न नसकेको खराब कर्जा जटिल रहेको र सामान्यतया उठ्न नसक्ने अवस्थामा रहेको उल्लेख छ। दुई वर्षपछि अहिले परिणाम पनि यही नै देखिएको छ।

नेपाल उद्योग वाणिज्य महासंघले भदौ मसान्तसम्म ऋण पुनर्तालिकीकरणको समय दिइएको भए पनि राष्ट्र बैंकले यसअघि नै ऋणीहरूको नाम सार्वजनिक गरेर गलत कार्य गरेको आरोप लगाएको छ। अध्यक्ष चण्डिराज ढकालले परिस्थितिवश ऋण तिर्न नसकेका उद्यमी व्यवसायीप्रति सरकार गम्भीर बन्नु पर्ने आग्रह दोहोऱ्याउँदै आएका छन्।

वास्तवमा नेपालका अधिकांश ठूला उद्यमीहरू बैंकहरूको ऋण नतिर्ने सूचीमा परेका छन्। चौधरी समूहका विनोद चौधरी महालक्ष्मी सुगर मिल्स विवादमा फसेका छन् भने नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डिराज ढकाल मोमेन्टो एपरल्सका नाममा। पूर्व अध्यक्ष विनोदबहादुर श्रेष्ठ र नेपाल समता पार्टीका अध्यक्ष नारायणसिंह पुन नेकोन एयर ऋण प्रकरणमा तथा अमात्य समूहका पियूषबहादुर अमात्य फूलबारी होटलमा। यी ठूला नामहरू नै ऋण नतिर्ने सूचीमा आएपछि समग्र उद्यमी व्यापारीहरूप्रति हेरिने दृष्टिकोण नकारात्मक बनेको छ, जसप्रति उद्यमी व्यवसायीहरू असन्तुष्ट छन्।

सरकार र ऋणी दुवै पक्ष 'विलफुल डिफल्टर' र 'नन विलफुल डिफल्टर' छुट्याएर कारबाहीको आधार बनाउनु पर्नेमा सहमत भए पनि यसको वर्गीकरण हुन सकेको छैन। यसले गर्दा ऋण तिर्न चाहने उद्यमी व्यापारीहरू पनि 'विलफुल डिफल्टर' सरहकै अपमानित व्यवहार भोग्न बाध्य बनिरहेका छन्। ऋणीलाई एकै समूहमा नराखी उनीहरूको नियतका आधारमा व्यवहार गरिनु आवश्यक छ, उनीहरूको मानवअधिकार रक्षाका लागि।

## नेपाल बैंकका ठूला ऋणीहरू

| | |
|---|---|
| १. अमात्य समूह | २ अर्ब ५७ करोड |
| २. मंगतुराम समूह | २९ करोड ९० लाख |
| ३. रोहित समूह | ४८ करोड ९९ लाख |
| ४. वासुलिङ सुगर | ५७ करोड ७८ लाख |
| ५. महेन्द्र सुगर | ४८ करोड |
| ६. होटल तारागाउँ | १५ करोड ४५ लाख |
| ७. होटल ओरियन्टल | २२ करोड ४७ लाख |
| ८. एलबी श्रेष्ठ | ११ करोड ९८ लाख |
| ९. क्रसकन्ट्री नेपाल होटल | १० करोड २४ लाख |
| १०. एन के सर्राफ | १५ करोड ७९ लाख |
| ११. खत्री एन्ड कम्पनी | १० करोड ८६ लाख |
| १२. एलपी आचार्य | ४७ करोड ७२ लाख |
| १३. मोहन साहनी | ४१ करोड १९ लाख |
| १४. विपी लोहनी | २७ करोड २ लाख |
| १५. मिलन | २४ करोड ७४ लाख |
| १६. कनौडिया | ३२ करोड ४ लाख |
| १७. नकर्मी | १७ करोड ८५ लाख |
| १८. पिकेएसके | २१ करोड १० लाख |
| १९. आत्माराम | १४ करोड २० लाख |

*स्रोत : नेपाल बैंक लि.*

### ऋण दिनेमाथि पनि कारबाही !

खराब कर्जा असुली नहुनुमा 'डिफल्टर' जति दोषी छन्, कमिसनका आधारमा सुरक्षण धितोप्रति वास्ता नराखी ऋण उपलब्ध गराउने बैंक व्यवस्थापनका अधिकारी, कर्मचारी र सुपरीवेक्षणमा रहने राष्ट्र बैंकका अधिकारीहरू पनि उत्तिकै जिम्मेवार रहेका छन्। राजनीतिक दबाबमा प्रवाह गरिएको ऋणमा नेताहरू पनि अछुतो छैनन्। किनभने कम्तीमा सुरक्षित लगानीका लागि धितो समेत नहेरी प्रवाह गरिएको यस्तो ऋण नेपाल बैंक र वाणिज्य बैंकको ५ अर्ब रुपैयाँभन्दा बढी रहेको छ। राष्ट्र बैंकका अधिकारीहरू प्रस्ट शब्दमा यस्ता ऋण प्रवाहमा सबैको मिलेमतो भएको कुरा स्विकार्छन्।

परिस्थितिवश ऋण तिर्न नसकेका उद्यमी व्यापारीले यसरी ऋण प्रवाह गर्ने बैंक व्यवस्थापन र कर्मचारीलाई पनि कारबाही गरिनु पर्ने माग गरेका छन्। अर्थसमितिमा यस विषयमा छलफल भएको छ। तर, त्यसका लागि सरकारले छानबिन गर्नु जरुरी छ। 'हाम्रो ध्यान यसतर्फ पनि गएको छ', सदस्य खनाल भन्छन्। शंकर शर्मा समितिले पनि अनियमित रुपमा ऋण प्रवाह गर्ने बैंकका कुनै पनि तहका कर्मचारी तथा संचालकमाथि कारबाही गर्न सिफारिस गरेको थियो। मुलुकको वित्तीय क्षेत्रको अनुगमन गर्ने र गलत कार्य गर्नेहरूमाथि कारबाही गर्ने अधिकार पाएको राष्ट्र बैंक मुलुकका बैंकहरू धराशायी बन्ने अवस्थामा पुग्दासम्म पनि चुप लागेर बस्नुका पछाडि खराब कर्जा प्रवाहमा त्यहाँका अधिकारीहरूको पनि संलग्नता रहेको देखिन्छ। उनीहरूले त्यस्ता ऋणीलाई संरक्षण गर्ने गरेको आरोप पनि लाग्दै आएको छ।

योभन्दा पनि महत्त्वपूर्ण कुरा राजनीतिक दलहरूको संरक्षणमा वितरण गरिएका ऋण छन्। दलका नेताको नजिकमा रहेका र उनीहरूलाई चन्दा दिएको भरमा उद्यमीहरूलाई बाँडिएका ऋण असुली गर्न समस्या हुने गरेको अनुभव छ, बैंकका कर्मचारीहरूमा। ■


To major cities of the country. Daily.

Nepalgunj Bhairhawa
Pokhara Biratnagar Bhadrapur





For more information please contact
Yeti Airlines, Corporate Office, Tilganga, Kathmandu
For reservation 01 4464878
Sales and Marketing 01 4465888 Ext. 205

Yeti Airlines
www.yetiairlines.com
a great flying experience

# मिलेमतोमा ऋण प्रवाह गरिएका छन्

**डिल्लीराज खनाल**, सदस्य अर्थसमिति



**खराब कर्जा बढ्दै जानुमा ऋण प्रवाह गर्नेहरू जिम्मेवार छैनन् ?**

निश्चित रुपमा छन्। तर, यी विषयहरू ओझेलमा पर्दै आएका छन्। सामान्य नागरिकले बैंकमा ऋण लिन जाँदा अनेक झन्झटमा फस्नु पर्छ। तर, केही मानिसलाई खोलाको बगर, पुलमुनिको जग्गा धितो देखाएर ऋण प्रवाह गरिएको छ। कतिपयको त धितो पनि छैन। फेरि 'डिफल्टर'लाई पुनः ऋण दिइएको छ।

**तर यस विषयमा त चर्चा नै हुँदैन, खालि ऋणीलाई मात्रै कारबाही गर्नु पर्ने कुरा आउँछन् ?**

राष्ट्र बैंक, वाणिज्य बैंकहरूले यी कुरा गर्दैनन्। कमिसन लिएर ऋण प्रवाह गरिएका कुरा पनि आएका छन्। बैंकहरूले आफूले लगानी गरेको प्रोजेक्ट कसरी चलेको छ भनेर हेरेको पनि देखिएन। एकै चोटि करोडौं रुपैयाँ लगानी गरिएको छ। यसले मिलेमतोमा ऋण प्रवाह गरिएका छन् भन्ने देखिन्छ।

**के अर्थसमितिले यसतर्फ ध्यान देला ?**

हामी अहिले कानुन बनाएर कारबाही अगाडि बढाउने सोचका साथ काम गरिरहेका छौं। यस्ता विषयहरू हेर्न पाँचजनाको उपसमिति पनि बनाइएको छ। यसतर्फ हाम्रो ध्यान गएको छ।

**नेपाल बैंक र वाणिज्य बैंकको विदेशी व्यवस्थापनको उपलब्धि कसरी हेरिएको छ नि ?**

वास्तवमा ती बैंकमा पाँच वर्षअघि जुन समस्या थिए, अहिले पनि कायमै छन्। वित्तीय क्षेत्र सुधारका लागि ७ अर्ब रुपैयाँ ऋण लिइयो र ३ हजार कर्मचारी हटाइयो। तर, खराब कर्जाको मात्रा घट्न सकेन। हामी यी बैंकको सुधारको प्रक्रियामा घुमिफिरी रुम्जाटारको अवस्थामा छौं।

**खराब कर्जा असुलीमा अदालत पनि बाधक बनिरहेको तर्क गरिएका छन् नि ?**

कानुनी प्रक्रियाहरूमा पनि समस्या देखिएका छन्। बैंकहरूले यी कुरा उठाइरहेका छन्। यसतर्फ पनि ध्यान दिनु पर्ने आवश्यकता देखिएको छ।■



माओवादी अध्यक्ष प्रचण्ड ▶



# असहज स्थिति

**सरकार–माओवादी** वार्तोटोलीहरूले भदौ ९ गते जिम्मा लिने अपूरो अन्तरिम संविधानका कारण आगामी शान्ति प्रक्रिया सहज हुनुको साटो थप समस्यामा पर्ने भएको छ । सात दल र माओवादीले माथापिच्छे गरेर बनाएको 'अन्तरिम संविधान सुझाव आयोग'ले सात दल र माओवादीकै असहमतिका कारण तोकिएको समयमा सग्लो अन्तरिम संविधान निर्माण गर्न सकेको छैन भने अपूरो अन्तरिम संविधान जिम्मा लिन लागेका सरकार र माओवादी वार्ताटोली त्यसलाई अन्तिम रुप दिने विधिबारे अझै कुनै निष्कर्षमा पुगेका छैनन् । संविधानसभा निर्वाचनका लागि अत्यावश्यक मानिएको अन्तरिम संविधानको आवश्यकतामै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट प्रश्न उठेपछि अन्तरिम संविधान निर्माण अनिश्चितसमेत भएको छ । एक साता लामो विराटनगर बसाइँमा प्रधानमन्त्री कोइरालाले अन्तरिम संविधान निर्माणको साटो '२०४७ को संविधानमै संशोधन गरेको भए उपयुक्त हुने थियो' उल्लेख गरेका थिए ।

राजतन्त्रको भविष्य, अन्तरिम विधायिका, संविधानसभाको निर्वाचन विधि लगायतका महत्त्वपूर्ण विषयमा सात दलबीचमै र सात दल तथा माओवादीबीच सहमति हुन नसकेका कारण आयोगले अन्तरिम संविधानको निर्माण पूरा गर्न सकेन । आफ्नो समयावधि नथपिएका कारण पनि आयोगले अपूरो अन्तरिम संविधान सरकार र माओवादी वार्ताटोलीहरूलाई बुझाउने प्रयत्न अघिल्लो साता नै गरेको थियो । सरकार र माओवादी वार्ताटोलीबीच भदौ ५ मा भएको अनौपचारिक वार्ताले आयोगको अप्ठ्यारो फुकाउन अपूरो अन्तरिम संविधान बुझ्ने सहमति गरेको थियो ।

अन्तरिम संविधान निर्माणमा देखापरेको समस्याका कारण सात दल र माओवादीबीच असार २ गते प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको आठबुँदे सहमति पनि संकटग्रस्त बनेको छ । उक्त सहमतिमा उपयुक्त व्यवस्था गरी प्रतिनिधिसभा विघटन गरिने उल्लेख छ । तर, सहमति लगत्तैदेखि सात दलका नेता र प्रतिनिधिसभाका सांसदहरूले प्रतिनिधिसभा कुनै हालतमा विघटन नगर्ने बताउँदैआएका छन् भने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले यही साता विराटनगरमा प्रतिनिधिसभा स्थगन मात्र गरिने उल्लेख गरेका छन् । माओवादीसहितको अन्तरिम विधायिकाको गठन विधि र त्यसको स्वरुपबारे पनि सात दलबीचमै तथा सात दल र माओवादीमा मतैक्य छैन । माओवादीले वर्तमान प्रतिनिधिसभा भंग गरी राजनीतिक सहमतिका आधारमा नयाँ अन्तरिम विधायिका निर्माण गर्नु पर्ने र त्यसमा माओवादी, सात दल र नागरिक समाजलाई समान हैसियत दिनु पर्ने बताएको छ भने सात दल गठबन्धनका केही दलहरूले प्रतिनिधिसभामै माओवादीका केही सदस्य थप्ने वा राष्ट्रियसभाको रिक्त स्थानमा माओवादीलाई समावेश गर्ने बताएका छन् ।

अन्तरिम विधान निर्माणमा सात दल र माओवादीबीच देखिएको विवादकै कारण संयुक्त राष्ट्रसंघीय सहभागिता पनि समस्यामा पर्ने भएको छ । हतियार र राजनीतिक विषय एकै पटक समाधान गर्नु पर्ने अडान लिँदै आएको माओवादीले राजनीतिक समस्या समाधानविना हतियारबारे मात्र छलफल गर्न र त्यसबारे कुनै टुंगोमा पुग्न चाहेको छैन । 'आठबुँदे सहमतिको इमानदारीपूर्वक पालना र राजनीतिक विषयको समाधानविना हतियारबारे मात्रै हाम्रो पार्टी कुनै सहमति गर्दैन', माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन् । गत महिना सरकार र माओवादीबाट पाएको पत्रका आधारमा हतियार व्यवस्थापन प्रक्रिया टुंगो लगाउन राष्ट्रसंघीय टोली एक सातामै नेपाल आउने बताइएको छ । हतियार व्यवस्थापनबारे एक महिना लामो विवादपछि सरकार र माओवादी गत महिना पाँचबुँदे सहमतिमा पुगेका थिए र राष्ट्रसंघलाई छुट्टाछुट्टै तर एकै व्यहोराको पत्र पठाएका थिए ।

हतियार व्यवस्थापनबारे मात्रै सहमति नगर्ने माओवादी धारणा सार्वजनिक भए पनि सरकार भने संयुक्त राष्ट्रसंघीय टोलीको नेपाल आगमनपछि माओवादीसँगको विवाद सहज समाधान हुने विश्वासमा छ । प्रधानमन्त्री कोइरालाले यसै साता विराटनगरमा राष्ट्रसंघीय टोलीको नेपाल आगमनपछि माओवादीसँगको विवाद समाधान हुने र शान्ति प्रक्रिया अघि बढ्ने बताएका थिए । गृहमन्त्री कृष्णप्रसाद सिटौलाले पनि यसै साता आफ्ना सैनिक राखिने अस्थायी छाउनीको स्थानबारे निर्णय गर्न माओवादी सहमत भएको उल्लेख गरेका थिए । सिटौलाको भनाइ सार्वजनिक भएको भोलिपल्टै माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महराले सरकारी प्रचार असत्य भएको र त्यस्तो कुनै सहमति नभएको उल्लेख गरेर राजनीतिक विवादको समाधानविना हतियार व्यवस्थापनबारे मात्रै सहमति नहुने स्पष्ट पारेका थिए ।

■ **सुवास देवकोटा/काठमाडौं**

**अन्तरिम विधान निर्माणमा सात दल र माओवादीबीच देखिएको विवादकै कारण संयुक्त राष्ट्रसंघीय सहभागिता पनि समस्यामा पर्ने भएको छ । हतियार र राजनीतिक विषय एकै पटक समाधान गर्नु पर्ने अडान लिँदै आएको माओवादीले राजनीतिक समस्या समाधानविना हतियारबारे मात्र छलफल गर्न र त्यसबारे कुनै टुंगोमा पुग्न चाहेको छैन ।**

प्रतिनिधिसभामा प्रभुत्व जमाउने सात दल, सरकारमा आसीन तिनै सात दल र सडक प्रदर्शनमा उत्रिएर आगजनी मचाउने पनि तिनै सात दल ! संकटमा भासिएको मुलुकलाई निकास दिने सर्तमा संयुक्त रुपमा सत्तासीन भएका राजनीतिक दलहरूको यस्तो द्वैध चरित्र देखेर सचेत नागरिक समुदाय लज्जित मात्र होइन, आक्रोशित पनि भएको छ ।




विमलकुमार फुयाँल

# अराजकताका स्रोत राजनीतिक शक्तिहरू

**सात दलको** गठबन्धन सरकारले पर्याप्त गृहकार्यसहित माओवादीसँग समेत परामर्श गरेपछिको निर्णय भन्दै पेट्रोलियम पदार्थको भाउ बढाउन बाध्य भएको व्यहोरा सार्वजनिक गरेको थियो । तर, निम्न आय भएका पीडित उपभोक्तालाई ठूलो मार पुऱ्याउने भएकाले सरकारी निर्णयको विरोध भयो । प्रधानमन्त्रीको पार्टी नेपाली कांग्रेसले नै सरकारविरुद्ध कडा वक्तव्य जारी गर्दै निर्णय फिर्ता लिनु पर्ने माग अघि साऱ्यो । दुवै उपप्रधानमन्त्रीका पार्टीहरू एमाले र जनमोर्चाले भातृ संगठनहरूलाई सडकमा उतारेर सरकारको धज्जी उडाए । नयाँ सत्ताको मालिक भएको दाबी गर्ने माओवादीहरू पनि विभिन्न ब्यानरसहित सडकमा उत्रिए । सडक तात्तियो, सडकमा आगो बल्यो र मुलुक नै ठप्प भयो ।

प्रतिनिधिसभामा प्रभुत्व जमाउने सात दल, सरकारमा आसीन तिनै सात दल र सडक प्रदर्शनमा उत्रिएर आगजनी मचाउने पनि तिनै सात दल ! संकटमा भासिएको मुलुकलाई निकास दिने सर्तमा संयुक्त रुपमा सत्तासीन भएका राजनीतिक दलहरूको यस्तो द्वैध चरित्र देखेर सचेत नागरिक समुदाय लज्जित मात्र होइन, आक्रोशित पनि भएको छ । कांग्रेस, एमाले लगायत सात दललाई आफैं सरकारमा बसेर गरेको निर्णयविरुद्ध आफैं सडकमा उत्रिएर विरोध गर्न कस्तो राजनीतिक नैतिकताले सम्भव तुल्यायो ? प्रत्येक राजनीतिक दलभित्रका नैतिकवान् युवा पुस्ताले यस्ता अनैतिक नेतृत्व पंक्तिलाई चुनौती दिनु पऱ्यो र प्रतिगमनका कारक तत्त्व बन्न सक्ने यी कुँडाकर्कटलाई विस्थापित गरेर सक्षम तथा लोकतान्त्रिक नेतृत्व स्थापित गराउनु पऱ्यो ।

पेट्रोलको भाउ ओराल्ने नारा दिएर राजनीतिक दलहरू सडकमा उत्रिए । सहरभरि जतातते टायर बालियो । सडकमा निस्केका गाडीलाई आगोमा होमेर भस्म पारियो । विरोधलाई शतप्रतिशत सफल पार्न प्रेसका गाडी र



एम्बुलेन्स पनि तोडफोड गरेर फर्काइयो । के एउटै राजनीतिक नेतृत्वले सरकारमा रहेका कार्यकर्तालाई एकथरि निर्णय गर्न आदेश दिने र त्यही निर्णयको विरोधमा जनधनको ठूलो क्षति हुने गरी अर्काथरि कार्यकर्तालाई सडकमा आगो लगाउन पठाउन मिल्छ ? यो राजनीतिक बेइमानीको पराकाष्ठा हो ।

राजधानीको कोटेश्वरदेखि ग्वार्को क्षेत्रमा दर्जनौं रेस्टुराँहरू तोडफोड गरियो, सर्वसाधारणको आवासमा आक्रमण भयो र धनमाल पनि लुटियो । आन्दोलनकारी बनेर प्रदर्शनमा उत्रेकाहरूले पाँचजना युवतीलाई बलात्कार गर्न प्रयास गरे र विफल भएपछि ती नारीहरूलाई निर्वस्त्र तुल्याएर सडकमा लतारियो । यस्तो दानवी घटनाले मानव सभ्यताको मर्ममाथि नै प्रहार गरेको छ । आन्दोलनको अगुवाइ गर्ने कुनै राजनीतिक दलको नेता वा कार्यकर्ताले त्यो अमानवीय कार्यलाई रोक्न सकेन । न त लोकतन्त्रको ठेकेदार ठान्ने सरकारको बर्दीधारी प्रहरीले नै त्यहाँ हस्तक्षेप गर्नसक्यो । मुलुकमा मध्ययुगीन बर्बरता फर्काउने अत्याचारी घटना हुँदा पनि राजनीतिक नेतृत्व संवेदनशील देखिँदैन । सडकमा केही मान्छेले अरू केही ज्यूँदा मान्छेलाई कोपर्दै, लुछ्दै मासु खाएसरहको व्यवहार हुँदा पनि दलका नेताहरू निर्लज्ज भएर भन्ने गर्छन्, 'संक्रमणकालमा यस्ता अराजक घटनाहरू हुनु स्वभाविकै हो ।' राजनीतिक शक्तिहरू नै अराजकताको स्रोत बन्नु मुलुकको लागि निकै खतरनाक संकेत हो । सचेत नागरिक समुदायले नेताहरूलाई चेतावनी दिनै पर्छ ।

पूर्व शाही सत्ताका हर्ताकर्ताद्वारा भिजिलान्तेहरू प्रयोग गरेर यस्ता अराजक घटना गराइएका हुन् भन्ने सूचना पनि आइरहेछन् । वर्तमान प्रहरी प्रमुखले *समय* साप्ताहिकमार्फत नै यो कुरा बताएका हुन् । सम्पूर्ण सुरक्षाबल सरकारको अधीनमा आइसकेको दाबी गर्ने सात दलको नेतृत्वले मुलुकसमक्ष यो कुरा प्रस्ट राख्दै जनताको सहयोग लिएर तुरुन्तै गणतन्त्रको बाटोतर्फ लाग्नु पर्छ । तर, आफैं बोक्सी आफैं झाँक्री बन्ने प्रकारको आफैं सरकारमा रहने र आफैं सरकारका विरुद्ध सडकमा उत्रिएर आगजनी गर्ने प्रवृत्तिचाहिँ अत्यन्तै अनैतिक र प्रत्युत्पादक छ ।

माओवादी पनि अराजतकताको एउटा मूल स्रोत भएको छ । अब बन्ने सत्तामा ठूलो भाग चाहिन्छ भन्दै हरेक मञ्चमा पुगेर आफूसँग सात डिभिजन सेना र एक लाख मिलिसिया भएको बताउनेहरूले समाजलाई सुरक्षा दिन खोजेको देखिँदैन । जबरजस्ती चन्दा असुल्न र फरक मत राख्नेलाई तर्साउन नै जनसेना गठन गरिएजस्तो लाग्छ । शान्तिवार्ता भइरहेको वर्तमान समयमा निरस्त्र राजनीतिक कार्यकर्ता सुशील ज्ञवालीलाई घाँटी रेटेर मार्ने, उनकी पत्नीलाई मरणासन्न हुने गरी कुटपिट गर्नेहरू अपराधी हत्यारा हुन् कि राजनीतिक प्राणी ? भर्खरै गोरखा जिल्लाकी १३ वर्षीया बालिका ममता दवाडीलाई अपहरण गरेर जबरजस्ती मिलिसियाको तालिम दिन खोज्नेहरू क्रान्तिकारी हुन् कि लालशोषक वा नयाँ सत्ताका उत्पीडक लठैतहरू ? माओवादी नेतृत्वले समयमै यसको उचित जवाफ दिनै पर्छ ।

शाही सत्ताका निरंकुश लठैतहरूले कानुनी राज्यको मान्यतालाई कुल्चिएर नागरिकलाई भुसुना ठान्दै राज्य आतंकमार्फत सर्वत्र अराजकता फैलाएका थिए । लाखौं जनताको आन्दोलनले शाही अराजकतालाई ठेगाना लगाएपछि फेरि सात दल र माओवादीको अराजकताले मुलुकलाई पोल्न थालेको छ । प्रत्येक दलभित्रका न्यायप्रेमी, शान्तिप्रेमी तथा लोकतान्त्रिक आचरण भएका नेता तथा कार्यकर्ताहरू र सचेत नागरिक समुदायले आ-आफ्नो ठाउँबाट नयाँ राजनीतिक जमिनदार वर्ग र अराजकताका नायकहरूलाई किनारा लगाउनु आवश्यक भएको छ । भर्खरै निरंकुश राजाको साङ्लोबाट उम्किएका हामी नागरिकहरू दलका वा माओवादीका नेतालाई नयाँ राजा मान्ने भुल नगरौं । नेताहरू दलप्रति, दलहरू समाज र मुलुकप्रति जिम्मेवार र जवाफदेही हुनै पर्ने परिपाटी बसालौं । नारामा होइन, आचरणमा लोकतन्त्र चाहियो । ■




**तेस्रो विश्वका राजनीतिक नेतृत्व आफूलाई कानुनभन्दा माथि रहेको विशेषाधिकार प्राप्त वर्गको रुपमा व्यवहार गर्न चाहन्छन् । यसले गर्दा त्यहाँ राजनीतिक संस्थाहरू बलिया छैनन् । व्यक्तित्वको आधारमा राजनीति चल्छ, नेपालमा अहिले गिरिजाप्रसाद कोइरालाले चलाएझैं । लोकतन्त्रको संस्थागत विकासको प्रमुख बाधक तत्त्व पनि यही नै रहेको उनीहरूको ठहर हो । यो सैद्धान्तिक आधारमा लगाइएका आरोप निराधार छैनन् ।**



■ भीमप्रसाद भुर्तेल

# राजनेताका चुनौतीहरू

**सात दल र माओवादी** दुवैमा अंक उन्माद (इन्टेजर मेनियाँ) व्याप्त छ । विगततर्फ हेर्दा बाह्रबुँदे, त्यसपछि आठबुँदे, पच्चीसबुँदे र अहिले पाँचबुँदे राजनीतिक सहमति भएको छ । एकपछि अर्को अंक-बुँदे सहमतिमा हस्ताक्षर गर्न नेताहरू लालायित छन् । तर, त्यसअनुरुप समस्या समाधानतर्फ प्रतिबद्धता छैन । सात दल-माओवादी एक अर्कोदेखि अत्यन्तै डराएको र सम्बन्ध नराखी पनि नहुने अवस्थामा रहेको प्रतीत हुन्छ । हतियार व्यवस्थापन र संविधानसभा निर्वाचनको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई पठाएको सरकारी पत्रलाई लिएर भएको विवादले वार्ता नै भाँडिएला जस्तो भयो । यद्यपि, राष्ट्रसंघलाई संयुक्त पत्र पठाउन सरकार-माओवादी सफल भएका छन् । अहिले प्रतिनिधिसभा विघटन, अन्तरिम सरकार गठन तथा त्यसअगाडि नै माओवादीको हतियार व्यवस्थापनको विवाद केन्द्रीयतामा रहेका छन् । अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले हतियार नत्यागी माओवादी सरकारमा सामेल भएमा नेपाललाई दिने सहायता निलम्बन गर्ने धम्की दिएका छन् । यो धम्की अस्वभाविक होइन, अमेरिकी वा पश्चिमा दृष्टिकोणमा । यसमा भारत, बेलायत लगायतका देश पनि सहमत छन् । त्यसैले अहिले हाम्रा नेताहरूसामु माओवादी विद्रोहको समाधान, लोकतन्त्र स्थापनाको लागि संक्रमणकालीन व्यवस्थापन र द्वन्द्वोत्तर पुनर्निर्माण र मुलुकको आर्थिक सामाजिक विकास ठूलो चुनौती हो ।

यी चुनौती सामना गर्न सात दल तथा माओवादीका नेता असफल भएमा मुलुकको भविष्य नै खतरामा पर्न सक्छ । यी चुनौतीको विषयमा सार्वजनिक छलफल, बहस, अन्तरसंवाद, सामान्यीकरण, सैद्धान्तीकरण तथा अवधारणीकरण भएका छैनन्, हाम्रो राजनीतिक र बौद्धिक वृत्तमा । त्यस्तै मुलुकका राजनीतिक नेताहरूले यसको महसुस गरेको पनि पाइँदैन । यसको अनुभूतिविना मुलुकको विद्यमान राजनीतिक संक्रमणको कुशलतापूर्वक व्यवस्थापन प्रायः असम्भव छ । यहाँ केही तथ्य तथा केही चुनौतीको विमर्श हुनेछ ।

पहिलो तथ्य विश्वको पुँजीवादी आर्थिक राजनीतिक व्यवस्था उडिरहेको विमान जस्तै हो । त्यस विमानमा जहाँ प्वाल परे पनि त्यो प्वाल टालिएन भने दुर्घटना अवश्यंभावी हुन्छ । यहाँको माओवादी विद्रोहले पश्चिमा पुँजीवादलाई ठूलो चुनौती पेस गरेको छ । त्यही कारणले माओवादी विद्रोहलाई पश्चिमा देशहरूले यति धेरै चासो दिएका हुन् । माओवादीले राज्यलाई जित्न नसकेको कारण त्यही नै हो । बाह्य सैन्य सहायता नभएको भए माओवादीले नेपाली सेनालाई पराजित गर्ने थियो भन्ने माओवादी विश्लेषण छ । यो सत्यताको निकट छ । तर, अहिले नै विद्यमान विश्व राजनीतिक अवस्थामा यस देशमा माओवादीले भनेको जस्तो जनवादी क्रान्ति हुँदैन र अन्य देशमा पनि सम्भव छैन । हुन दिँदैनन् विदेशी शक्तिले वा त्यसले अन्तर्राष्ट्रिय मान्यता पाउँदैन । माओवादी अध्यक्ष प्रचण्डले यो कुरा बुझेका छन् । त्यो उनले खुलेर प्रकट गरेका छन् । उनीहरूले देखाउने भनेको हदैसम्मको लचकताको कारण यही नै हो । माओवादीले ल्याटिन अमेरिकी देशका 'पपुलिस्ट' कम्युनिष्टको रुपमा रुपान्तरण हुनुको विकल्प छैन । तर, उनीहरूको विकल्प छैन भनेर उनीहरूलाई आत्मसमर्पण गरेर आएको जस्तो व्यवहार राज्यद्वारा गरियो भने त्यो आत्मघाती भुल हुनेछ । उनीहरू फेरी विद्रोहतर्फ फर्किएमा अहिले राज्य चलाउनेहरूलाई हानि पुग्ने निश्चित छ । राजाप्रति वफादार सेना र दलविरोधी यसको नेतृत्व तथा 'चेन अफ कमान्ड' टुटेको सेनाले माओवादी सेनाको प्रतिवाद कसरी गर्छ ? यो महत्त्वपूर्ण सवाल हो, त्यस बेला । यसकारण यसको राजनीतिक समाधानको विकल्प छैन ।

दोस्रो तथ्य माओवादी विद्रोह विचारधारामा राजनीतिक विद्रोह (पोलिटिकल इन्सरजेन्सी) हो । मार्क्सवाद, लेनिनवाद तथा माओको विचारधारालाई माओवादको रुपमा लिँदै एक राजनीतिक दलले गरेको विद्रोह हो यो । अर्कोतर्फ राजनीतिक विद्रोहभन्दा सांस्कृतिक विद्रोह (कल्चरल इन्सरजेन्सी) बढी क्षतिदायक हुन्छ भन्ने सर्वमान्य मान्यता छ । भाषा, धर्म, जातीयता, रंगका आधारमा हुने विद्रोह सांस्कृतिक विद्रोह हुन् । नेपालमा अझै पनि यो विद्रोह राजनीतिक विचारधाराकै नियन्त्रणमा रहेको छ । यस मानेमा नेपालीहरू अफ्रिकी जनताभन्दा अझै पनि धेरै भाग्यमानी हुन् । तर, नेपाल सांस्कृतिक विद्रोहको खतरा अफ्रिकाको भन्दा सयौं गुणा धेरै छ । किनभने नेपाली समाज अफ्रिकाभन्दा कयौं गुणा बहुभाषिक, बहुधार्मिक र बहुजातीय रहेको छ । यस आधारमा मुलुकमा राजनीतिक विद्रोहबाट सांस्कृतिक विद्रोहमा रुपान्तरण हुने सम्भावना छँदै छ । सुडानको डाफुरमा गत वर्ष ६ महिनामा करिब तीन लाख मानिसको ज्यान गयो, जातीय विद्रोहमा । एमनेस्टी इन्टरनेसनल तथा ह्युमन राइट वाच जस्ता मानवअधिकारवादी संस्थाले पश्चिमी देशहरूको आलोचना गरेपछि मात्र त्यसमा सीमान्त चासो दिए उनीहरूले । तर, नेपालको माओवादी विद्रोहले अमेरिकी सिनेट तथा बेलायती संसद्मा समेत महत्त्व पायो । यो नै यस तर्कको मूलाधार हो । नेपाल जातीय युद्धतर्फ धकेलिए यहाँ कोही पनि पश्चिमा आउनेवाला छैन । मानिस त्यस बेला किरासरी मरे पनि कसैलाई मतलब हुनेछैन । राजनीतिक नेतृत्व द्वन्द्व समाधानमा असफल भएमा यो सम्भावना बढेर जानेछ ।

### आर्थिक उदारीकरणको चुनौती :

हाम्रो जस्तो विकासशील तथा गरिब देशको राजनीतिक नेतृत्वको प्रमुख चुनौती आर्थिक भूमण्डलीकरण (कर्पोरेट ग्लोबलाइजेसन)को हो । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व व्यापार संगठन तथा अन्य यसका एजेन्सीहरू तेस्रो विश्वको परम्परागत राजनीतिक नेतृत्व तथा तिनका राजनीतिक दलहरू विकासविरोधी, भ्रष्टाचारको प्रमुख स्रोत तथा उनीहरूका नीति तथा कार्यक्रमका प्रमुख अवरोधको रुपमा लिने गर्छन् । तेस्रो विश्वको आर्थिक विकास नहुनुमा राजनीतिक नेतृत्व बाधक भएको उनीहरूको तर्क छ ।

यस सन्दर्भमा 'कर्पोरेट ग्लोबलाइजेसन'का एजेन्सीहरू तेस्रो विश्वका सरकारहरू परम्परागत राजनीतिक नेताहरूले नेतृत्व नगरून् भन्ने चाहन्छन् । अर्थात् राजनीतिक नेतृत्वलाई असफल बनाउन चाहन्छन् । त्यसको बदलामा त्यो नेतृत्व 'टेक्नोक्रयाट'ले प्रतिस्थापन गराउन चाहन्छन् । ब्राजिलका राष्ट्रपति लुला, भेनेजुयलाका राष्ट्रपति चाभेज, बोलिभियाका इभो मोरालेज तथा दक्षिण

अफ्रिकाका थावो मवेकी उनीहरूका ठूला चुनौती हुन्, अहिले । किनभने उनीहरू परम्परागत राजनीतिक नेता हुन् । उनीहरू नीतिगत निर्णय गर्दा राजनीतिक उद्देश्यले गर्छन् । तर, टेक्नोक्रेटहरू विवेकशील अर्थात् 'र्‍यासनालिस्ट' दृष्टिकोणले निर्णय गर्छन्, जुन उनीहरूका नीतिअनुकूल हुने गर्छन् । भारतमा डा. मनमोहन सिंहको राजनीतिक नेतृत्व जस्तो उनीहरूको चाहना हो । यसले गरिब देशमा ठूलो र लामो राजनीतिक इतिहास तथा विरासत भएका पार्टीका नेताहरू राजनीतिबाट क्रमशः विस्थापित हुने खतरा बढेको छ । यसको वैचारिक, बौद्धिक, दार्शनिक तथा सैद्धान्तिक आधार तयार गर्न फ्रान्सिस फुकुयामा, स्यामुनायल पी हन्टिङटन, लरेन्स ह्यारिसन्स, रबर्ट पुटनाम, लुसियन पाई तथा जेफ्री स्याक्स जस्ता नवउदावारी 'नियोकोन' विद्वान्हरू घुँडा धसेर लागेका छन् । उनीहरूको भनाइमा सार्वजनिक क्षेत्रको भ्रष्टाचारको स्रोत नै यस्ता राजनीतिक नेतृत्व हो ।

अर्कोतर्क तेस्रो विश्वका राजनीतिक नेतृत्व आफूलाई कानुनभन्दा माथि रहेको विशेषाधिकार प्राप्त वर्गको रुपमा व्यवहार गर्न चाहन्छन् । यसले गर्दा त्यहाँ राजनीतिक संस्थाहरू बलिया छैनन् । व्यक्तित्वको आधारमा राजनीति चल्छ, नेपालमा अहिले गिरिजाप्रसाद कोइरालाले चलाएझैं । लोकतन्त्रको संस्थागत विकासको प्रमुख बाधक तत्त्व पनि यही नै रहेको उनीहरूको ठहर हो । यो सैद्धान्तिक आधारमा लगाइएका आरोप निराधार छैनन् । तर, यसको दार्शनिक र विचारधारात्मक खतरा आफूलाई इतिहास भएको राजनेता, जनताको मुक्तिदाता ठान्ने हाम्रा ठूला राजनेतालाई छ । यदि उनीहरू आफू रुपान्तरित हुन सकेनन् र लोकतन्त्रको संस्थागत विकास गर्न सकेनन् भने उनीहरू विस्थापित हुनेछन् । अहिले यो संसारकै अल्पविकसित देशको परम्परागत राजनीतिक नेतृत्वको चुनौती हो । आफूलाई राजनेता ठान्ने नेपाली राजनीतिकर्मीले यो बुझ्न जरुरी छ । यो विद्रोहको समाधान नभए परम्परागत पार्टी नेतृत्व विस्थापित हुनेछ ।

**सैनिक नेतृत्वको चुनौती :**

नेतृत्वको विकल्पको महत्त्वपूर्ण तर्क सैन्य नेतृत्व हो । तेस्रो विश्वको राजनीतिक नेतृत्व असफल भएकाले त्यसको विकल्प सैन्य शक्तिको रुपमा प्रक्षेपित गरिएको अवस्था हो, सन १९९० पछि । पाकिस्तानका राष्ट्रपति परवेज मुसर्रफको शासन टिकिरहेको प्रमुख आधार यही नै हो । त्यस्तै म्यान्माको सैनिक शासनको निरन्तरताको कारण पनि यही हो ।

आधुनिक राज्यमा सेनाको भूमिका देशको भौगोलिक अखण्डता र प्रादेशिक सुरक्षा, सार्वभौमसत्तामाथिको वैदेशिक खतरासँग जुध्ने हो । आन्तरिक रुपमा दैवीप्रकोप व्यवस्थापनमा नागरिक प्रशासनको मातहतमा सहयोग गर्ने हो । तर, अहिले तेस्रो विश्वमा त्यहाँको सैनिक नेतृत्वले राजनीतिक नेतृत्व असफल भएमा त्यसको विकल्प आफू भएको दाबी गरिरहेका छन् । तिनीहरू राजनीतिक नेतृत्वको असफलताको परिणाम 'राज्य असफल बन्ने' खतराबाट बचाउने तर्क गर्छन् । अर्कोतर्फ सामाजिक न्यायको दूरदर्शी सैनिक विकल्प जबरजस्ती लाद्ने प्रयास गर्छन् । राजनीतिक अस्थिरता तथा विग्रह (पोलिटिकल क्याओस) नियन्त्रण गर्दै राज्यमा कानुनी व्यवस्था कायम गर्ने तर्क गर्छन् । यसबाट उनीहरू आफ्नै मुलुकभित्र अतिक्रमणकारी शक्ति (अकुपाइङ फोर्स)को व्यवहार गर्छन् । नेपाली सेनाले पनि राजालाई अगाडि सारेर विगत २०५९ असोज १८ देखि यो तर्क निरन्तर गर्‍यो । यो चरित्र नेपाली सेनामा छ । यद्यपि, यसले पाकिस्तानको जस्तो अहिल्यै स्थान हासिल गर्न सक्दैन । तर, यो राज्य विफल बन्ने अवस्थामा अन्तर्राष्ट्रिय समुदायको भरपर्दो संस्था बन्ने निश्चित छ ।

**अन्तमा:**

नेपाली राजनीतिक नेतृत्वमा यी यावत् चुनौती विद्यमान छन् । यदि माओवादी विद्रोहको राजनीतिक समाधान भएन र यो लोकतान्त्रिक र अग्रगामी संक्रमणकालीन व्यवस्थापन गर्दै समाजले खोजेको परिवर्तनतर्फ राजनीतिक नेतृत्व अग्रसर भएन भने सैनिक विकल्प अगाडि स्वतः आउँछ । अहिले वार्ताबाट राजनीतिक समाधान भएन भने मुलुक फेरि घनघोर प्रतिगमनतर्फ धकेलिन्छ ।

जनआन्दोलन-२ मा जनता राजनीतिक दलका नेताको मायाले र उनीहरूले खान पाएनन् भनेर आएका होइनन् । मुलुकको द्वन्द्व समाधान, शान्ति स्थापना र सुदृढ लोकतन्त्रको लागि सडकमा आएका हुन् । राजाले माघ १९ को कदम उठाउदा 'शंकाको सुविधा' दिँदै दीपावली गर्ने जनता १४ महिनापछि राजालाई देशै छाड्ने नारा लगाउँदै सडकमा आए । त्यसकारण दलहरूले यो समस्या समाधान नगर्ने हो भने फेरि जनताले राजा ज्ञानेन्द्र ठिक भन्ने दिन नआउला भन्न सकिँदैन । वा त्योभन्दा घोर प्रतिगामी सैन्य अधिनायकवाद विकल्प नहोला भन्न सकिँदैन । यस मेसोमा अमेरिकी तथा भारतीय सेनाको लामो समयदेखि सहयोग आदान प्रदानले नेपाली सेनामा उनीहरूको राम्रो पहुँच छ । अमेरिकीहरूले उनीहरूको राजनीतिक भ्रमणमा सैनिक मुख्यालयमा सैनिक नेतृत्वसँगको भेटघाट निरन्तर बनाएका छन् । भोलि राजनीतिक नेतृत्व असफल भएमा विदेशी हस्तक्षेप वा उल्लिखित सैनिक विकल्पबाहेक अरू रहनेछैनन् ।

त्यस्तै यो वैचारिक र राजनीतिक विद्रोहलाई अग्रगामी परिवर्तनका विरोधी शक्तिले सांस्कृतिक विद्रोहमा परिवर्तन गर्ने प्रयास गर्नेछन् । धार्मिक, भाषिक तथा जातीय विद्रोह भएमा रुवान्डा, सुडान, सोमालिया तथा इथोपियाको बाटोमा नेपाल फर्किनेछ । त्यसको जिम्मेवारी अहिलेका नेताहरूले लिनु पर्नेछ । माओवादी-सात दलका शीर्षस्थ नेतृत्वले यता ध्यान पुर्‍याउन जरुरी छ । त्यसकारण हरहालमा नेताहरूले मुलुकको द्वन्द्व समाधान गर्न सकून् । यसलाई आत्मसात गरून् र वास्तविक राजनेता जस्ता ठूला छाती भएका हुन् र परिवर्तनको वाहक बनून् । देशभक्त नेपालीले भन्नु पर्ने र गर्नु काम यही नै हो । ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

**काठमाडौंबाट जाने**

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

**काठमाडौंमा टिकट पाइने स्थानहरू**

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

**काठमाडौंतर्फ आउने**

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

पश्चिम तराईका रुपन्देही, कपिलबस्तु र नवलपरासीका खास धानखेतीयोग्य जमिनको झन्डै पैतालीस प्रतिशत धान त नष्ट भइसकेको छ । अब प्रशस्त पानी परिहाल्यो भने पनि त्यसको क्षतिपूर्ति हुन सक्दैन ।

# धान खेतमा धांजा



**लाग्छ धान खेत** हैन रुख्यान मैदान हो, जहाँ धान मर्दै गएको छ र दूबो हुर्किंदै छ । मान्छेका गोडा नै अड्किने खालका ठूला ठूला धाँजा फाटेका छन् ।

पश्चिम तराईका खास खेतीयोग्य जमिनको हालत ठ्याक्कै यस्तै छ, अहिले । लामो समयसम्मको खडेरीले धान खेती बर्बाद पारेको छ । पछिल्ला दिनहरूमा सामान्य पानी पर्न त थालेको छ । तर, त्यस्तो पानीले धानलाई कुनै राहत दिन सकेको छैन, बरु धान खेतमा उम्रिएका दूबोलाई मौलाउन सहयोग पुऱ्याइरहेको छ । रुपन्देही, कपिलवस्तु र नवलपरासीमा लामो खडेरीले पैतालीस प्रतिशत धान खेती नष्ट भइसकेको ती जिल्लाका कृषि कार्यालयहरूले जनाएका छन् । ती तीन जिल्लामा मात्रै विगतमा सरदर ६ लाख मेट्रिकटन धान उत्पादन हुने गर्थ्यो ।

रुपन्देहीका कृषि अधिकारी अब्दुल रहुफ सुक्खाग्रस्त क्षेत्रहरूको अध्ययनपछि प्रस्ट शब्दमा भन्छन्, 'खेती भएकोमध्ये पैतालीस प्रतिशत धान नष्ट भइसकेको छ । अझ एक सातासम्म पनि प्रशस्त पानी परेन भने नब्बे प्रतिशत धान स्वाहा हुनेछ ।'

उनको भनाइमा यसपटक रोपाइँ गर्दा त प्रशस्त पानी परेको थियो । तर, रोपाइँ लगत्तैदेखि पानी नपरेपछि यस्तो अवस्था उत्पन्न भएको हो । अब पानी परिहाले पनि ह्रास भइसकेको पैतालीस प्रतिशत धानको पूर्ति हुन नसक्ने उनको ठहर छ ।

यी तीन जिल्लामा धान खेतीयोग्य जमिन दुई लाख हेक्टरभन्दा बढी छ । रोपाइँको बेला प्रशस्त पानी परेकाले यस वर्ष शतप्रतिशत रोपाइँ भएको कृषि कार्यालयहरूको दाबी छ, गत वर्ष यी तीन जिल्लामा मात्रै चार लाख २० हजार मेट्रिकटनभन्दा बढी धान उत्पादन भएको थियो । पछिल्ला केही वर्षमध्ये ०६१ सालमा सबभन्दा बढी ६ लाख ५० हजार मेट्रिकटन धान उत्पादन भएको थियो ।

यी जिल्लामा धान उत्पादनमा भारी गिरावट हुने भएबाट त्यसको प्रत्यक्ष प्रभाव अन्यत्रका जिल्लाहरूमा पनि पर्नेछ । किनभने यहाँ उत्पादित ६० प्रतिशत धान अन्यत्र खपत हुने गर्छ ।

लामो समयसम्म खडेरी जारी भएपछि सिँचाइ सुविधा पनि प्रभावित भएको थियो । अधिकांश सिँचाइ प्रणालीहरू आकासे पानी, खोला, नहर र ट्युववेलमा निर्भर थिए । तर, पानी नपर्नाले ती सबैमा पानीको स्रोत सुकेको थियो ।

कतैकतै किसानले धानका बोट जोगाउन महँगोमा बोरिङको पानी प्रयोग गरे पनि त्यस्तो सीमित पानी खेतमा तत्कालै बिलाउने गरेको छ । 'आकाशको पानी नपर्दासम्म कसै गरे पनि धान जोगाउन सकिँदैन', देवदह १ प्रगतिबजारका किसान प्रकाश पराजुली बताउँछन् ।

धान लगाइएको खेतमा दुई सेन्टिमिटर पानी रहिरहे त्यसबाट राम्रो उत्पादन लिन सकिने कृषि अधिकारीहरू बताउँछन् । 'तर धान रोपेदेखि नै थोपो पानी परेन, कहाँबाट पानी जम्नु ?', मक्रहर-५ कालिकास्थानका किसान बाबुराम गैरेले बताए । सजिलो खेतीका लागि ओसन जातको धान रोपेका किसानहरू खडेरीको बढी सिकार भएका छन् ।

दुई बिघा खेतमा धान रोपेका किसान नरेश पछाई भन्छन्, 'अझै एक साता पानी परेन भने खेतमा गाईभैंसी चराउनुको विकल्प छैन ।'

## भगवान् भरोसा

लामो खडेरीबाट आजित कपिलवस्तु डरेवा गाउँका महिलाले राति निर्वस्त्र भएर खेत जोते । अन्यत्र तराईका कतिपय भागमा पनि रातमा सुटुक्क महिलाले यस्तै गरिरहेको दाबी स्थानीय बासिन्दाले गरेका छन् । उनीहरूको विश्वासमा त्यसो गरेपछि पानी पर्छ ।

रुपन्देहीका सबभन्दा बढी सुक्खाग्रस्त ठाउँहरू छोटकी रामनगर, पटखौली लगायतका गाविसमा रहेका कदमहवा मन्दिर, सतिया माईलगायतका मन्दिर र गाउँ गाउँमा पानी पार्न किसानहरूले अखण्ड कीर्तन गरिसकेका छन् ।

मर्चवार, धकधई, फर्सासटिकर लगायतका गाविसमा रातिमा बच्चाहरूले भ्यागुतोलाई समातेर खुट्टामा धागोले बाँधी कालकलौटी खेल खेले ।

कति ठाउँमा त किसानहरूले रातभर भजनकीर्तन नै लगाए । तराईका कयौं भागमा भगवान् रिसाएकाले पानी नपरेको भ्रममा भगवान्लाई खुसी पार्न भन्दै यस्ता धार्मिक कार्य गरिने प्रवृत्ति अझ पनि जारी छ ।

खडेरीले तहसनहस पारिरहँदा वैकल्पिक उपाय अपनाउँदै बाली जोगाउनु वा राहतका लागि पहल गर्नु साटो भगवान्का नाममा यस्ता गतिविधि गर्ने प्रवृत्तिले किसानहरू उल्टो पीडित बनिरहेका छन् । वैज्ञानिक कृषि प्रविधि, वैकल्पिक सिँचाइ प्रणाली, जलाधार स्रोतको संरक्षण र कुलाहरूको सरसफाइ, मर्मत सम्भार गर्नसके पनि कयौं भागको बाली जोगाउन सकिने सम्भावनाप्रति ध्यान गएको छैन ।

कतिपय सचेत किसानहरूले सुक्खाग्रस्त क्षेत्र घोषणा गरी राहत उपलब्ध गराउन र वैज्ञानिक सिँचाइ प्रणाली अपनाई बाली जोगाउन माग गरिरहेका छन् । तर, धार्मिक अन्धविश्वासमा अल्झेका कृषि अधिकारीहरू र सरकारी निकायले त्यस्तो माग सुनिरहेका छैनन् ।

खडेरीबाट बच्न के उपाय दिनुहुन्छ ? यस्तो प्रश्नमा वैज्ञानिक कृषि प्रणालीको उपहास गर्दै कृषि अधिकारी अब्दुलले विनाहिच्किचाहट भने, 'अरू केही विकल्प छैन, पानी देऊ भनेर भगवान्को पूजापाठ गर्नुबाहेक ।'

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)



कुशल व्यवस्थापकको सपना : विविए अध्ययनरत विद्यार्थीहरू

# गुणस्तर मुलुकमै

■ छत्र कार्की/काठमाडौं (तस्वीरहरू: तेजबहादुर बस्नेत)

**उच्चशिक्षाको लागि आफ्नो रुचिको विषय पढ्न विदेश नै जानु पर्ने बाध्यता छ अब। मुलुकभित्रै आफ्नो रुचिअनुसारका विभिन्न व्यवहारिक विषय पढ्न सकिन्छ। त्यसैले होला, डाक्टर, इन्जिनियर बन्न मरिहत्ते गर्ने मेधावी विद्यार्थीहरू अहिले सूचना प्रविधि, व्यवस्थापन र मानविकीमा समेत आफ्नो 'क्यारिअर' बनाउन लागिपरेका छन्।**

'प्रमाणपत्र तह वा प्लस टु पछि उच्चशिक्षाको लागि मुलुकभित्र स्तरीय कलेज नै भएनन्', डेढ दशक अघिसम्म धेरै विद्यार्थी र अभिभावकबाट यस्तै गुनासा सुनिन्थे। त्यति बेला मेधावी विद्यार्थीहरू मेडिसिनमा प्रवेश पाउन महाराजगन्ज मेडिसिन क्याम्पस र इन्जिनियरिङको लागि पुल्चोक क्याम्पसद्वारा सञ्चालित परीक्षाको कडा प्रतिस्पर्धामा उत्रन्थे। सीमित सिटका कारण थोरै अंक नपुगेर नाम निकाल्न नसक्दा ठिकै आर्थिक हैसियत भएका विद्यार्थीले पनि मेडिसिन वा इन्जिनियरिङको सट्टा अरू नै विषय छान्नुपर्ने अवस्था थियो। सम्भ्रान्त परिवारका विद्यार्थीहरू भने उच्चशिक्षाको लागि अमेरिका, जापान, बेलायत, भारतलगायत विभिन्न मुलुक जाने गर्थे।

अहिले उच्चशिक्षाको लागि आफ्नो रुचिको विषय पढ्न विदेश नै जानु पर्ने अवस्था छैन। मुलुकभित्रै आफ्नो रुचिअनुसारका विभिन्न व्यवहारिक विषय पढ्न सकिन्छ। त्यसैले होला, डाक्टर, इन्जिनियर बन्न मरिहत्ते गर्ने मेधावी विद्यार्थीहरू अहिले सूचना प्रविधि, व्यवस्थापन र मानविकीमा समेत आफ्नो 'क्यारिअर' बनाउन लागिपरेका छन्। त्यसमा



# कुन कति खर्चिलो ?

| कोर्सको नाम | अवधि | खर्च |
|---|---|---|
| बिबिए | ४ वर्ष | १ लाख ५० हजारदेखि ३ लाख २५ हजारसम्म |
| बिआइएम | ४ वर्ष | १ लाख ९० हजारदेखि २ लाख १० हजारसम्म |
| बिसिआइएस | ४ वर्ष | १ लाख ५० हजारदेखि २ लाख ७५हजारसम्म |
| बिआइटी | ४ वर्ष | १ लाख ४० हजारदेखि २ लाख ५० हजारसम्म |
| बिबिआइएस | ४ वर्ष | १ लाख ५० हजारदेखि ३ लाख २५ हजारसम्म |
| ब्याचलर इन डेभ्लपमेन्ट स्टडिज | ४ वर्ष | २ लाख २५ हजार |
| ब्याचलर इन होटल म्यानेजमेन्ट | ३ वर्ष | ३ लाख ६० हजार |
| ब्याचलर इन ट्राभल एन्ड टुरिज्म | ३ वर्ष | २ लाख |
| बिइ | ४ वर्ष | २ लाखदेखि ३ लाख ५०हजारसम्म |
| ब्याचलर इन आर्किटेक्चर | ५ वर्ष | २ लाख ५० हजारदेखि ३ लाख ५० हजारसम्म |
| बिएस्सी नर्सिङ | ४ वर्ष | ५ लाखदेखि ६ लाखसम्म |
| बिएस्सी एजी | ४ वर्ष | २ लाख ७५ हजार |
| बिपिएच/बिफर्मा | ४ वर्ष | ३ लाखदेखि ४ लाखसम्म |
| एमबिबिएस | ५ वर्ष | १५ लाखदेखि २५ लाखसम्म |

| विद्यार्थी संख्या | त्रिवि | पूर्वाञ्चल | पोखरा | काठमाडौं |
|---|---|---|---|---|
| ब्याचलर्स तह | ५५,९५५ | ६,००० | ४,००० | ३,७०० |
| मास्टर्स तह | १८,६४४ | २,००० | १,००० | ४०० |


पनि व्यवस्थापनमा हरेक वर्ष विद्यार्थीको चाप ह्वात्तै बढिरहेको छ। अहिले ५० प्रतिशतभन्दा बढी विद्यार्थीले उच्चशिक्षा हासिल गर्ने क्रममा व्यवस्थापन नै रोज्ने गरेका छन्। एपेक्स कलेजका प्रिन्सिपल एलपी भानु शर्मा भन्छन्, 'व्यवस्थापन शिक्षामा अपनाइएको नयाँ शैलीको शिक्षण पद्धतिले गर्दा विद्यार्थीको ध्यान तानिएको छ। सेमेस्टर प्रणाली, अन्तर्राष्ट्रियस्तरको पाठ्यक्रम, व्यवहारिक सिकाइलगायत कारणले यसमा विद्यार्थीको चाप बढेको छ।' त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका सहायक डिन सुनीति श्रेष्ठ अहिलेको नयाँ व्यवस्थापनका कार्यक्रम अनुसन्धानमूलक भएकोले उपयोगी भएको बताउँछिन्। उनी भन्छिन्, 'अन्तरक्रिया, कक्षाकार्य, प्रोजेक्ट कार्यलगायत विद्यार्थी केन्द्रित विधिका कारण यसको साख बढेको छ।'

अहिले नेपालमै विभिन्न शिक्षण संस्थाले अन्तर्राष्ट्रियस्तरका कोर्स पढाइ सुरु गरेका छन्। पश्चिमी मुलुक ती विषयमा जति रकम लाग्छ, त्यसको १० प्रतिशत खर्चमै मुलुकभित्र उच्चशिक्षा हासिल गर्न सकिन्छ। पछिल्लो समयमा मुलुकभित्रै उच्चशिक्षा हासिल गर्ने अवसर बढेपछि भारतबाट प्लस टु सिध्याएका नेपाली विद्यार्थी उच्चशिक्षाको लागि मुलुकमै आउन थालेका छन्। एक सर्वेक्षणका अनुसार पछिल्ला वर्षमा एसएलसीपछि भारत पढ्न गएकामध्ये २० प्रतिशतजति विद्यार्थी प्लस टु सिध्याएर उच्चशिक्षाको लागि नेपालमै आउने गरेका छन्। अर्कोतर्फ मुलुकको अस्थिर राजनीतिक वातावरणले गर्दा पश्चिमी मुलकमा पढ्न जाने विद्यार्थीको हिस्सा अझै पनि धेरै छ। अहिले पनि भारतबाहेक बर्सेनि १० हजार विद्यार्थी युरोप र अमेरिका जाने गर्छन्, जसले गर्दा वार्षिक १० अर्बजति पुँजी बाहिर गएको छ।

प्लस टु वा प्रमाणपत्र तह उत्तीर्ण विद्यार्थीले त्रिभुवन, काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले सुरु गरेका नयाँ विषयहरूमध्येबाट आफ्नो रुचि र आर्थिक हैसियतअनुसार विषय छनोट गर्दा उपयुक्त हुन्छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजमा इन्जिनियरिङ वा मेडिसिनमा नाम निकाल्न सके न्यून शुल्कमा पढ्न सकिन्छ भने निजी कलेजमा इन्जिनियरिङको तुलनामा मेडिसिन पढ्नु धेरै महँगो हुन्छ। शुल्कको हिसाबले सस्तो हुने व्यवस्थापनतर्फ त्रिभुवन विश्वविद्यालयको तीनवर्षे बिबिएस प्लस टु वा आइकमपछि आम विद्यार्थीले छनोट गर्छन्। त्यसैगरी स्नातकमा मानविकी, विज्ञान, शिक्षाअन्तर्गत पनि धेरै विषय छान्न सकिन्छ। अहिले मेधावी विद्यार्थी डाक्टर वा इन्जिनियरमात्र बन्नु पर्छ भन्ने सोचाइ विद्यमान छैन। ग्लोबल कलेज अफ म्यानेजमेन्टका भाइस प्रिन्सिपल नरबहादुर विष्ट भन्छन्, 'विशिष्ट र प्रथम श्रेणीमा प्लस टु पास गरेका विद्यार्थी पनि म्यानेजमेन्टप्रति आकर्षित भएका छन्', एलए कलेज अफ म्यानेजमेन्टका बिबिए को-अर्डिनेटर सजेस राजभण्डारी भन्छन्, 'बिबिएमा भर्ना हुन आउने विद्यार्थीमध्ये विज्ञान र व्यवस्थापनका आधा आधा जस्तै छन्।'

पढाइ पूरा गर्नसाथ बजारमा तुरुन्तै रोजगारी पाउन सकिने खालका व्यवस्थापन र आइटीका कोर्स पनि सुरु भएका छन्। त्रिभुवन, काठमाडौं, पूर्वाञ्चल र पोखरा विश्वविद्यालयले सुरु गरेका बिबिए कोर्स एक दशकमै लोकप्रिय बनेको छ। सरकारी क्याम्पसहरू शंकरदेव र मीनभवन

# व्यापारिक होइन, सेवामूलक हुनु पर्छ


सुरेशराज शर्मा, उपकुलपति, काठमाडौं विश्वविद्यालय

**अहिले मुलकको उच्चशिक्षाको अवस्था कस्तो छ ?**

२०४८ साल अघिसम्म उच्चशिक्षामा निजी क्षेत्रको प्रवेश थिएन। निजी क्षेत्र आएपछि उच्चशिक्षाले धेरै फड्को मारेको छ। उच्चशिक्षामा आफूले चाहेको विषय पढ्नको लागि अब विदेश जानु पर्ने बाध्यता छैन। मुलुकभित्रै इन्जिनियरिङ, मेडिसिन, व्यवस्थापन र सोसल साइन्ससँग सम्बन्धित विभिन्न विषयको स्तरीय पठनपाठनको व्यवस्था छ। यस अवधिमा एक दर्जनभन्दा बढी मेडिकल कलेज, १ सयभन्दा बढी व्यवस्थापन कलेज, तीन दर्जन जति इन्जिनियरिङ कलेज स्थापना भएका छन्।

**उच्चशिक्षा किन रोजगारमुखी बन्न नसकेको ?**

अहिले पनि उच्चशिक्षाको क्रममा ठूलो संख्यामा विद्यार्थीहरू साधारण विषय पढ्छन्, जसले विद्यार्थीमा सिर्जनात्मक क्षमता विकास गर्नेभन्दा पनि सैद्धान्तिक ज्ञानमा जोड दिइएको पाइन्छ। उच्चशिक्षा लिएपछि व्यक्तिले समाजमा गएर केही सिर्जनात्मक काम गर्न सक्नु पर्छ। रोजगारी खोज्नेमात्र होइन, सिर्जना गर्न सक्ने खालको जनशक्ति तयार पार्नु पर्छ। तर, हामीकहाँ १५ वर्षसम्म पढेको मानिसमा सीप, क्षमताको त कुरै छाडौं, विषयगत ज्ञानमा समेत कमजोर हुन्छ। धेरैजसो मास्टर्स सिध्याएका विद्यार्थीको हालत पनि यस्तै छ। व्यवहारिक पक्षलाई महत्त्व दिन नसक्दा नै उच्चशिक्षा रोजगारमुखी बन्न नसकेको हो।

**नजी क्षेत्रको उच्चशिक्षा महँगो भयो भन्ने गुनासो छ नि ?**

सरकारले लगानी नभएको कलेजमा विद्यार्थीबाट लिएर नै व्यवस्थापन गर्नु पर्छ। महँगो भयो भन्ने गुनासा पनि छन्, तसर्थ निजी क्षेत्रले पूर्णरुपले व्यापारिक मानसिकताभन्दा पनि सेवामूलक भावना लिएर अघि बढ्नु पर्छ। कोही विद्यार्थी मेधावी छ भने ऊ आर्थिक कारणले उच्चशिक्षा हासिल गर्नबाट वञ्चित हुनु हुँदैन। जेहन्दार र आर्थिकरुपले विपन्न विद्यार्थीलाई प्राथमिकता दिनुपर्छ। त्यस्ता विद्यार्थीको उच्चशिक्षाका लागि 'छात्रवृत्ति ऋण'को लागि पहल गर्नु पर्छ। हामी गरिब र मेधावी विद्यार्थीका लागि 'छात्रवृत्ति कोष' बनाउनेबारे सोचिरहेका छौं।

**पछिल्लो समयमा व्यवस्थापनमा किन ठूलो संख्यामा विद्यार्थी आकर्षित भएका हुन् ?**

हरेक क्षेत्रमा दक्ष व्यवस्थापकको खाँचो छ। प्रतिस्पर्धाको दुनियाँमा दक्ष व्यवस्थापकविना कुनै संस्था चल्न सक्दैन। त्यसैले व्यवस्थापन पढेका विद्यार्थीको लागि अवसर बढी छ। पछिल्लो समयमा बिबिए, बिआइएम, बिआइटी, बिसिआइएस, बिआइटीजस्ता कार्यक्रम व्यवहारिक र लोकप्रिय छन्। विश्व भूमण्डलीकरणको अवधारणाले गर्दा रोजगारीको क्षेत्र पनि विस्तार भएको छ, यिनै कारणले विद्यार्थीहरू व्यवस्थापनतर्फ तानिएका हुन्। ■

रक्याम्पसलगायत मुलुकभरिका दुई दर्जनजति निजी कलेजले बिबिए पढाइ सञ्चालन गरेका छन्। त्यसैगरी आइटी र व्यवस्थापनलाई मिलाएर सञ्चालन गरिएका पूर्वाञ्चलको बिआइटी, पोखराको बिसिआइएस, त्रिविको बिआइएम, काठमाडौंको बिबिएसलगायत कार्यक्रम पनि धेरै विद्यार्थीको छनोटमा परेको छ। त्यसो त मुलुकभर आधा दर्जनजति कलेजले नै एमबिएको पढाइ सुरु गरेका छन्।

परिवर्तित सन्दर्भसँगै कलजेहरू नयाँ नयाँ विषय छनोट गरेर विद्यार्थीको ध्यान खिच्ने रणनीतिमा छन्। नेपालमै पहिलोपल्ट काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन लिएर ब्याचलर इन डेभ्लपमेन्ट स्टडिज कार्यक्रम चलाएको बालुवाटारस्थित नेसनल कलेजले यसै वर्षदेखि ब्याच्लर इन डेभ्लपमेन्ट फाइनान्स कार्यक्रम चलाउने भएको छ। नेसनल कलेजका प्रिन्सिपल माधवप्रसाद न्यौपाने भन्छन्, 'खासगरी बैंकिङ र बिमा क्षेत्रलाई लक्षित गरेर यो कार्यक्रम सञ्चालन गरेका हौं।' त्यसैगरी एपेक्स कलेजले बिबिए इन बैंकिङ एन्ड इन्स्युरेन्स कार्यक्रम सुरु गरेको छ। बिबिए, बिई कार्यक्रम चलाउँदै आएको हिमालयन ह्वाइट हाउस कलेजले ब्याचलर इन लिवरल आर्टस् कार्यक्रम सञ्चालन गरेको छ।

व्यवस्थापन र प्राविधिक विषयमा विद्यार्थीको रोजाइ बन्न थालेपछि कलेजहरूले कार्यक्रम थपिरहेका छन्। नोबेल कलेजले पनि स्वास्थ्य क्षेत्रका नर्सिङ, पब्लिक हेल्थ कार्यक्रम पनि सञ्चालन गरेको छ। नोबेल कलेजका अध्यक्ष सुरेन्द्र श्रेष्ठ भन्छन्, 'मुलुकभित्र मात्र नभएर बाहिर पनि त्यस्ता विषयमा रोजगारीको प्रशस्त सम्भावना छ।' स्नातक तहमा बिएस्सी एजी र बिभिएसी कार्यक्रम चलाउँदै आएको भक्तपुरस्थित हिकास्टले चलाउँदै आएको छ। हिकास्टका निर्देशक डा. विनायकप्रसाद राजभण्डारी अस्पष्ट नीतिले गर्दा कृषि उच्चशिक्षाले फड्को मार्न नसकेको बताउँछन्।

धेरै कलेजले आफ्ना शैक्षिक कार्यक्रम आइटीसँग जोडेका छन्। एपेक्स कलेजका निर्देशक टीका उप्रेती भन्छन्, 'अहिलेको समयमा उच्चशिक्षालाई आइटीसँग जोडेर लानु आवश्यक छ।' उप्रेतीका अनुसार एपेक्सको सम्पूर्ण पाठ्यक्रम, विद्यार्थी मूल्यांकनलगायत कार्यक्रम आइटीअन्तर्गत छन्। डेढ दशकअघिसम्म इन्जिनियरिङ पढ्ने विद्यार्थीको भीड पुल्चोकमा मात्र लाग्थ्यो भने अहिले त्यो अवस्था अन्त्य भएको छ। सिभिल, मेकानिकल, कम्प्युटर, इलेक्ट्रिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन र ब्याचलर इन आर्किटेक्ट (बिआर्क) पढाइ हुने पुल्चोक क्याम्पसमा भर्ना पाउन अझै उच्च प्रतिस्पर्धा गर्नु पर्छ। कान्तिपुर, काठमाडौं, एडभान्स, हिमालय र नेसनल कलेजले त्रिविसँग सम्बन्धन लिएर बिई चलाएका छन् भने एक्मी, ख्वप:, कान्तिपुर सिटी, सिट, हिमालयन ह्वाइट हाउस, इस्टर्न कलेज विराटनगर पूर्वाञ्चल विश्वविद्यालयसँग आबद्ध छन्। काठमाडौं विश्वविद्यालय धुलिखेलले भने आफैं बिई सञ्चालन गरेको छ। त्यसैगरी नेपाल इन्जिनियरिङ, कसमस,



विआइएम कोर्स अध्ययनरत विद्यार्थीहरू

# दक्ष जनशक्तिको खाँचो छ



**डा. भूषणराज श्रेष्ठ**
आइटी शिक्षा विशेषज्ञ

**आइटी शिक्षा कुन रूपमा अगाडि बढिरहेको छ ?**

अहिले आइटीमा धेरै नयाँ नयाँ विषय आएका छन् । केही वर्ष अघिसम्म प्रमाणपत्र तहपछि कम्प्युटर इन्जिनियरिङ मात्र विकल्पको रुपमा थियो । अहिले चाहिँ व्यवस्थापनसँग गाँसिएका बिआइएम, बिबिआइएस, बिसिआइएस, बिआइटीलगायत कोर्स पनि पढ्न पाइन्छ । आइटी उत्तीर्ण स्नातकहरूले मुलुकभित्र मात्र होइन बाहिर गएर पनि राम्रो गरेका छन् । यति हुँदाहुँदै पढाउनको लागि चाहिने दक्ष आइटी जनशक्तिको आवश्यकता छ ।

**मुलुकको आइटीको अहिलेको अवस्था कस्तो छ ?**

मुलुकमा आइटी प्रगतितर्फ लम्किरहेको छ । तर, जुन रूपमा आइटीको विकास हुनुपर्थ्यो, त्योचाहिँ हुन सकेको छैन । यहाँका धेरैजसो बैंकहरू आइटीमा गएका छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, केही शिक्षण संस्थाले पनि आइटी प्रयोग गरेका छन् । सबैले अहिलेको जमानामा आइटी चाहिन्छ भन्ने बुझेका छन् । तर, सरकारी निकाय र धेरै निजी व्यवसायिक प्रतिष्ठानहरू हैसियत भएर पनि आइटीमा गएका छैनन् । हाम्रो मुलुकमा आइटीको सम्भावना धेरै राम्रो छ । भौगोलिकरुपले नेपाल भूपरिवेष्टित भएकाले अरू उद्योगधन्दामा प्रतिस्पर्धी बन्न सजिलो छैन । यस्तो अवस्थामा हामीले आइटीलाई ठूलो उद्योगकै रुपमा विकास गर्नसक्ने सम्भाव्यता छ ।

**आइटीमा अपेक्षित विकास गर्न नसक्नुको कारण के होला ?**

आइटीको विकासमा सरकारको भूमिका महत्त्वपूर्ण हुन्छ । तर, यहाँ भने आइटीसम्बन्धी स्पष्ट सरकारी नीति छैन । हाम्रै छिमेकी मुलुक चीन र भारतले आइटी क्षेत्रमा धेरै नै प्रगति गरेका छन् । आइटीमा अग्रणी मुलुकको दाँजोमा हामी जान सकेका छैनौं । आइटीलाई 'आउट सोर्सिङ विजिनेस'का रुपमा विकास गरिएको छैन । धेरै पहिले नै हामीकहाँ उच्चस्तरीय प्रविधि भित्रिएर पनि समयअनुसार विकास गर्न सकेनौं । जस्तो- टेलिकम सुरुवात गर्दा डिजिटल कम्युनिकेसनमा हामी दक्षिण एसियामै अगाडि थियौं । तर, अहिले पछाडि परिसकेका छौं ।

**विकास र आइटीको सम्बन्ध कस्तो हुन्छ ?**

विकासमा आइटीको महत्त्वपूर्ण भूमिका हुन्छ । अहिलेको अवस्थामा आइटी र विकास एक-अर्काका अभिन्न अंगजस्तै भएका छन् । त्यसो त अहिले 'इ गभर्नन्स' मुद्दाले प्रमुखता पाएको छ, विश्वभरि नै । वातावरण व्यवस्थापन, सहरीकरण योजना, दैविक विपत्ति नियन्त्रणलगायत क्षेत्रमा आइटीले प्रभावकारी भूमिका खेल्न सक्छ । इ-लर्निङ, टेलिमेडिसिन, स्ट्रेन्थ आयरलेस टेक्नोलोजीलगायत प्रविधिमा आइटीकै कारण विकास भएका हुन् । त्यसैले शिक्षा, स्वास्थ्य, विज्ञान, आर्थिक, निर्माणलगायत सबै क्षेत्रको विकासका लागि आइटी अपरिहार्य छ । ■

एपेक्स, नेपाल कलेज अफ इन्फर्मेसन टेक्नोलोजी, लुम्बिनी इन्जिनियरिङलगायतका कलेजले पोखरा विश्वविद्यालयबाट अनुमति लिएर बिई चलाएका छन् । पहिले बिई (कम्प्युटर)मा विद्यार्थीको चाप रहँदै आएकोमा अहिले धेरैजसो विद्यार्थी इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसनमा आकर्षित भएको देखिन्छ ।

२०३५ सालदेखि एमबिबिएस सुरु भएको त्रिविअन्तर्गत चिकित्साशास्त्र अध्ययन संस्थान, महाराज क्याम्पसमा स्थान पाउन कडा प्रतिस्पर्धा गर्नु पर्छ । ४० सिटको लागि ५ हजारजति विद्यार्थीले प्रतिस्पर्धा गर्छन् । अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेससँग सम्बन्धन लिएर सञ्चालित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, काठमाडौं विश्वविद्यालयसँग सम्बन्धन पाएका मणिपाल कलेज पोखरा, काठमाडौं मेडिकल कलेज, नेपाल मेडिकल कलेज र नेपालगन्ज मेडिकल कलेज, त्रिविबाट सम्बन्धन पाएका युनिभर्सल मेडिकल कलेज वीरगन्ज मेडिकल कलेजमा भर्ना पाउन पनि सरल छैन ।

निजी कलेजले मनपरि चर्को शुल्क लिएको गुनासो पनि आएको छ । मध्यमस्तरको शुल्कबाट गुणस्तरीय शिक्षा दिने उद्देश्यले प्रोफेसनल एजुकेटर लिमिटेड नामक पब्लिक कम्पनीबाट ग्लोबल कलेज अफ म्यानेजमेन्ट सुरु भएको उक्त कलेजका अध्यक्ष डा. तिलक रावल बताउँछन् । उनी भन्छन्, 'सरकारी कलेजमा शुल्क सस्तो भए पनि शिक्षण गुणस्तरीय नभएको र निजी कलेजको शुल्क धेरै भएकाले मध्यमस्तरको शुल्कमा पढाइ चलाएका छौं ।'

अहिलेको परिप्रेक्ष्यमा उच्चशिक्षा बढी व्यवहारिक, जीवनमुखी र विश्वको जुनसुकै ठाउँमा गएर पनि प्रतिस्पर्धा गर्न सक्ने खालको हुनु पर्छ । हाम्रो समस्या भनेको जुन रूपमा फ्याकल्टी विकास हुनु पर्ने हो, भएको छैन । नयाँ खालका राम्रा विषय सुरु गरे पनि पढाउने शिक्षकको अभाव छ । बीसौं वर्षसम्म पढाएका शिक्षकले पनि आफूलाई 'अप टु डेट' गरेको पाइँदैन । आइटीमा आधारित व्यवस्थापन पढाउँदै आएको प्राइम कलेजका प्रिन्सिपल नरेशप्रसाद श्रेष्ठ भन्छन्, 'उच्चशिक्षामा व्यवस्थापनको सही मर्मअनुसार पढाउने शिक्षकको ठूलो अभाव छ ।' ■




"Its not just about a **Career** but about a **Wonderful Future!"**

In this fast paced world not only academic education but effective outlook is necessary for a bright career. That's why we at **Asian College for Advance Studies** believe in not just offering a strong foundation for a great career but shaping it for a **wonderful future.**

**Admission Open**

**B.Sc Nursing**
(Bachelor of Science in Nursing)
Duration: 4 yrs Intake: +2/I.Sc

**BN**
(Post Basic Bachelor in Nursing)
Duration: 2 yrs Intake: Staff Nurse

**BPH**
(Bachelor of Public Health)
Duration: 3yrs
Intake: +2/I.Sc, PCL Health Science.

**B. Pharmacy**
(Bachelor of Pharmacy)
Duration: 4 yrs
Intake: +2/I.Sc, PCL Pharmacy.

**Features:**
- Highly experienced teaching faculty and management lead by **Prof. Toran Bahadur Karki,** Former Vice Chancellor of Purbanchal University
- Easily accessible location
- Transportation facility
- Convenient public transportation mobility
- Rich Library
- 24 Hr Internet facility
- Well equipped laboratories
- Hostel facility

**Form Submission Deadline:** Bhadra 15, 2063
**Entrance Exam:** Bhadra 18 to 24, 2063

Asian Foundation of Education & Research Pvt. Ltd.
**ASIAN COLLEGE FOR ADVANCE STUDIES**
(Affiliated to purbanchal University)
GPO Box:24122 Satdobato, Lalitpur
Tel: 5540183, 2230359
Regd. 31151/061
shaping the future



**NATIONAL COLLEGE**
*OFFERS*
KATHMANDU UNIVERSITY AFFILIATED PROGRAMS

**(BDevS)** Since 1999
**Bachelor in Development Studies (BDevS)**
a four year eight semesters interdisciplinary program focusing on sustainable development

**BDFin** Since 2006
**Bachelor in Development Finance (BDFin)**
a four year eight semesters program focusing on financial sectors including Banking, Insurance and Financial Institutes.

**NATIONAL COLLEGE**
Centre for Development Studies
Baluwatar, Phone: 4440410, 4420871, E-mail: nationalcollege@subisu.net.np
website: www.nche.edu.np



पहिलो स्वर्ण पदक विजेता कमल बहादुर अधिकारी

# आतंकको छायाँमुनि

■ नवीन अर्याल/कोलम्बो (श्रीलंका)

तस्वीरहरू : एनएफपिजे

**दुई वर्षअघि** प्रलयकारी सुनामीको छालले आहात श्रीलंका दक्षिण एसियाली खेलाडीहरूमाझ सबैभन्दा ठूलो चाडको रूपमा मनाइने दक्षिण एसियाली खेलकुद प्रतियोगिताको आयोजनाका लागि यति छिटो तयार होला भनेर कमैले सोचेका थिए। यसमा पनि २४ वर्षदेखि देशमा जारी गृहयुद्ध र एक महिनाअघि मात्र तमिल पृथकतावादीसँग शान्तिवार्ता भंग भएपछि रक्तरंजित श्रीलंकाले यस क्षेत्रकै सबैभन्दा सम्मानित प्रतियोगिता आयोजना गर्ला भनेर कमैले कल्पना गरेका थिए।

तर, भदौ २ गते (गत शुक्रवार) राजधानी कोलम्बोको सुगाथादासा रंगशालामा तीनघन्टा लामो विविध कार्यक्रमबीच राष्ट्रपति महिन्द्रा राजापाक्षेले दक्षिण एसियाली खेलकुद (साग)को दसौं संस्करण सुरु भएको औपचारिक घोषणा गरेपछि एक वर्षदेखि अन्योल र अनिश्चित बनेको दसौं साग विधिवत प्रारम्भ भयो।

प्रतियोगिता हुनुभन्दा एक साताअघि राष्ट्रपतिको

# बिजोग नेपाली टोलीको

**खेल स्थलदेखि** निकै टाढा बस्नु पर्ने बाध्यता र खेलाडीहरू बसेको होटलको लागि सुरुमै तिर्नु पर्ने रकम चुक्ता नगरेका कारण नेपाली खेलाडी तथा अफिसियलहरूले कोलम्बोमा अनावश्यक दुःख झेल्नु परिरहेको छ।

दक्षिण एसियाली खेलकुद (साग)को दसौं संस्करणमा भाग लिन एक साताअघि कोलम्बो आइपुगेका नेपाली खेलाडीहरू प्रतियोगितास्थल सुगाथादासा रंगशालादेखि १२ किलोमिटर टाढा पेगासस रिफ होटलमा बसेका छन्। होटल राजधानी कोलम्बोभन्दा निकै बाहिर समुद्री किनारमा पर्ने हुनाले नेपाली खेलाडीहरूलाई प्रतिस्पर्धाका लागि प्रतियोगितास्थलमा आउन र फर्किन निकै गाह्रो परिरहेको छ। पछिल्लो समय कोलम्बोमा बढेको सवारीको अत्यधिक चाप र विद्रोही तमिल टाइगरहरूको बढ्दो धम्कीका कारण स्थानीय प्रशासनले कोलम्बोको सुरक्षालाई निकै कडा पारेको पृष्ठभूमिमा राजधानी कोलम्बो पस्नुअघि हुने कडा सुरक्षा जाँचका कारण नेपाली खेलाडीहरू प्रायः सधैंझैं एकडेढ घन्टा जाममा पर्ने गरेका छन्।

खेलस्थलदेखि 'वासस्थान निकै टाढा रहेका कारण

वासस्थान ट्याम्पल स्ट्रिटदेखि ३ किलोमिटर टाढा भएको बम विस्फोटको घटनाका कारण करिब एक वर्षदेखि अनिश्चित बनेको दसौं साग यसपालि पनि समयमा आयोजना नहुने आशंका बढेको थियो । भारत, श्रीलंका र दक्षिण अफ्रिकाबीच हुन लागेको त्रिकोणात्मक एकदिवसीय प्रतियोगिताका लागि भारतीय क्रिकेट टोली कोलम्बो पुगेको केही दिनमै भएको बम विस्फोटको घटनाका कारण अफ्रिकाले बीचैमा नाम फिर्ता लिएको थियो । बम विस्फोट भारतीय क्रिकेट टोली बसेको ताज समुद्र होटलदेखि २ किलोमिटर टाढा भएको थियो भने यो घटनामा ३ वर्षीय बालकसहित आठजनाको मृत्यु भएको थियो ।

'आयोजनाको सवै तयारी पूरा भइसकेको हुनाले प्रतियोगिताको तिथि नसारिएको हो । नत्र प्रतियोगिता फेरि पनि सर्न सक्थ्यो', स्थानीय पत्रिका डेली न्युजका वरिष्ठ पत्रकार फर्नान्डो परेराले *समय*सँग भने । दुई वर्षअघि नै आयोजना हुने भनिएको दसौं साग पहिले सुनामीका कारण स्थगित भएको थियो भने यसै वर्ष अप्रिलमा सारिएको यो प्रतियोगिता तमिल पृथकतावादीसँग चर्किएको द्वन्द्वका कारण अनिश्चितकालका लागि स्थगित भएको थियो । सुनामी घटनामा श्रीलंकाका ४० हजार व्यक्तिले ज्यान गुमाएका थिए, जसमा राजधानी कोलम्बोमा मात्र लगभग ६ हजार व्यक्तिको ज्यान गएको थियो ।

'अहिले हामीलाई पदकको भन्दा पनि कुनै गडबडीविना खेल सम्पन्न गर्ने दबाब छ', श्रीलंका ओलम्पिक कमिटीका अध्यक्ष हेमाश्री फर्नान्डो भन्छन् । दसौं सागलाई सुरक्षाको दृष्टिकोणले सबैभन्दा सफल बनाउन अहिले श्रीलंका सरकारले कुनै कसर बाँकी राखेको छैन । खेलस्थल वरपर सतर्क भएर बसेका सुरक्षा अधिकारी र राजधानी कोलम्बो छिर्न रिडरोड बाहिर दैनिकरूपमा गरिने कडा सुरक्षा जाँचका कारण श्रीलंकाले यसपालिको सागलाई प्रतिष्ठाको रूपमा लिएको अनुभव स्थानीय व्यक्तिहरूले गरेका छन । पछिल्लो पल्ट सन् १९९१ मा कोलम्बोमा भएको पाँचौं दक्षिण एसियाली प्रतियोगिताको तुलनामा यसपालि सुरक्षा व्यवस्था निकै कडा पारिएको आयोजक समितिले जनाएको छ । 'हामी कुनै किसिमको खतरा उठाउन चाहँदैनौं', दसौं सागका सुरक्षा प्रमुख एनके इलाङगाकोनले *समय*लाई बताए । उनले साग प्रतियोगिताका लागि मात्र दस हजार सुरक्षाकर्मी खटाइएको जानकारी दिए । 'यो प्रतियोगिताका लागि दस हजार सुरक्षाकर्मी खटाएका छौं', इलाङगाकोन भन्छन् । प्रतियोगिताको उद्घाटन समारोहमा विस्फोट पदार्थ सुघ्न सक्ने सिफर्ड कुकुर र साधा पोसाकमा सुरक्षाकर्मीहरू आयोजनास्थल वरपर खटाइएको थियो ।

सुरक्षाकै कारण यसपालि सागमा सहभागी नेपालबाहेक अन्य सात राष्ट्रका खेलाडी तथा पदाधिकारीहरूलाई राजधानी कोलम्बोभित्रै राखिएको छ । यसमा पनि तमिल पृथकतावादीहरूको सम्भावित हमलालाई लिएर भारत, पाकिस्तान, माल्दिभ्स र श्रीलंकाली खेलाडीहरूको सुरक्षामा बढी नै सतर्कता अपनाइएको छ । 'सबैभन्दा बढी सुरक्षा भारत, पाकिस्तान र श्रीलंकाली खेलाडीहरूलाई दिइएको छ', उनी भन्छन् ।

यद्यपि, भुटान र अफगानिस्तान सुरक्षाको दृष्टिकोणले नेपाल जतिकै सुरक्षित बताइए पनि यी दुवै देशका टोलीहरू कोलम्बो सहरभित्रै छन् । ■

'हामीलाई जान र फर्किन गाह्रो परिरहेको छ', ब्याडमिन्टन खेलाडी बलराम थापाले *समय*सँग भने । दसौं सागमा सहभागी आठ देशमध्ये नेपालमात्र यस्तो देश हो, जसको टोली राजधानी कोलम्बोदेखि बाहिर बसेको छ । सागमा सहभागी भारत, पाकिस्तान, बंगलादेश, भुटान, अफगानिस्तान र माल्दिभ्सका सबै खेलाडीहरू सहरभित्रै बसेका छन् । नेपाली टोली कोलम्बोबाहिर बस्नुमा नेपाल स्वयं जिम्मेवार भएको आयोजक समितिले जनाएको छ । नेपालले दसौं सागका लागि अन्तिम क्षणमा खेलाडीहरूको वासस्थानको व्यवस्थाका लागि कदम चालेको थियो ।

यतिमात्र होइन, वासस्थानका लागि आवश्यक रकम सुरुमै चुक्ता नगरेका कारण गत शनिवार नेपाली खेलाडी र अफिसियलहरू दुई घन्टा होटलको लबीमा बस्न बाध्य भए । 'यो लाज लाग्दो कुरा थियो', नेपाल ब्याडमिन्टनका रेफ्री किरन कारञ्जितले भने । यो घटनामा नेपालको तर्फबाट 'सेभ द मिसन' भएर दुई साताअघि नै कोलम्बो आइपुगेका राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठ स्वयंले पनि दुई घन्टा लबीमा बिताउनु परेको थियो । होटलको पैसा चुक्ता नगरेका कारण नेपाली टोलीलाई होटलले साँचो दिन अस्वीकार गरेको थियो । सदस्य-सचिव जीवनराम खेलाडीहरूको खाना र बसोवासको प्रबन्ध मिलाउन दसौं साग सुरु हुन एक साताअघि नै काठमाडौंबाट रकम बोकेर कोलम्बो आइपुगेका थिए । तर, उनको अपरिपक्वताका कारण नेपाली खेलाडीहरूले दुःख पाए । दसौं सागमा नेपाली टोलीको संख्या धेरै भयो भनेर आयोजक समितिले पहिलो मिटिङमै उनीसँग असन्तुष्टि व्यक्त गरिसकेको छ । दसौं सागमा भाग लिने नेपाली खेलाडी, प्रशिक्षक र


गीता थापा

अफिसियलहरूको कुल संख्या २ सय ७७ रहेको बताइए पनि कोलम्बोमा ३ सय २५ सदस्यीय टोली उत्रिएको थियो, जसमा खेलसँग असम्बन्धित व्यक्तिहरूको पनि सहभागिता छ । कोलम्बो सयर गर्ने टोलीमा एमालेको भातृ संगठन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ (प्रयुसंघ)का काठमाडौं अध्यक्ष गोविन्द भट्टराईलगायत छन् । यसैगरी असम्बन्धित खेलका व्यक्तिहरूलाई टोली नाइके बनाएर पठाइएको छ । आयोजक कमिटीले आशा गरेभन्दा पनि ठूलो नेपाली टोली कोलम्बो अवतरण गरेपछि 'सेभ द मिसन' पनि रहेका सदस्य-सचिव जीवनरामकै प्रतियोगितास्थलमा प्रवेश गर्ने परिचय पत्र समयमा बन्न सकेन । कडा सुरक्षा व्यवस्थाका कारण उनलाई उद्घाटन समारोहमा सुरुमा रंगशालाभित्र प्रवेश गर्न रोक लगाइएको थियो । तर, पछि नेपाल ओलम्पिक कमिटीको पहलमा उनी खेलाडीहरूले मार्चपास गर्नुभन्दा पाँच मिनेटअगाडि मात्र रंगशालाभित्र प्रवेश गरेका थिए । ■



स्वर्ण पदक विजेता सुलोचना सिजख्वा

# अविस्मरणीय प्रदर्शन

■ नवीन अर्याल/कोलम्बो (श्रीलंका) तस्वीरः राष्ट्रिय फोटो पत्रकार समूह

**पदक तालिकामा चौथो स्थानमा रहेको नेपालका लागि बाँकी रहेका खेलहरूमा सबैभन्दा बढी आशा कराँते र तेक्वान्दोबाट गरिएको छ। नेपालले बुधवारदेखि सुरु भएको कराँते खेलमा पहिलो दिन नै स्वर्ण जितेपछि पनि सबैलाई यो आशा पलाएको हो।**

**बसोवासको असुविधा** र खानाको फितलो व्यवस्थाका बीच पनि नेपाली खेलाडीहरूले यहाँ सञ्चालन भइरहेको दसौं सागमा केही अविस्मरणीय प्रदर्शन गरेका छन्।

विशेष गरेर नेपाली भारोत्तोलक कमलबहादुर अधिकारीले ऐतिहासिक प्रदर्शन गरेका छन्। उसुमा नेपालले आशाअनुरूप नै प्रदर्शन गरेको छ। तर, दसौं सागको बुधवार ६ दिनसम्मको खेल सम्पन्न हुँदा नेपालले पौडी, बक्सिङ, सुटिङ, कबड्डी, ब्याडमिन्टन, स्क्वास, महिला साइक्लिङ र टेबल टेनिसमा फितलो प्रदर्शन गरेको छ।

नेपाललाई पहिलो स्वर्ण पदक भारोत्तोलक कमलबहादुर अधिकारीले दिलाए, जुन अहिलेसम्म नेपालले दक्षिण एसियाली खेलकुदमा जितेको अरू स्वर्णको तुलनामा विशेष थियो। सन् १९८४ मा नेपालबाट सुरु भएको दक्षिण एसियाली खेलकुद प्रतियोगितामा अहिलेसम्म नेपालले भारोत्तोलनतर्फ स्वर्ण जित्न सकेको थिएन। सागको २२ वर्ष लामो इतिहासमा नेपालले भारोत्तोलनतर्फ २२ वटा रजत र ८१ वटा काँस्य जितेको थियो। तर, स्वर्णबाट सधैं बञ्चित थियो। 'स्वर्ण जित्नेबित्तिकै सबैभन्दा पहिले मैले आफ्नो देशलाई सम्झिएँ', ६९ केजी तौल समूहमा नेपाललाई स्वर्ण पदक जिताएपछि छोटो प्रतिक्रिया दिने क्रममा कमलले भने। उनले कुल दुई सय ६६ केजी तौल उठाएका थिए। पाकिस्तानका मतिउर रहमानले पनि उतिनै भार उठाएका थिए। तर, पाकिस्तानी खेलाडीभन्दा उनको तौल करिब एक किलोले कम भएको हुनाले उनी स्वर्णको हकदार बने। 'यो मेहनतको फल हो। यसका लागि मैले लामो समयदेखि अभ्यास गरेको थिएँ', ६ वर्षदेखि निरन्तर अभ्यास गरिरहेका चितवनका २८ वर्षीय भारोत्तोलक कमलले *समय*सँग भने।

नेपालले भारोत्तोलनतर्फ दसौं सागमा १ स्वर्ण र १ काँस्य पदक जितेको छ। ८५ केजी तौलसमूहमा ज्ञानबहादुर श्रेष्ठले काँस्य जितेका छन्। दुई वर्षअघि पाकिस्तानको इस्लामाबादमा भएको नवौं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले भारोत्तोलनमा कुनै पनि पदक जितेको थिएन।

नेपाललाई महिलातर्फ पहिलो स्वर्ण उसुमा विना खड्का लामाले दिलाइन्। दसौं सागमा भाग लिने उद्देश्यले दुई महिनाअघि मात्र अमेरिकाबाट नेपाल फर्किएकी विनाले स्वर्ण जित्न उमेरले रोक्दैन भन्ने कुरा पनि प्रमाणित गरिन्। ५ वर्षदेखि आफ्ना पति उसु प्रशिक्षक चन्द्र लामासँगै अमेरिकाको भर्जिनिया राज्यमा बस्दै आइरहेकी विनाले थाउलुअन्तर्गत नानछ्यानतर्फ नेपाललाई स्वर्ण जिताइन्। 'यो मेरो जीवनकै अविस्मरणीय क्षण हो', यसअघिका अन्तर्राष्ट्रिय प्रतियोगितामा तीनवटा पदक जितिसकेकी ३३ वर्षीया विनाले भनिन्। नेपालले तेस्रो स्वर्ण पनि उसुमै जित्यो। राजकुमार रसाइलीले नेपाललाई तेस्रो स्वर्ण दिलाएका हुन्। नेपालले उसुतर्फ २ स्वर्ण, ३ रजत र ६ काँस्य जितेको छ। भुवन श्रेष्ठ, मचाकाजी महर्जन र धनवीर



स्वर्ण पदक विजेता
विना खड्का लामा



स्वर्ण पदक विजेता
राजकुमार रसाइली



कास्य पदक विजेता
भुवन श्रेष्ठ

महर्जनले रजत जिताए ।

बक्सिङतर्फ नेपालका लागि सुशील घिमिरेले रजत जिते । उनी फाइनलमा पाकिस्तानी बक्सर फैसल करिमबाट पराजित हुन पुगे । नेपालले बक्सिङतर्फ १ रजत र ४ काँस्य जितेको छ । नेपालका लागि ललितपुरका महेश रिजालले ५४ केजी बेन्टमवेट, एपिएफका पूर्णबहादुर लामाले ५७ केजी फेदरवेट, आर्मीका अनिल गुरुङले ६९ केजी वेल्टरवेट र आर्मीकै विष्णु रिजालले ८१ केजी लाइट हेभीवेटमा काँस्य जिते । नवौं साफमा नेपालले बक्सिङतर्फ २ रजत र ५ काँस्य जितेको थियो ।

टेबल टेनिसको महिला र पुरुष टिम इभेन्टमा नेपालले २ वटा काँस्य जितेको छ ।

## पौडीमा खराब प्रदर्शन

पौडीमा नेपालको प्रदर्शन सधाफैं खराब रह्यो । काठमाडौंमा सन् १९९९ मा भएको आठौं साफ गेममा महिला चार गुणा दुई सय फ्री स्टाइल रिलेतर्फ स्वर्ण र चार गुणा दुई सय पुरुष प्रतिस्पर्धातर्फ कास्य जितेको नेपाल यसपालि खाली हात स्वदेश फर्किनेछ । तीन वर्षअघि पाकिस्तानको राजधानी इस्लामावादमा भएको नवौं साफमा पनि नेपाली पौडीवाजहरूको प्रदर्शन खराब थियो । उनीहरू खाली हातै फर्किएका थिए ।

यसपालि नेपाली ओलम्पियन खेलाडी नयना शाक्य हिट्सबाटै बाहिरिन् । नेपालले सन् १९८४ मा काठमाडौंमा भएको पहिलो दक्षिण एसियाली खेलमा २ वटा काँस्य जितेको थियो । पहिलो साफ र आठौं साफबाहेक नेपालले पौडीतर्फ अहिलेसम्म कुनै पदक जितेको छैन ।

## हारे पनि पदक

ब्याडमिन्टनतर्फ महिला टिम इभेन्टको पहिलो खेलमै पराजय भोगे पनि नेपालले पदक जितेको छ । भारत, पाकिस्तान, श्रीलंका र नेपालले मात्र सहभागिता जनाएको सो प्रतिस्पर्धामा नेपालबाट सरादेवी तामाङ, सुमिना श्रेष्ठ, सम्झना खालिङ, नेरी थापा र सुजना श्रेष्ठ सहभागी थिए । नेपाल पहिलो खेलमै भारतसँग ५-० ले पराजित भयो । तर, ब्याडमिन्टनमा सेमिफाइनलसम्म पुग्ने टोलीले पदक पाउने नियमअनुरूप नेपालले काँस्य पदक जित्यो । यस प्रतिस्पर्धामा चार देशमात्र सहभागी भएका कारण नेपाल र भारतबीच सिधै सेमिफाइनल खेल भएको थियो ।

नेपालले यो इभेन्टमा कुल तीन काँस्य जितेको छ । नेपाल नम्बर एक खेलाडी सुमिना श्रेष्ठले महिला एकलतर्फ काँस्य जितिन् । उनले ६ वटा देश सहभागी यस इभेन्टमा श्रीलंकाकी नदिसा दयन्तीलाई २१-१६, १७-२१ र २१-१९ को तेस्रो सेटमा पराजित गर्दै सेमिफाइनलमा आफ्नो स्थान पक्का गरेकी थिइन् । विश्व वरीयतामा उनको सुधारिएको र्‍याङकिङका कारण सुमिनाले क्वाटरफाइनलमा बाई पाएकी थिइन् । उनी सेमिफाइनलमा भारतकी बीआर मीनाक्षीसँग २१-१४ र २१-१२ ले पराजित भइन् ।

नेपालले अर्को काँस्य पदक पुरुष टिम इभेन्टमा जित्यो । बलराम थापा, पशुपति पनेरू, रामसिंह चौधरी, इन्द्र मेहता, अनिल लाखे सम्मिलित पुरुष टिम इभेन्टको पहिलो खेलमा माल्दिभ्सलाई ५-० ले जित्नेबित्तिकै नेपाल सेमिफाइनलमा पुगेर काँस्य पदकको हकदार बनेको थियो । यस प्रतिस्पर्धामा भुटानबाहेक सबै देश सहभागी थिए ।

## भरोसा कराँते र तेक्वान्दोको

पदक तालिकामा चौथो स्थानमा रहेको नेपालका लागि बाँकी रहेका खेलहरूमा सबैभन्दा बढी आशा कराँते र तेक्वान्दोबाट गरिएको छ । नेपालले बुधवारदेखि सुरु भएको कराँते खेलमा पहिलो दिन नै स्वर्ण जितेपछि पनि सबैलाई यो आशा पलाएको हो । नेपालकी सुलोचना सुजख्वाले महिला इन्डिभिजुअल कातातर्फ नेपाललाई स्वर्ण दिलाएकी छन् । काठमाडौंमा सन् १९९९ मा भएको आठौं दक्षिण एसियाली खेलकुदमा १४ स्वर्ण पदक जितेको नेपालले दुई वर्षअघि पाकिस्तानमा भएको नवौं साफमा एउटा मात्र स्वर्ण जित्न सफल भएको थियो । तेक्वान्दोमा आठौं साफमा १४ स्वर्ण र नवौं साफमा ६ स्वर्ण जितेर नेपालले इज्जत धानेको थियो ।


## फुटबल खेलाडीलाई समस्या

दसौं सागमा स्वर्ण पदक जित्ने उच्च मनोबलका साथ बैंककबाट अभ्यास गरेर कोलम्बो आइपुगेका नेपाली फुटबल खेलाडीहरू होटल र खानाको असुविधाका कारण समस्यामा परेका छन् ।

नेपाली फुटबल टोली यो प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरिसकेको छ । यसपालिको नेपाली टोलीलाई स्वर्ण पदकको दाबेदार मानिएको छ । नेपाली फुटबल खेलाडीहरू प्रतियोगितास्थलदेखि ९ किलोमिटर टाढा बसेका छन् । प्रत्येक कोठामा तीन/चारजनाको दरले कोचिएर बस्नु पर्ने कारण पनि खेलाडीहरूलाई अप्ठेरो महसुस भइरहेको छ । त्यसमा पनि पिउने पानीको समस्याले गर्दा खेलाडीलाई समस्या पर्न थालेको छ । ■

# संविधानसभाको मार्गचित्र

मुलुक संविधानसभाको राजनीतिमा होमिएका बेला संविधानसभा सम्बन्धी पुस्तकहरूको ओइरो लागिरहेको छ। यसै मेसोमा संविधान ज्ञाता काशीराज दाहालको पुस्तक 'संविधानसभा र संवैधानिक विकास, विश्वको तुलनात्मक अध्ययन' पुस्तक प्रकाशित भएको छ। न्यायपरिषद्को सचिवका नाताले प्रजातन्त्र पुनःस्थापनापछिका वर्षहरूमा नेपालको कानुनी र संवैधानिक विकासलाई प्रत्यक्ष अनुभव गरेका दाहालले पुस्तकमा विश्व संवैधानिक विकासको इतिहासलाई पनि संक्षेपमा केलाउने प्रयास गरेका छन्।




पुस्तक सात परिच्छेदमा विभाजित छ। प्रत्येक परिच्छेदमा विषयअनुसारको व्याख्या र जानकारी दिने प्रयास गरिएको छ। संविधानसभा भनेको के हो, कसरी संविधानसभाको गठन हुन्छ, यसले कसरी काम गर्छ भन्ने जस्ता प्रश्नहरूको उत्तर दिने काम पुस्तकले गरेको छ। पुस्तक विवरणात्मक छ।

संविधानसभा र नेपालको संवैधानिक विकास शीर्षकमा, नेपाल सरकार वैधानिक कानुन-२००४, नेपाल अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान २०१९ र नेपाल अधिराज्यको संविधान २०४७ कसरी निर्माण भए भन्ने तत्कालीन राजनीतिक परिस्थितिको सामान्य चर्चा गर्दै ती संविधानका विशेषताहरू केलाउने काम गरिएको छ। लेखकले राजनीतिकभन्दा कानुनी र संवैधानिक दृष्टिकोणबाट नेपालमा संवैधानिक विकास र प्रयोगको अवस्थाको विश्लेषण गरेका छन्।

सविधान २०४७ का बारेमा दाहालले लेखेका छन्, 'संविधान सुझाव आयोगमा तत्कालीन आन्दोलनकारी राजनीतिक शक्तिहरूको सहभागिता र भूमिका रहेको भए पनि स्थानीय, स्वायत्त र समावेशी राज्य चरित्रका आधारभूत पक्षहरूमा ध्यान पुग्न सकेन। संविधान मस्यौदा आयोगमा राज्यको स्वरूप हिन्दु कि धर्मनिरपेक्ष, प्रतिनिधिसभाको विघटन प्रधानमन्त्रीको विशेषाधिकार कि ससर्त, सन्धि सम्झौताको अनुमोदनको व्यवस्था, राजनीतिक दलहरूको स्वतन्त्रताजस्ता विषयहरूले नै बढी चर्चा पायो। यसरी नेपाल अधिराज्यको संविधान, २०४७ सम्झौताको लिखत बन्न पुग्यो।'

संविधानसभा र निर्वाचन पद्धतिबारे लेखकले विभिन्न देशमा प्रयोग भएका निर्वाचन पद्धतिको बारेमा चर्चा गरेका छन्। नेपालमा चलिरहेको समानुपातिक प्रतिनिधित्व प्रणालीका विशेषता र त्यसले पार्ने प्रभावका बारेमा लेखकले स्पष्ट पार्ने प्रयास गरेका छन्। उनले एकातिर प्रचलनमा रहेको बढीमत/बहुमत निर्वाचन प्रणालीको तुलनामा समानुपातिक प्रणालीले सबै खाले वर्ग, क्षेत्र, जातजाति समेट्न सक्ने सकारात्मक पाटो देखाएका छन् भने समानुपातिक प्रतिनिधित्व प्रणालीले ठूला राजनीतिक दलहरूका लागि घाटा लाग्न सक्ने खतरा पनि औंल्याएका छन्। राजनीतिक दलहरूमा टुट, फूट र विभाजनका लागि यस्तो प्रणाली सहयोगी बन्ने उनको तर्क छ।

त्यसैगरी संविधानसभा र न्यायप्रणाली शीर्षक लेखमा उनले लेखेका छन्, 'संविधानले न्यायको मान्यतालाई आत्सात गरी व्यवहारमा त्यसको अनुभूति दिन सकेन भने शान्ति बिथोलिन्छ, विकास अवरुद्ध हुन्छ, समाजमा विद्रोह हुन्छ। त्यस शाश्वत मान्यतालाई हृदयंगम गरी संविधानमा आम नागरिकलाई शीघ्र, सुलभ र पूर्ण न्याय प्रदान गर्ने उद्देश्यअनुरुपको राज्यको न्यायिक अधिकार र न्यायप्रणालीको सुनिश्चितता हुनु जरुरी छ।' दाहालका अनुसार कुनै पनि मुलुकको लोकतान्त्रिक पद्धतिको भविष्य त्यस मुलुकको न्यायप्रणालीको भविष्यसँगै गाँसिएको हुन्छ। राज्यको कमजोर न्यायप्रणालीबाट लोकतान्त्रिक पद्धति मजबुत हुन सक्दैन। उनले न्यायमूर्ति लर्नेड ह्यान्डको भनाइ राखेका छन्, 'पुरुष र महिला दुवैको मुटुमा न्याय र स्वतन्त्रता लुकेको हुन्छ, जब त्यो मर्छ, न्याय, अदालत, संविधानले केही गर्न सक्दैन।'

अन्तिम परिच्छेदमा सात दल र माओवादी बाह्रबुँदे समझदारी, आठबुँदे सहमति, प्रतिनिधिसभाको घोषणा-२०६३, महिलाअधिकारसम्बन्धी पहिलो घोषणापत्र, सन् १९७६ को अमेरिकी घोषणापत्र लगायत दस्तावेज राखिएको छ। लेखकले पुस्तक संविधान र संविधानसभाका विषयमा जानकारी राख्न चाहनेहरूका निम्ति केही रूपमा भए पनि सूचनामूलक हुन् सकोस् भन्ने उद्देश्यले प्रकाशित गरिएको स्पष्ट गरेका छन्।

■ **विश्वमणि पोखरेल**




**किताब** : जिन्दगीका टिपोटहरू
**विधा** : आत्मवृत्तान्त-दुई
**लेखक** : कृष्णचन्द्रसिंह प्रधान
**पृष्ठ** : १०१
**मूल्य** : रु १४५/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार




**किताब** : नेपाली नाटकमा नारी समस्या
**विधा** : समालोचना
**लेखक** : डा. नन्दमाया नकर्मी
**पृष्ठ** : २०५
**मूल्य** : रु ७१५/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार




**किताब** : नेपाल राष्ट्रिय चाडपर्व
**लेखक** : डा. ऋषिप्रसाद शर्मा
**पृष्ठ** : ३३६
**मूल्य** : रु ३४५/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार




**किताब** : कैफियत प्रतिवेदन
**लेखक** : डा. शङ्करकुमार श्रेष्ठ
**पृष्ठ** : १६०
**मूल्य** : रु १३५/-
**प्रकाशक** : साझा प्रकाशन


अबिन

# टार्गेट ग्रुप

■ नयनराज पाण्डे

**म पन्ध्र वर्षअघि** पहिलो पटक त्यो गाउँमा जाँदा उनीहरू एउटा भोजमा पात चाट्दै थिएँ। भर्खर भर्खर ताजा प्रजातन्त्र आएको थियो त्यतिखेर। त्यो गाउँमा मेरो एनजिओको फिल्ड अफिस छ। मोटर र मोटरबाटो पुगे पनि त्यहाँ अझैसम्म काठमाडौं पुगेको छैन, नेपाल पुगेको छैन। म भने त्यहाँ वर्षको ३-४ पटक पुग्छु।

मेरो एनजिओ चर्चित छ। विदेशी आइएनजिओ र अन्य दातृसंस्थाले पत्याउँछन्। मेरो एनजिओको टार्गेट ग्रुप अर्थात् लक्षित समूह ती निमुखा गाउँले हुन्- जो अशिक्षित र गरिब छन्, जोसित आङ ढाक्ने सुकिला लुगा र खानलाई स्वादिलो परिकार छैन, जोसित देख्नलाई मिठो सपना छैन...

र म हरेक दोस्रो, तेस्रो महिनामा त्यो विकट गाउँ पुग्छु। मेरा टार्गेट ग्रुपहरू अनि मेरो फिल्ड अफिसको आँगनमा ओइरिन्छन्।

'मालिक, यसपालि धेरै फल्ने धानको वीउ ल्याइदिनु भएन ?', उनीहरू प्रश्न गर्छन्। उनीहरू अर्थात् मेरा टार्गेट ग्रुपको तर्फबाट कालेले प्रश्न गर्छ।

म लाचार हुन्छु। यसपटक पनि मैले धेरै उब्जनी हुने वीउ ल्याउन सकिनँ। तर, म बाध्य छु, किनभने त्यो मेरो एनजिओको कार्यक्षेत्रभित्र पर्दैन। ...तर जे होस्- मेरो एनजिओ त्यो गाउँमा पुगेदेखि गाउँलेहरू सपना देख्न थालेका छन्। टाढा कतै उज्यालो छ, हामीसम्म आउन मात्र बाँकी छ भन्ने खालको सपना।

गाउँमा प्रशस्त फोहोर, रोग र भोक छ।... राजनीति पनि प्रशस्त छ ।

भिटामिन ए, कन्डम र निःसर्त संविधानसभाका पोस्टरहरू प्रशस्त छन्।

गाविसले दिएको 'ट्युबेल' वडाध्यक्ष सन्तवीरले आफ्नो घरको आँगनमा गाड्यो।

कामका लागि खाद्यान्नअन्तर्गत आएको चामल कर्णेले आफ्नो भकारीतिर लग्यो।

गाउँको स्कुलको लागि जिविसले उपलब्ध गराएको रकम हेडमास्टर द्वारिकाले भ्वाम पार्‍यो।

यी र यस्ता थुप्रै कुरा गाउँमा आएपछि सुन्न पाइन्छ। कालेले सुनाउँछ। ... र सुनाइसकेपछि भन्छ, 'अब आउँदा धेरै फल्ने धानको वीउ ल्याइदिनुस् है मालिक ?।'

....यति भनेर ऊ आफ्ना निमुखा छोराछोरीलाई खोले पकाउन जान्छ।

काले, मेरो एनजिओको कार्यक्रमको सदस्य। अचेल उसले आफ्नो नाम लेख्न जानेको छ। पहिला ल्याप्चे लगाउँथ्यो। एनजिओको सीपमूलक कार्यक्रममा सहभागी भएर उसले कुर्सी बुनाउन जानेको छ। अरूको भर्‍याङ बन्नु र अरूको लागि कुर्सी बनाउनु- बस् यति नै हो उसको जीवनको सार्थकता।

कालेकी स्वास्नी पोहर मरी। तेस्रो पटक पेट बोकेकी थिई। तर, एकदम मरन्च्याँसे थिई। पेट मात्र पुटुक्क देखिन्थ्यो। कुपोषित अनुहारमा याचना ल्याउँदै ऊ पनि मलाई भन्थी, 'मलाई धेरै फल्ने धानको बीउ ल्याइदिनुस् न।'

...तर उसले तेस्रो बच्चा जन्माउन नसकेर मरी। काले आफ्ना बाँकी दुई सन्तानलाई लिएर एक्लै बस्न बाध्य भयो। काले नै अचेल उनीहरूको आमा भएको छ। खोले पकाएर ख्वाउँछ। बस् यति गरे पुग्छ उसले। लुगा छैन, त्यसैले लगाइदिनु पर्दैन। निदाउन तिनीहरूले जानेकै छन्।

मलाई कालेको माया लाग्छ। आफ्नो टार्गेट ग्रुपको माया लाग्छ। तर, माया गरेर के गर्नु ? ... धेरै फल्ने धानको बीउ मैले ल्याइदिनसकेको छैन। ...र अब त एनजिओको फिल्ड अफिस पनि बन्द गर्नु पर्ने भएको छ। दातृ संस्थाले अनुदान बन्द गरेको छ।... फेरि गाउँ अब पहिले जस्तो पनि त रहेको छैन। एनजिओ धपाऊ भन्न थालेका छन् केही मान्छे। एनजिओ फिर्ता लैजानुस् भन्ने धम्की आउन थालेको छ अचेल।

...आज- मेरो एनजिओको फिल्ड अफिस बन्द हुँदै छ। कार्यक्रम सिद्धिएकाले अब त्यसको औचित्य पनि सिद्धिएको छ। त्यसैले आज आँगनमा काले लगायत सयौं गाउँले भेला भएका छन्। यी सबै मेरा एनजिओका लक्षित समूह हुन्। यिनीहरूमध्ये अधिकांशले अब आफ्नो नाम लेख्न सक्ने भएका छन्।

...कालेको अनुहारमा निराशा छ। हताशा पनि छ। त्यस्तै भाव अरूको अनुहारमा पनि छ।

समापन कार्यक्रम सुरु भयो। दातृसंस्थाका अध्यक्षले तस्वीरमा माल्यार्पण गरे, त्यसपछि पानसमा दियो बाले। त्यसपछि अंग्रेजीमा भाषण गरे।

काले लगायत सबै वाल्ल परेका थिए- सेतो रंगको कुइरे मान्छे देखेर। र, उसको अनौठो भाषा सुनेर। उनीहरू पानस देखेर पनि दंग थिए। पानसमा बलेको बत्तीतिर उनीहरू लगातार हेरिरहेका थिए- अँध्यारो अनुहार लाएर।

....काले लगायत सबैलाई सर्टिफिकेट बाँडियो। उनीहरूले अचम्म मान्दै त्यो ओल्टाइपल्टाई हेर्दै थिए।

'बैंकमा बुझाए पैसा आउँछ ?', एउटाले सर्टिफिकेट हेर्दै अर्कासित हेर्‍यो। 'खै, था'छैन', अर्कोले पनि सर्टिफिकेट हेर्दै जवाफ दियो।

मञ्चमा कालेलाई बोल्न निम्त्याइयो। ऊ अलमल्ल पर्‍यो। उसले माइकमा पुगेर 'हेलो' भन्यो। ... आफ्नै आवाज चर्को रुपमा प्रतिध्वनित भएको सुनेर ऊ जिल्ल पर्‍यो। बढी केही बोल्न सकेन- यति मात्र भन्यो, 'हुन सक्छ भने धेरै फल्ने धानको वीउ पठाइदिनुस्, नेपालबाट।'

कार्यक्रम सिद्धियो। विदेशी पाहुना एक रिल फोटो खिचेर आफ्नै पजेरोमा फर्के। एनजिओका पदाधिकारी, वडाध्यक्ष, स्थानीय राजनीतिज्ञ, गाविस अध्यक्ष जिविस सभापति, हेडमास्टर आदि भोजमा संलग्न भए। यो भोज उनीहरूकै लागि आयोजित थियो। किनभने उनीहरूकै सहयोगले मेरो एनजिओको कार्यक्रम संचालन भएको थियो।

फिल्ड अफिसको सामान ट्याक्टरमा लोड गरियो। ....म जिपमा बसेर फर्कन तयार भएँ।

तर जानुअघि कालेलाई भेट्न मन लाग्यो। म गाडीबाट ओर्लिएँ।

भोज सिद्धिसकेको थियो। कार्यक्रम सिद्धिसकेको थियो। आँगन पूरै रित्तो र सुनसान भइसकेको थियो। कालेलाई मैले कतै देखिनँ। काले मात्र हैन अरुहरूलाई पनि देखिनँ। गाविसको सचिवलाई सोधेँ। उसले भन्यो, 'पछाडि छन्।'

म घर पछाडि गएँ- अगाडिको दृश्य देखेर जिल्ल परेँ । काले लगायत सारा टार्गेट ग्रुप सारा गाउँले भोजमा उब्रिएको, फालिएको जुठो खानेकुरा खाँदै थिए। पात चाट्दै थिए। उनीहरूको अनुहारमा अलिकति खुसी थियो, मानौं यही दिन र यही क्षणका लागि उनीहरू एनजिओको कार्यक्रममा वर्षौंदेखि संलग्न थिए। बस् यही एकदिनको लागि। भोजको जुठो खानको लागि। ...

म पन्ध्र वर्षअघि पहिलो पटक त्यो गाउँमा जाँदा कालेहरूलाई एउटा भोजमा पात चाट्दै गरेको देखेको थिएँ। त्यतिखेर भर्खर भर्खर ताजा ताजा प्रजातन्त्र आएको थियो र आज पन्ध्र वर्षपछि पनि कालेहरूलाई त्यसरी नै पात चाटिरहेको देखिरहेको छु। यतिखेर भर्खर भर्खर ताजा ताजा लोकतन्त्र आएको छ।

...म अवाक् भएँ। स्तब्ध भएँ। ... अनि विस्तारै जिपमा आएर बसेँ। जिप आफ्नो पछाडि धुलोको मुस्लो उडाउँदै अघि बढ्यो र त्यो धुलो गाउँलेहरूको अनुहारमा अभिशाप जस्तै टाँसियो।

काले र उसकी मरेकी स्वास्नीलाई म अचेल बराबर सम्झन्छु र सम्झन्छु उनीहरूको आग्रह- 'मालिक, अब आउँदा धेरै धान फल्ने वीउ ल्याइदिनुस् है ?'

मैले उनीहरूको आग्रहलाई मिति सहित डायरीमा नोट गरेको छु।

.... र डायरीलाई ताल्चा लगाएर दराजमा सुरक्षित राखेको छु।

(समस्या यही छ- अब त्यो दराजको साँचो मसित छैन।) ■



तस्वीरहरू : तेजबहादुर बस्नेत

# जम्यो यो वर्ष

**वर्षभर दुःखको** दुनियाँमा बाँच्न विवश जनतालाई पेट मिच्ने गरी हसाउने जात्राका रुपमा परिचित गाइजात्रा पर्व अन्य वर्षको भन्दा यसपालि पृथक् रहृयो, उन्मुक्त स्वतन्त्रताको हिसावले । यसपालि गाइजात्रामा घोचपेचमार्फत दर्शकलाई हसाउन रंगमञ्चमा ओर्लिएका कलाकारहरूले देखाएको कला कुशलताका हिसाबले पनि गएका वर्षभन्दा भिन्नै हास्यशैलीको अनुभव गरे, हाँस्नका लागी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रज्ञाप्रतिष्ठानको महँगो टिकट काटेका दर्शकले ।

'अब गाइजात्रामा मात्र हाँस्न पाइन्छ भन्ने सोचाइलाई हामीले वाइवाइ गर्न सकौं, नेपालीले सधैं हाँस्न जानून्, हाँस्नका लागि गाइजात्रा नै पर्खिन नपरोस्' मह (मदनकृष्ण र हरिवंश)ले देखाएको यसपालिको गाइजात्राको सार थियो ।

तर, यसपालिको गाइजात्रामा इतिहासमै पहिलोपटक बढी स्वतन्त्र भएर कलाकारहरूले घोचपेच गर्न पाएको कलाकारहरूको अनुभव रहृयो । 'यसपल्ट पूर्णरुपमा स्वतन्त्रतापूर्वक प्रस्फुटन हाँसोलाई गाइजात्रामार्फत बाहिर ल्याएको हामीले मानेका छौं ।' यसपालिको गाइजात्रामा सबैको ध्यान आफूतिर तान्न सफल हास्य कलाकार मनोज गजुरेल बताउँछन् ।

गएका वर्षहरूमा जस्तो कसैको 'क्यारिकेचर' गर्दा भोलि धम्की आउने हो कि भन्ने शंका बोकेर कलाकारहरू रंगमञ्चमा आउनु परेन । 'लोकतन्त्र सबैभन्दा बढी हास्य कलाकारहरूलाई लाग्यो', मनोज अगाडि भन्छन् । मुलुकमा माओवादी समस्या सुरु भएदेखि हास्य विधा मात्र होइन, मनोरञ्जन प्रदान गर्ने धेरै क्षेत्रले खडेरी खेप्नु पर्‍यो । कयौं कलाकारहरू विस्थापित हुन बाध्य भएका थिए । जब माओवादी र सरकार शान्ति वार्ताको टेबुलमा बसे तब धेरैले सुखको सास फेरेको अनुभव गरे, विशेष गरी कलाकारहरूले ।

अन्य वर्षहरूका जस्तै मह जोडी र हास्य कलाकारिता क्षेत्रका नयाँ पुस्ताका रुपमा आफूलाई स्थापित गराइसकेका दीपकराज गिरी, मनोज गजुरेल, दीपाश्री, शिवहरि, जितु-रमन जस्ता हास्य कलाकारहरूले नयाँ तवरबाट मनोरञ्जन पस्के प्रज्ञाप्रतिष्ठान र वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबाट । प्रज्ञाप्रतिष्ठानको हलमा आफ्नो हास्य प्रदर्शन गर्ने पालो पर्खिँदै गरेकी हास्य कलाकार दीपाश्रीले भनिन्, 'गएका वर्षहरूमा मनोरन्जनका रुपमा गाइजात्रा पस्किँदा दर्शकको आँखामा दुःखमा गुज्रँदै गरेको मुलुकको तस्वीर देख्यौं, आफैंलाई खल्लो लाग्थ्यो । तर, यसपालि दर्शकमा उमंग थियो, विजयको उल्लास देखिन्थ्यो । अब मुलुक समस्या समाधानतिर अगाडि बढ्दै गरेको तस्वीर सम्पूर्ण दर्शकको आँखामा देख्न पायौं । यसैलाई हामी कलाकारहरूको बढी सफलता ठान्छौं ।'

## गुजुरेलको उचाइ

हास्य कलाकारका रुपमा आफूलाई स्थापित बनाएर दाम, नाम र इज्जत सोर्न सफल भएका हास्य कलाकार मनोज गजुरेल यसपालिको गाइजात्रामा विशेषरुपले छाए ।

यसअघि राजाको नक्कल कसैकसैले गरेका भए पनि यसरी गाइजात्राको प्रमुख पात्रका रुपमा भने प्रस्तुत गरिएको थिएन । यसो गर्दा पनि मारपिट र धम्की खानु पर्ने हुँदा कलाकारहरूले पनि आँट गर्न सकेका थिएनन् । 'सधैं राजा संविधानभन्दा माथि हुन्छन् भन्ने भ्रमले नेपाली हास्यक्षेत्रलाई पनि गालेको थियो, त्यसैले पनि कमैले आँट गरेका थिए', गजुरेलको भनाइ छ । तर, गजुरेलले बाँध फोडे यसपालि र दर्शकका लागि सबैभन्दा आकर्षणको विषय पनि यही बन्यो । वर्षौंपछि प्रकट भएका माओवादी अध्यक्ष प्रचण्ड र नायकबाट एकाएक खलनायकमा परिणत भएका राजा ज्ञानेन्द्रको 'क्यारिकेचर'लाई खुबै मन पराइयो, यसपालिको गाइजात्रामा ।

जनतामा राजनीतिक चेतना आएकाले नै उनीहरूलाई राजनीतिप्रतिको घोचपेच बढी मन पर्ने अहिलेका हास्य कलाकारहरूको भनाइ रहेको छ ।

■ ज्योति देवकोटा/काठमाडौं

## क्यारिकेचर मास्टर



**पेसाले श्रीकृष्ण सिम्खडा** सञ्चारकर्मी हुन् । तर, एउटा अचम्मकै खुबी छ, श्रीकृष्णमा । एकचोटि मात्र कसैको आवाज सुन्ने मौका पाए भने क्यारिकेचर .(जस्ताको तस्तै नक्कल) गर्न सक्छन् उनी ।

तर, पछिल्ला वर्षहरूमा मिसन हास्य कलाकारिताको नाममा मुलुकको संवेदनशीलतालाई नै वास्ता नगरी हास्य कलाकारहरूले गहन विषयलाई उडाएर प्रस्तुत गर्ने शैलीमाथि भने उनको गुनासो छ । 'मुलुक गम्भीर र संवेदनशील अवस्थामा रहेका बेला कमसेकम हास्य कलाकारले हासो मात्र दिनेभन्दा पनि केही सन्देश दिने दायित्वबाट पनि चुक्नु हुँदैन, नेपाली हास्य विधामा यसको अभाव अझै खड्केको छ', उनी भन्छन् ।

माओवादी अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको शिखरवार्ताको क्यारिकेचर गाइजात्राको अवसरमा कान्तिपुर एफएमबाट प्रसारित गरेर वाहवाही कमाएका सिम्खडाको भनाइ छ, 'राज्य संवेदनशील र गम्भीर भएका बेला त्यसलाई विचार नगरी हाँसोमा मात्र उडाउन खोजियो भने सर्वसाधारणमा गलत सन्देश जान्छ ।'

पछिल्ला वर्षहरूमा फस्टाउँदै गएको मानिएको हास्य मिसन कलाकारिताबारे भने छुट्टै धारणा राख्छन् श्रीकृष्ण, 'हास्य कलाकारहरूले सधैं नेता र अभिनेताको नक्कल गर्नुलाई मात्र मिसन कलाकारिता मान्न हुँदैन, मुख बांगो बनाएर हसाउनु मात्र मिसन कलाकारिता होइन, केही सन्देशसमेत दिनु पर्छ, जुन अहिलेको हास्य मिसन कलाकारितामा अभाव देखिएको छ ।' ■

# दीनहीनका पक्षमा



कास्कीको दाङसिङस्थित नेपानेमा केही समयअघि गएको पहिरोले २८ व्यक्तिको ज्यान गयो। तीमध्ये अझै तीनजनाको त लाससमेत भेटिएको छैन। घटनामा ४२ घर विस्थापित भए। यो घटना आफू जन्मेभन्दा केही परको गाउँमा भएपछि करुण मनका कर्ण दासको हृदयले कसरी मान्थ्यो ? त्यसैले उनले दुई साताअघि ती दीनहीन र छानो उजाडिएका पीडितहरूका लागि कर्ण दास एकल साँझ आयोजना गरे। सानो ठाउँमा पनि उनले दुई लाखभन्दा बढी उठाएर आफ्नै हातले पीडित परिवारहरूलाई हस्तान्तरण गर्न पाए।

मान्छेको जीवन आधा सपना आधा विपना,

आधा हाँसो आधा खुसी अनि आधा पूरा र पूरै आधा-

उनको जीवनको निर्देशक सिद्धान्त पनि त्यही हो। त्यसैले कोही पीडितलाई सहयोग गर्न उनी चुक्न चाहँदैनन्, चाहे त्यो गाएर होस् र भौतिक रुपमै।

नेपाली सांगीतिक क्षेत्रमा कर्ण दासको उदय एउटा यस्तो पपगायकको रुपमा भयो, जसको हातमा गितार र ड्रमको छडी थियो। तर, उनले व्यक्त गर्ने भाव जीवननजिकको थियो। त्यसैले उनको *जिन्दगीको के भरोसामा* अरूले पनि भरोसा जनाए। अहिले उनकी आमा रत्नादेवी मुटुको व्यथाका कारण सिकिस्त हुँदै रहँदा यो साता उनलाई आफ्ना सिर्जनाप्रति झनै विश्वास जागेर आयो- जिन्दगीको के भरोसा ?

कर्ण दास पछिल्लो आधा दशकमा अत्यन्तै रुचाइएका *मेलोडी मेकर* र गायक हुन्। आफ्नो पहिलो एल्बमदेखि पछिल्लो आधा सपनासम्म हरेक एल्बममा जीवन र जगत्सँग नजिकको सम्बन्ध राख्ने गीतलाई राख्न छुटाउँदैनन् उनी। त्यसैले पनि अन्य गायकभन्दा श्रोता कर्ण दाससँग बढी नजिक अनुभव गर्छन्। उनले दोस्रो एल्बम *दाखमा* संसारमा बढ्दै गएको अशान्तिका बारेमा गाएका थिए लोकनाथ मनेनका शब्दलाई- एक्लो रातले बताउँछ किन भिज्यो टुहुरोको सिरानी। तेस्रो *एल्बम जिन्दगीका क्षणमा* उनले परदेशिएका लाहुरेको पीडा गाए- सुनसान रात शीतल पवन। त्यसपछिको एल्बम *व्यर्थै फेरिमा* उनले सामाजिक चेत र जीवनको पीडाभन्दा पनि प्रेम पीडा गाए। तर, यी गीत व्यवसायिक रुपमा त सफल भएनन् नै रेडियोमा पनि उति बजेनन्। यद्यपि, उनको त्यो एल्बम सांगीतिक रुपमा अहिलेसम्मकै उत्कृष्ट एल्बम थियो। यसबाट उनले शिक्षा लिए र जन्म्यो पछिल्लो दशककै सबैभन्दा चर्चित गीत- ठूलाठूला महल होइन। *पुरानो ढुंगा* एल्बमपछि उनी चर्चाको सबैभन्दा अग्रपंक्तिमा देखा परे मेलोडी गायनमा। अरू त अरू उनले रामकृष्ण ढकाललाई समेत ओझेलमा पारिदिए। उनले आधा सपनामा नेपालीहरूका लागि दालभातजस्तै भइरहेको *नेपाल बन्द*लाई व्यंग्य गर्दै गीत रचना गरे- *बन्द कति बन्द, सक्छौ भने हातहरू गरिदेऊ बन्द।* तर, उनको जीवनको विरोधाभास यहाँ पनि जन्म्यो, ठिक यही बेला बन्द हुने क्रम नै बन्द भयो।

'हामी ज्योतिषी होइनौँ, सामाजिक घटनालाई गीतमा उतार्ने गाइने हौँ', कर्ण दास बचाउ गर्छन् गीतको, 'त्यो बेला बन्दबाट हरकोही यति आजित थियौँ, त्यही पीडाबाट यो गीत जन्म्यो। मैले सबैभन्दा बढी आशा गरेको गीत नै सबैभन्दा कम बज्यो।' तैपनि उनी खुसी नै छन्, विकृतिका गीत धेरै गाउनु नपरोस्, सुन्नु पनि नपरोस्।

विदेशका लागि तीन चारवटा कार्यक्रम तय भइसकेकाले यस पटकको दसैं उनी हङकङ र जापानमा मनाउने तयारीमा छन्। त्यहाँका नेपालीहरूले दसैं नमीठो नमानून् भनेर यस पटक विशेष गीतिकोसेली लिएर जाँदै छन्- *लाहुरेलाई चाडबाड नआएकै जाती*। परदेशबाट छोरो फर्कन भन्ने आमाको गुनासोसहितको गीत पनि उनले त्यहाँ पस्कनेछन् र विदेशीभूमिमै मर्छु क्यारे भन्ने परेकाहरूलाई सान्त्वना दिनेछन्- *विस्तारै छायो आँखामा अँधेरो* गाउँदै।

छोटो समयमा धेरै किसिममा र विविधतापूर्ण गीत गाएका कर्ण दासको सामाजिक चेत नै उनलाई दीर्घजीवी बनाउने ठूलो अस्त्र हो र अहिलेको पुस्ताका धेरै गायकहरूले कर्ण दासबाट सिक्नु पर्ने पाठ पनि यही हो।

■ अच्युत कोइराला/काठमाडौं

तस्वीर : तेजबहादुर बस्नेत


# नयाँ अवतारमा

**उद्यमी, व्यापारी** र समाजसेवीका रुपमा परिचित हुलासचन्द्र गोल्छाले रोटरी क्लब अफ काठमाडौं, थापाथलीको ठूलो हलमा आफैंले आफैंलाई नयाँ अवतारमा घोषणा गरे । भदौ ५ मा आयोजित एक विशेष कार्यक्रममा हुलासचन्द्र गोल्छाले भने, 'मलाई लाग्छ, हुलास गोल्छाको नयाँ अवतार भएको छ कविका रुपमा ।'

उनको कवि नाम हुलास गोल्छा न्वारान पनि गरियो र पहिलो कविता संग्रह 'योगक्षेम' प्रतिनिधिसभाकी उपसभामुख चित्रलेखा यादवले विमोचन गरिन् । राष्ट्रकवि माधव घिमिरे र कालीप्रसाद रिजालका लगायत वरिष्ठ साहित्यकारहरूले ताली बजाए, साक्षी बने । कवि तुलसी दिवस गोल्छा साहित्य फाँटमा आएकोमा स्वागत गर्दै थिए । दिवसले कुनै पनि कवि र कवितालाई अरूसँग तुलना गरेर हेर्न नहुने जिकिर गर्दै गोल्छाको मूल्यांकन गरे, 'चेतनाका कवि, विचारका कवि ।'

योगक्षेममा गोल्छाले, राष्ट्रगीत, कविता, मुक्तक, संवाद, आरती जस्ता साहित्यका विविध विधा अटाएका छन् । आफ्ना गुरु, आमा, बाबु, बुहारीका बारेमा पनि कवितात्मक रचना प्रस्तुत गरेका छन्, पुस्तकमा । राजनीति र राष्ट्रभावबाट प्रेरित कविताहरूको माझमा आफ्नै उद्यम, व्यापार दुनियाँको अनुभव पेस गर्न पनि पछि परेका छैनन् उनी । पुराना उद्यमी गोल्छाको 'महिमा नव्य–भगवती' शीर्षकको कविताबाट उनले अहिलेको विज्ञापन दुनियाँको प्रभाव र उपस्थितिको चर्चा गरेका छन् ।

अनुवाद साहित्यमा पहिल्यैदेखि परिचित गोल्छाले कवि अवतार पाएकै दिन आश्वस्त पारे, 'मेरो हिन्दी कविताहरूको सँगालो प्रकाशित हुने प्रक्रियामा छ ।' रचनाहरू प्रकाशन र प्रचार गर्न समस्या नपर्ने उद्यमी गोल्छाको साहित्यिक यात्रा सुरु भएको छ, सत्तरीको उमेरमा किशोरावस्थादेखिको सपना पूरा गर्न । ■


समय


तेजबहादुर बस्नेत

# साहसिक यात्री

धादिङका ३० वर्षीय रामहरि सिलवाल मेलम्चीदेखि बंगालको खाडीसम्मको जलयात्रामा निस्किएका छन् । यसका लागि उनले एकजना मात्र चढ्न मिल्ने सानो बोट, जसलाई कायाकिङ भनिन्छ, त्यसको प्रयोग गर्नेछन् । यो साहसिक यात्रामा उनीसँगै अर्का जलयात्री इन्द्र राई पनि निस्किएका छन् । १५ वर्षदेखि जलयात्रामा सरिक सिलवाल यो यात्राले प्राकृतिक स्रोतप्रति सकारात्मक भावना अभिवृद्धि गर्न सहयोग पुऱ्याउने बताउँछन् । उनी भन्छन्, 'यसका साथै मानवता र बन्धुत्व भावना पनि यात्राको उद्देश्य हो ।' सिलवालले यसअघि सप्तकोसीमा कायाकिङबाट यात्रा पूरा गरिसकेका छन् । त्यसो त नेपालकै ठूलो नदी सप्तकोशीमा कायाकिङ गर्ने उनी पहिलो नेपाली हुन् । उनले फ्रान्स, नर्वे, स्विडेनलगायतका मुलुकमा समेत गएर कायाकिङसम्बन्धी प्रशिक्षण दिएका छन् । जलयात्राको क्रममा देखिएका दृश्यलाई क्यामेरामा कैद गरेर वृत्तचित्र बनाउने योजना छ, उनको । मेलम्चीपछि इन्द्रावती, सुनकोशी, तामाकोशी, दूधकोशी, अरुण, तमोर र भारतको गंगा हुँदै बंगलादेशको बंगालखाडीमा पुगेर जलयात्रा समापन गर्ने उनी बताउँछन् । क्लाइम्बिङ, माउन्टेन बाइकिङलगायत रोमाञ्चक खेलका सोखिन सिलवालले अहिलेसम्म ८ सय किमि जलयात्रा पूरा गरिसकेका छन् । उनी भन्छन्, 'यस्ता रोमाञ्चक खेलको विकास गर्न सक्ने पर्यटन उद्योगमा टेवा पुग्नेछ ।'





युवराज घिमिरे

# उपेक्षा गर्नु हुँदैन कूटनीतिमा आफ्नो शक्ति र अर्काको संवेदनशीलता

**जंगलतर्फ नफर्कने** अठोट दोहोर्‍याउँदै गर्दा माओवादी नेतृत्वले सम्भवतः एउटा सकारात्मक सन्देश दिन सफल भएको छ । त्यो हो अन्ततोगत्वा उनीहरू प्रतिस्पर्धात्मक संसदीय धारको राजनीतिमा आउन इच्छुक मात्र हैन, दृढ पनि छन् । सात दलमा व्याप्त द्विविधा र मौजुदा अराजकताले निकै हदसम्म माओवादीलाई सत्ता पक्षमाथि आफ्नो 'एजेन्डा' हावी बनाउन अवसर हासिल भएको छ । यद्यपि, त्यसले माओवादीलाई दीर्घकालीन राजनीतिक फाइदा पुर्‍याउनेछैन ।

किनकि जुन संसदीय राजनीतिलाई स्विकार्ने प्रतिबद्धता माओवादीहरूले व्यक्त गरेका छन्, त्यसका लागि उनीहरूले स्पष्टरुपमा आफ्नो सकारात्मक एजेन्डा जनतासमक्ष पुर्‍याउन सफल त हुनु नै पर्छ । र, त्यो एजेन्डा स्थापित गर्ने राजनीतिक प्रक्रियामा बन्दुकको भूमिकालाई उनीहरूले छोडेको मात्र हैन, विरोध गरिसकेको तथ्यबारे पनि जनता आश्वस्त हुन सक्नु पर्छ । बन्दुक छोड्ने प्रतिबद्धता व्यक्त गरेको तर बन्दुक भिरिरहेकै अवस्थाका माओवादी नेतृत्व नैतिकरुपमा सबभन्दा बढी कमजोर मानिनेछन् । जनताको सर्वोच्चता व्यवहार र सिद्धान्तमा स्विकार्दै चुनावको सामना गरेपछि माओवादीको रुपान्तरण हुनेछ, सही अर्थमा जनताका प्रतिनिधि दलका रुपमा ।

सिद्धान्ततः संसदीय धारमा समाहित हुने सार्वजनिक बयानपछि यता आएर माओवादी नेतृत्वले विद्यमान विश्व व्यवस्थाबारे पनि टिप्पणीहरू गर्न थालेका छन् । त्यो एउटा सकारात्मक पक्ष हो । संसदीय धारलाई स्विकारेको र हिंसालाई त्यागेको अवस्थामा अन्तर्राष्ट्रिय संस्थाहरूमात्रै हैन, विद्यमान प्रक्रिया सुधार गर्नमा योगदान पुर्‍याउने हक पनि राख्छन् उनीहरू । त्यस्तै मुलुकको द्विपक्षीय या बहुपक्षीय कूटनीतिक सम्बन्धका बारेमा उनीहरूको मान्यता सार्वजनिक हुनु पनि आवश्यक छ । किनकि राजनीतिक विमतिका बीच पनि मुलुकका वैदेशिक मामिलामा समान मतको निर्माण गर्ने परम्परा सफल प्रजातन्त्रमा अपनाइने गरिन्छ ।

भूमिगत राजनीतिबाट सार्वजनिक हुने क्रममा माओवादी अध्यक्ष प्रचण्डले एकपछि अर्को अन्तर्वार्ता दिँदै आएका छन् । त्यो उनको वर्तमान र भावी राजनीतिक रणनीतिको संयन्त्रको रुपमा पनि आएको छ । 'बुर्जुवा' सञ्चारमाध्यमहरूको प्रश्न अक्सर मैत्रीपूर्ण पनि थिए पहिलो चरणका अन्तर्वार्ताहरूमा । यता आएर प्रचण्डले अलग प्रवृत्तिका र खासगरी नेपालका छिमेकीसँगको सम्बन्धबारे टिप्पणी गरेका छन्, बिबिसी नेपालका सुशील शर्मासँगको हालैको अन्तर्वार्तामा ।

भारतको सबभन्दा बढी संवेदनशील मानिने कश्मीर विवादमाथि टिप्पणी गर्दै प्रचण्डले जनमत संग्रहमा कश्मीरको भविष्य निर्णय गरिनु पर्ने बताएका छन् । कश्मीरका साथै समस्त उत्तरपूर्वी भारतीय राज्यहरूमा पनि जनतालाई आत्मनिर्णयको अधिकार हुनु पर्ने उनले आफ्नो धारणा राखेका छन् । 'आत्मनिर्णयको अधिकार भन्नासाथ राज्यबाट अलग्गिने होइन' भने पनि आत्मनिर्णय के हो त ? उनले स्पष्ट पारेका छैनन् । त्यस्तै तिब्बतको बारेमा उनको धेरै नरम टिप्पणी छ, 'तिब्बतमा पनि जनतासँग आत्मनिर्णयको अधिकार हुनु पर्छ । तर, हाम्रो विचारमा चीनले तिब्बतलाई दिएको स्वायत्तता तिब्बती जनताको चाहनाअनुरुप छ ।'

भारतको सबभन्दा बढी संवेदनशील मानिने कश्मीर विवादमाथि टिप्पणी गर्दै प्रचण्डले जनमत संग्रहमा कश्मीरको भविष्य निर्णय गरिनु पर्ने बताएका छन् । कश्मीरका साथै समस्त उत्तरपूर्वी भारतीय राज्यहरूमा पनि जनतालाई आत्मनिर्णयको अधिकार हुनु पर्ने उनले आफ्नो धारणा राखेका छन् । 'आत्मनिर्णयको अधिकार भन्नासाथ राज्यबाट अलग्गिने होइन' भने पनि आत्मनिर्णय के हो त ? उनले स्पष्ट पारेका छैनन् ।

नेपालको सन्दर्भमा अमेरिका र भारत सम्भवतः कुनै 'साझा योजनाअन्तर्गत नेपाल आउन खोजेको' आशंका पनि उनको छ । राजालाई बचाउनु पनि दुवैको एजेन्डा भएको तर्क उनले दिएका छन् ।

अन्तरिम सरकारमा जानुपूर्व हतियार व्यवस्थापन (समर्पण) हुनुपर्छ भनी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आफ्नो अडानबारे अवगत गराउँदै आएका अमेरिका र भारतबारे प्रचण्डको आक्रोश बुझ्न सकिन्छ । तर, दक्षिणमा आत्मनिर्णयको अधिकारको माग राखेर प्रचण्डले भोलिको राजनीतिमा भारतलाई चिढाउने मात्र हैन, नेपालसँग सरोकार राख्ने तर यदाकदा वास्तविकताबाट टाढिएको भारतीय सुरक्षा अवधारणाअन्तर्गत नेपालप्रतिको भारतको आशंकालाई वैधानिकता दिन सक्छ । नेपालमा छिट्टै अन्तरिम सरकारमा सामेल हुन सक्ने र संविधानसभा तथा त्यसपछिको निर्वाचनमा बहुमत हासिल गरी सत्तामा नियन्त्रण गर्न सक्ने माओवादी भारतका केही संवेदनशील राज्यहरूमा 'आत्मनिर्णयको अधिकार'को पक्षधर छ भने, त्योप्रति भारत मात्र हैन, चीन अवश्य पनि गम्भीर हुनेछ । र, त्यसको प्रतिक्रिया नेपालका लागि सुखद हुनेछैन ।

प्रचण्डले रणनीतिकरुपमा यो टिप्पणी अभिव्यक्त गरेका हुन् भने त्यसको मुख्य उद्देश्य के हुन सक्छ ? पहिलो, गत मंसिरमा सात दलसँग बाह्रबुँदे सहमतिमा माओवादी पुग्दा भारतको संस्थापन पक्ष संलग्न भएकाले अब आफू भारतीय प्रभावमा नरहेको प्रमाण दिन चाहन्छन् । दोस्रो, नेपालका अधिकांश दलहरू खास गरी नेपाली कांग्रेस, एमाले र कांग्रेस (प्रजातान्त्रिक) तथा दरबार भारत-अमेरिकापरस्त छन् र 'हामी मात्र स्वतन्त्र र राष्ट्रवादी हौं' भन्ने प्रमाण दिन चाहन्छ, माओवादी । र, तेस्रो स्वभाविकरुपमा 'हाम्रो प्रभाव नेपालमा मात्र हैन, भारतको भूभागमा पनि भएकाले हाम्रो शक्तिलाई चिन' भन्ने सन्देश हो दक्षिणका लागि माओवादीको । तर, भूमिगत तथा सशस्त्र आन्दोलनको अवस्थामा बोलिने भाषाले केही प्रतिक्रिया नतिम्त्याए पनि सम्भावित सरकारका रुपमा प्रचण्डले बोलेका कुराले अवश्य पनि गम्भीर प्रतिक्रिया जन्माउनेछ ।

अहिलेसम्म संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय जगत्सँग सरोकार नराखेको माओवादीले हतियार र सेना व्यवस्थापन तथा युद्धविराम र वार्ताताका मानवअधिकार अनुगमनका लागि राष्ट्रसंघलाई निम्त्याएर आफ्नो अलग टापुको राजनीति (आइसोलेसन)बाट आफूलाई मुक्त गर्ने प्रक्रियामा ऊ लागेको देखिन्छ । तर, छिमेकीहरूकै संवेदनशील विषयमा टिप्पणी गर्नुअघि माओवादी नेतृत्वले एउटा कुरा सोच्नु आवश्यक छ - के भोलि हामी सत्तामा पुगेको अवस्थामा कश्मीर र तिब्बतमा जनमतसंग्रहको पक्षमा बोल्न सक्छौं ?

अमेरिकासँगको 'पिङपङ डिप्लोमेसी'को जश निक्सन-किसिङरलाई दिइए पनि त्यसमा माओ र चाउ-एन-लाईको भूमिका कम थिएन । विश्वस्तरमा आफ्नो दुस्मन मानिएको अमेरिकासँगको सम्बन्ध विस्तार सैद्धान्तिक प्रतिबद्धतामा आधारित थिएन । बरु, त्यो त्यस बेलाको भू-राजनीतिक तथा अन्तर्राष्ट्रिय शक्ति समीकरणका हिसाबले निश्चय पनि आवश्यक थियो । नेपाली माओवादी नेतृत्वले यो यथार्थ स्वीकार गर्न सिक्नु पर्छ । ■